



मल्लरानी गाउँपालिका, प्यूठान

लुम्बिनी प्रदेश,नेपाल

# मल्लरानीको परिचय





## स्थानीय पाठ्यक्रम आधारभुत तह १ - ५

मल्लरानी गाउँपालिका, प्यूठान

# मल्लरानीको चिनारी

## स्थानीय पाठ्यक्रम  आधारभूत तह (कक्षा १–५)

## मल्लरानी गाउँपालिका प्युठान

## २०७८

प्रकाशक: मल्लरानी गाउँपालिका, खलंगा प्यूठान

मुद्रक: पौरखी अफसेट प्रेस

आवरण डिजाइन: ध्रुब गिरी

## स्थानीय पाठ्यक्रम  आधारभूत तह (कक्षा १-५)

### पाठ्यक्रम निर्माण कार्यदल

संयोजक : दिनामणि पौडेल

सदस्य : बासुदेव पण्डित

सदस्य : कल्पना खड्का

सदस्य : ध्रुव गिरी

सदस्य : बसन्तलाल शाक्य

सल्लाहकार : अमरध्वज राना मगर :-अध्यक्ष गाउँपालिका

सल्लाहकार  शरिता जि.स. :-उपाध्यक्ष मल्लरानी गा.पा.

सल्लाहकार : बालकृष्ण थापाः- प्रमुख प्रशासकीय अधिकृत मल्लरानी गा.पा.

प्राविधिक सहयोग : युवराज अधिकारी :-अधिकृत पाठ्यक्रम विकास केन्द्र

# स्थानीय पाठ्यक्रम  आधारभूत तह (कक्षा १-५)

## हाम्रो भनाइ

आधारभूत तह पाठ्यक्रममास्थानीय स्तरका आवश्यकताहरु राष्ट्रिय पाठ्यक्रमले समेट्न नसक्ने भएको कारण स्थानीय आवश्यकताहरुलाई समावेस गरेर स्थानीय पाठ्यक्रम  निर्माण गरी पठन पाठन गर्नु पर्ने व्यवस्था गरिएको छ । सोही अनुसार मल्लरानी गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रम निमार्ण गरेर पठन पाठन गर्ने आवश्यकतालाई  महशुस गरी मल्लरानी गाउँपालिकाको कार्यपालिका बैठकबाट दिनामणि पौडेलको संयोजकत्वमा ५ सदस्यीय पाठयक्रम  निर्माण कार्यदल गठन गरी  जिम्मेवारी दिइएको थियो । आफूले पाएको जिम्मेवारी अनुरुप कार्यदलको पहिलो बैठक बसेर स्थानीय पाठयक्रमको विषय **मल्लरानीको परिचय** छनोट गरियो । दोस्रो कार्यदलको बैठकबाट विषयवस्तु छनोट गरेर प्रधानाध्यापकहरुको बैठकमा छलफल गराइ आवश्यक परिमार्जन गरियो । यसरी पटक- पटकको बैठक तथा भर्चुअल बैठकबाट काम अगाडि बढाउँदै तहगत सक्षमताको निर्धारण गरियो । तहगत सक्षमता निर्धारण गरेपछि मस्यौदा निर्माणका लागि कोटेसन मार्फत ग्रीन सोलुसन प्रा.लि लाई जिम्मा दियौं । फर्मलाई जिम्मा दिएपनि पाठ्यक्रम विज्ञसंग निरन्तर सल्लाह सुझाव लिंदै फर्मले तयार गरेको मस्यौदा माथिपटक -पटक सरोकारवालाहरु संग छलफल गरेर पाठ्यक्रमलाई अन्तिमरुप दिई कार्यपालिकाबाटस्वीकृत गराइ छपाइ गरी कार्यान्वयनमा ल्याइएको छ । यो पाठयक्रम पालिकाको पहिलो पाठ्यक्रम भएको हुँदा अझै पूर्ण छैन । यसको गहन अध्ययन गरी सवै सरोकारवालाहरुले  अमुल्य सुझावहरु दिनुभयो भने यहाँहरुका सुझावहरुलाई पाठयक्रममा समावेस गर्ने छौं ।यसपछि हामी कक्षा ६-८ को पाठ्यक्रम र कक्षा १ देखि क्रमशःपाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याउने कुरा समेत अवगत गराउछुं । यो पाठ्यक्रम विद्यालय शिक्षाको गतिसिल दस्तावेज भएकोले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यो कार्यदल पाठयक्रम प्रयोगकर्ता लगायत सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त गर्ने अपेक्ष गरेको छ ।

अन्तमा यो पाठ्यक्रम निमार्ण कार्यमा अथकरुपमा  सुरुदेखि अन्त्यसम्म खटिई आफ्नो योगदान दिनुहुने कार्यदलका सम्पूर्ण साथीहरुलाई  धन्यवाद दिन चाहन्छु । त्यसमा पनि कार्यदलका सदस्य श्री ध्रुव गिरी सर विशेष धन्यवादका पात्र हुनुहुन्छ  । त्यसैगरी महत्वपूर्ण सल्लाह सुझावहरु दिइ पाठ्यक्रम निर्माणमा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षक महासंघ र महासंघमा आवद्ध शिक्षकका पेशागत संस्थाका प्रमुख तथा प्रतिनिधिहरु प्रति यो कार्यदल आभार ब्यक्त गर्दछ ।

दिनामणि पौडेल
संयोजक
पाठ्यक्रम निर्माण कार्यदल
मल्लरानी गाउँपालिका

# स्थानीय पाठ्यक्रम आधारभूत तह (कक्षा १-५)

## अध्यक्षको भनाई

नेपाल विविधताले भरिपूर्ण मूलुक हो । विविधताको सम्मान, विकास, प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्ययम भनेको शिक्षा हो । शिक्षाको विकास विना अन्य पक्षको विकास सम्भव छैन । यसरी हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो ।समग्र शिक्षा प्रणलीलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्ने नागरिकको हकलाई सहज वनाउन सकियोस भनेर हामीले आ.व.२०७४/०७५ देखिनै विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं । अरु क्षेत्रको विकास जस्तो शिक्षा क्षेत्रको विकास तुरुन्तै प्रतिफल दिने खालको हुंदैन । तर पनि हामिले योजनाबद्धरुपमा शैक्षिक विकासका कार्यहरु गर्दै गयौं भने भावि सन्ततिले यसको प्रतिफल हासिल गर्न सक्छन भन्ने मान्यता अनुरुप पालिका भित्रका विद्यालयहरुको शैक्षिक अवस्थालाई हेर्दा विविध समस्याहरु भएतापनि शिक्षक दरवन्दी न्यून हुनु मुख्य कारण भएको महशुस गर्दै विद्यालयहरुमा शिक्षकको व्यवस्थापन, विद्यालयहरुमा सामग्री व्यवस्थापन, शिक्षकको क्षमता विकास, शिक्षक सम्मान लगायतका कार्यक्रमहरु सञ्चालन गरेर शिक्षा क्षेत्रमा केही सुधार ल्याउने प्रयत्न गरिएको छ । यी कुराहरुको व्यवस्थापन गर्दै जाने क्रममा आधारभूत तह पाठ्यक्रम २०७६ मा व्यवस्था भए अनुरुप कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण गरी २०७८ बाट कार्यान्वयनमा ल्याउन पाउँदा मलाई खुसी लागेको छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात त्यसको प्रभावकारी कार्यान्वयनमा विद्यालयहरुले यसलाई कार्यान्वियन गर्दै जाने, स्थानीय तहले आवश्यक अनुगमन गर्ने र आवश्यकता अनुसार समयानुकुल बनाउँदै लैजाने हो भने यसको प्रभावकारिता अझै वढेर जाने मेरो विश्वास छ ।

स्थानीय पाठ्यक्रम निर्माण गर्दा राष्ट्रिय पाठ्यक्रमले समेटन नसकेका तर स्थानीय स्तरका आवश्यकताहरु समेटेर बनाउनु पर्ने भएकोले स्थानीय आवश्यकताका आधारमा हाम्रो पहिचान , हाम्रो वातावरण, हाम्रा सम्पदा, स्थानीय पेशा व्यवसाय र प्रविधि, स्थानीय व्यक्ति तथा संस्थाहरु र विपद जस्ता विषयवस्तुलाई समावेस गरेर समावेसी तथा सबैको अपनत्व महशुस हुने खालका विषयवस्तुहरु समावेस गरी स्थानीय पाठ्यक्रमको मुल मर्मलाई आत्मसाथ गर्दै रैथाने ज्ञान फैल्याई सीप, अभ्यास र परम्पराको जगेर्ना, संरक्षण, विकास र प्रचारप्रसारका लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक छ । आफ्नो जन्मभूमी र स्थानीय परिवेसका विविध पक्षका बारेमा यथोचित जानकारी लिंदै आफ्नै माटोमा केही गरौं भन्ने भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ ।

सिकारुको आवश्यकता र अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यक्रमले मल्लरानीको पहिचान कायम राख्न सहयोग पुग्ने भन्ने अपेक्षा लिएको छुँ । स्थानीय स्रोत, साधन र सम्भावनालाई समेत आधार वनाई रैथाने ज्ञान, सीप र अभिबृत्तिको विकासमा यो पाठ्यक्रम एक मार्गदर्शक सावित हुने छ ।

मल्लरानी गाउँपालिकाले आफ्नो परिवेश अनुरुपस्थानीय पाठ्यक्रम निर्माण गरेर कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्यज्यूहरुलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । पालिकाले सुम्पेको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै पाठ्यक्रम निर्माण गरी कार्यान्वयन योग्य बनाउनु भएकोमा म अत्यन्तै हर्षित छु । यस पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन शिक्षकमहासंघ, शिक्षकका प्रतिनिधिमुलक संघ/संगठन, मल्लरानीका सर्म्पूण विद्यालयका प्रधानाध्यापक ,विद्यालय ब्यवस्थापन समिति लगायत सम्पूर्ण सरोकारवालाहरुलाई म हार्दिक अनुरोध गर्दछु र कार्यान्वयनका लागि सहजिकरण गर्न समेत प्रतिबद्धता ब्यक्त गर्दछु । पाठ्यक्रम आफैमा एक गतिशील दस्तावेज भएकोले आवश्यकता अनुसार यसको समसामयिक परिमार्जन हुँदैजाने व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

अमरध्वज राना मगर
अध्यक्ष
मल्लरानी गाउँपालिका

## स्थानीय पाठ्यक्रम आधारभूत तह (कक्षा १-५)

नेपाल एउटा विविधताले भरिपूर्ण मूलुक हो । भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधता नै यस देशका प्रमुख विशेषता हुन् । यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी विकसित पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सिप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्तैन भन्ने यथार्थता अनुरूप स्थानीय पाठयक्रमको अवधारणा आएको हो । यसैसन्दर्भमा राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ विकास तथा कार्यान्वयनमा आइसकेको परिप्रेक्ष्यमा यसको औचित्य प्रमाणित भएको छ । त्यसैगरी नेपालको हालको संविधानले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेकाले पनि स्थानीय तहको अगुवाईमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता हो ।

स्थानीय आवश्यकता तथा विषयवस्तु, स्थानीय सहभागिता र विज्ञताको प्रयोग गरी स्थानीयस्तरमा विकास र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ । तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठामा पुऱ्याउँछ र विद्यार्थीहरुले यी विविध पक्षहरुमा आवश्यक पर्ने ज्ञान, सिप, अभिवृद्धिको प्रयोग गर्दछन् । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय, प्रविधि, विपद् व्यवस्थापन, वातावरण संरक्षण आदि विषयहरू समावेश गरिन्छ ।

वर्तमान राष्ट्रिय पाठयक्रम प्रारूप २०७६ ले तय गरेको विद्यालय तहको पाठयक्रमको संरचना अन्तर्गत आधारभूत तहको कक्षा १ देखि ३ सम्म साप्ताहिक ५ पाठ्यघण्टा र कक्षा ४ देखि ८ सम्म साप्ताहिक ४ पाठ्यघण्टाको विषयवस्तुलाई समेटेर मातृभाषा वा स्थानीय विषयको पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्न सकिने प्रावधान राखेको छ । यस सिलसिलामा प्यूठान जिल्लाको मल्लरानी गाउँपालिका अन्तर्गतका विद्यालयहरुका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा गठित गाउँ शिक्षा समितिले गठन गरेको स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको वैठक वसी मल्लरानी गाउपालिकालाई स्पष्टरुपमा चिनाउने र प्रयोग गर्ने विषयवस्तु र क्षेत्रहरु के के हुन सक्छन भनी व्यापक छलफल गरी सबै विद्यालयका प्र.अ.हरुको बैठकद्धारा स्थानीय पाठ्यक्रम विकासको लागि विषयवस्तु र क्षेत्र निर्धारण गरियो ।

यस पाठ्यक्रमले मल्लरानी गाउँपालिकाको विशिष्ट पहिचान दिनेछ भन्ने आशा राखिएको छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाँउ, समाज र पालिकाको वस्तुनिष्ठ ज्ञान र सिप हासिल प्राप्त गर्नेछन र यहाँका मानिसहरुको आहार विहार अनि स्वास्थ्य अवस्था, प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक बिपत्तीहरूका बारेमा समेत पहिचान गर्नेछन् । यसका अलावा हरित विद्यायल र वातावरण संरक्षण तथा स्थानीय पेसा, व्यवसाय, प्रविधिहरु तथा आर्थिक क्रियाकलापहरुको समेत ज्ञान, सिप र अभिवृत्तिको विकास गर्न समेत यस पाठ्यक्रमले जोड दिइएको छ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वयनले यस मल्लरानी गाउँपालिकाको भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरूलाई स्थानीय परिवेशको सबै पक्षको पहिचान गराई सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणा समेत प्रदान गर्नेछ भन्ने आशा गरिएको छ ।

२. तहगत सक्षमता (कक्षा १-३)

कक्षा ३ को अन्तमाबालबालिकाहरु निम्न कार्य गर्न सक्षम हुनेछन् ।

## स्थानीय पाठ्यक्रम  आधारभूत तह (कक्षा १-५)

१. स्थानीय संरचना तथा पालिकाभित्रका भौगोलिक स्वरुपहरुको आधारभूत जानकारी र नक्सांकन

२. वरपरको वातावरणमा रहेका वस्तुहरुको पहिचान, वातावरण सरसफाइ र संरक्षणप्रति तत्परता

३. मल्लरानी गाउपालिकाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय सम्पदाको पहिचान, महत्वबोध, संरक्षण

४. स्थानीय पेसा, व्यवसाय र प्रविधिहरुको पहिचान, महत्वबोध र प्रयोग

५. शिक्षा, स्वास्थ्य, सामाजिक क्षेत्रको विकासमा विशिष्ट योगदान पुऱ्याएका स्थानीय व्यक्तिहरु र संस्थाहरुको पहिचान र योगदानको सम्मान

६. स्थानीय स्तरमा सम्भावित मानव सिर्जित तथा प्राकृतिक विपदहरुको पहिचान, सचेतता र सावधानी

**तहगत सक्षमता ( कक्षा ४-५)**

**कक्षा ४ र ५ को अन्तमा बालबालिकाहरु निम्न कार्य गर्न सक्षम हुनेछन् ।**

१.  स्थानीय सरकारको परिचय, गठनविधि र कार्यको जानकारी हासिल

२. वरपरको वातावरणमा पाइने जिवजन्तु तथा वनस्पतिको पहिचान, महत्व बोध, वातावरण सरसफाइ र संरक्षणप्रति तत्परता

३. मल्लरानी गाउपालिकाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक पर्यटकीय स्थलहरुको महत्व बोध, संरक्षण र प्रयोग

४. स्थानीय पेसा, व्यवसाय र प्रविधिहरुको महत्व बोध, सहभागीता र प्रयोग

५. शिक्षा, स्वास्थ्य, सामाजिक क्षेत्रको विकासमा विशिष्ट योगदान पुऱ्याएका संस्थाहरुको परिचय र योगदानको सम्मान

६. स्थानीय स्तरमा सम्भावित मानव सिर्जित तथा प्राकृतिक विपदहरुको परिचय, सचेतता र सावधानी अवलम्बन

# स्थानीय पाठ्यक्रम आधारभूत तह (कक्षा १-५)

## सिकाई उपलब्धी कक्षा १-५

| क्र. स. | क्षेत्र/एकाइ/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १ | मल्लरानीको परिचय | • आफू बसोबास गर्ने वडाको परिचय दिन (नाम, वडा नं, वडाभित्रका टोल)<br>• गाउपालिकाको नाम बताउन<br>• आफुले पढने विद्यालयको ठेगाना( स्थान ) बताउन<br>• वडा भित्रका विद्यालयहरुको संख्या बताउन<br>• विद्यालय तथा आफू बसोबास गर्ने वडाको भौगोलिक स्वरुप चिन्न | • आफ्नो टोल, विद्यालय, समुदाय रहेको ठाउँको भौगोलिक स्वरुप पहिचान गर्न<br>• गाउपालिकाका वडा न.र ठेगाना बताउन<br>• आफनो वडाको नक्सामा विद्यालयको अवस्थिति पहिचान गर्न<br>• वडाका पदाधिकारीहरुको नाम बताउन<br>• गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम बताउन | • आफू बसोबास गर्ने वडाको प्राकृतिक स्वरुप पहिचान गर्न<br>• आफनो वडाको सामान्य आकृति कोर्न र महत्वपूर्ण स्थलहरू देखाउन<br>• वडा अध्यक्षको सामान्य कामहरु बताउन<br>• वडा समितिको सामान्य कामहरु बताउन<br>• गाउँ कार्यपालिकाको वनोट बताउन<br>• गाउँपालिकाका पदाधिकारीहरुको नाम बताउन | • वडा तथा पालिकाबाट हुने सेवाहरु पहिचान गर्न<br>• गाउपालिकाको अध्यक्ष र उपाध्यक्षको काम कर्तव्य र अधिकार बताउन<br>• गाउँ कार्यपालिकाको कामहरु बताउन<br>• गाउपालिकाको भौगोलिक स्वरूप र जनसङख्या बताउन<br>• गाउँपालिकाको नक्सा निर्माण गरी सङकेतमा देखाउन<br>• आफू बस्ने गाउँ/टोल र विद्यालयको भौगोलिक अवस्थिति पहिचान गरी नक्सा कोर्न | • मल्लरानी गाउपालिकाको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङख्या र सामाजिक जनजीवनको विशेषता उल्लेख गर्न<br>• आफु बसोबास गरेको जिल्लाको नक्सा कोर्न र नक्सामा गाउपालिका देखाउन<br>• लुम्बिनी प्रदेशको नक्सा निर्माण गरी आफु बसोबास गरेको जिल्ला र गाउपालिकालाई सङकेतमा देखाउन्<br>• लुम्बिनी प्रदेश अन्तर्गतका पालिका र मुख्य स्थानहरुलाई नक्सामा हेर्न र पढन्<br>• गाउ परिषद र गाउँसभाको गठन प्रक्रिया बताउन तथा मुख्य मुख्य कामहरु बताउन<br>• न्यायिक समितिको गठन र कामहरु बताउन |
| २ | हाम्रो वातावरण | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन<br>• घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरुको पहिचान गर्न<br>• स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम बताउन | • वडा भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको नाम बताउन<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण गर्न<br>• बगैंचाको परिचय दिन<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहभागी | • गाउपालिकाका वनमा पाइने वन्यजन्तु र चराहरु पहिचान गर्न<br>• स्थानीय बोटबिरुवाहरूको परिचय दिन<br>• स्थानीय बोटविरुवाको महत्व तथा उपयोगिता बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन | • गाउपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिन र महत्व बताउन<br>• वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरुको नाम बताउन<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन | • गाउपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग र महत्व वर्णन गर्न<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी हुन<br>• गाउपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्न<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम बताउन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन<br>• फोहोरमैलाको पहिचान गर्न | हुन<br>• बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• टोलमा भएका पानीका स्रोतहरुको परिचय दिन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी हुन<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न<br>• फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) बताउन | • घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न<br>• फोहोरमैला व्यवस्थापनको परिचय दिन<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्न<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन<br>वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी हुन | • वातावरण र विकासको परिचय दिन<br>• गाउपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन, उपयोग बताउन र आवश्यकताअनुसार प्रयोग गर्न<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न फोहोरमैलाको वर्गीकरण ( ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग गर्न | समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>• गाउपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरु पहिचान गर्न<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन<br>• वातावरण संरक्षणको परिचय दिन<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी गरी अवलम्बन गर्न |

## स्थानीय पाठ्यक्रम  आधारभूत तह (कक्षा १-५)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | हाम्रा सम्पदाहरु | • स्थानीय गीतहरुको नाम र सामान्य गीत गाउने अभ्यास गर्न<br>• स्थानीय स्तरका प्रचलित नाचका नाम र सामान्य नाँच्ने अभ्यास गर्न<br>• स्थानीय स्तरमा बजाइने बाजाहरुको पहिचान गर्न<br>• आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको नाम बताउन<br>• आफ्नो घर तथा समुदायमा बनेका सामानको नाम बताउन<br>• पालिकामा रहेका मन्दिरहरुको पहिचान गर्न ( भुमे, शिवालय, गणेशथान, भगवती , गुठ कसेरी दरवार आदि)<br>• सराय नाच तथा कुलपूजाको पहिचान गर्न<br>• विभिन्न जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी) को पहिचान गर्न | • आफूलाई मन पर्ने गीत गाउने अभ्यास गर्न<br>• आफूलाई मन पर्ने नाँच नाँच्ने अभ्यास गर्न<br>• स्थानीय स्तरमा बजाइने बाजा बजाउने सामान्य अभ्यास गर्न<br>• आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको थर बताउन<br>• आफ्नो घर तथा समुदायमा निर्माण भएका सामानको प्रयोग बताउन र प्रयोग गर्न<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा ( रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी खर्कचौर मन्दिर, सिद्धथान मल्लरानी भ्रूँकिस्थान, पालुका थान आदि) को नाम बताउन<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती, गुठ कसेरी दरवार ) को परिचय दिन<br>• सराय नाच तथा कुलपूजाको परिचय दिन<br>• जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी) परिचय दिन | • आफूलाई मन पर्ने गीतलाई लयमा गाउन<br>• गीत र तालमा लय, भाव र तालअनुसार नाँच्ने अभ्यास गर्न<br>• स्थानीय बाजा बजाउने अभ्यास गर्न<br>• स्थानीय जातजातिका रीतिरिवाज बताउन<br>• आफूले सिकेका गीतहरूमा लय, ताल, भाव र चाल मिलाई एकल र सामूहिक नृत्य गर्न<br>• घर वा समुदायमा निर्मित सामानका विशेषता बताउन<br>• आफनो् वडाको सामाजिक रहनसहन बताउन<br>• आफ्नो पालिकामा रहेका ऐतिहाँसिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी भ्रूँकिस्थान, पालुका थान) को परिचय दिन<br>• पालिकामा रहेका मन्दिरहरु भुमे, शिवालय, गणेशथान, भगवती, गुठ कसेरी दरवार ) को महत्व बताउन<br>• सराय नाच तथा कुलपूजाको महत्व बताउन<br>• जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी)को महत्व वताउन | • स्थानीयस्तरका बालगीत गाउन<br>• स्थानीय वा प्रचलित कुनै मातृभाषाका गीतहरु समूहमा लय मिलाई गाउन<br>• स्थानीय बाजाहरूमध्ये कुनै दुई बाजाहरु बजाउने अभ्यास गर्न<br>• स्थानीय गीत वा मातृभाषाका गीत वा बालगीत मध्ये कुनै एक गीतमा लय र तालमा हाउभाउसहित नृत्य गर्न<br>• आफ्नो पालिकामा रहेका ऐतिहाँसिक, धार्मिक तथा प्रयटकीय सम्पदा ( रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी भ्रूँकिस्थान, पालुका थान) को परिचय र महत्व बताउन<br>• पालिकामा रहेका मन्दिरहरु ( भुमे, शिवालय, गणेशथान, भगवती, गुठ कसेरी दरवार ) को संरक्षण र प्रवर्धन गर्ने उपायहरु बताउन र सहभागी हुन<br>• सराय नाच तथा कुलपूजाको संरक्षणका तरिका वताउन जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी)को संरक्षणका उपाय वताउन | • जिल्ला तथा प्रदेशस्तरका प्रचलित गीतहरु गाउने अभ्यास गर्न<br>• स्थानीय बाजाहरूको सामान्य परिचय दिन र बजाउने अभ्यास गर्न<br>• कक्षामा आफूले गाउन सिकेका कुनै गीतमा बज्ने काललाई ताल वाद्य र तालीमा अभ्यास गर्न<br>• आफनो कक्षामा गाउन सिकेको स्थानिय गीत वा मातृभाषाका गीत वा बालगीतमा लय र तालमा हाउभाउसहित नृत्य गर्न<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा प्रयटकीय सम्पदा ( रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी भ्रूँकिस्थान, पालुका थान, गुठ कसेरी दरवार ) को संरक्षण र प्रवर्धन गर्ने उपायहरु बताउन र सहभागी हुन<br>• मल्लरानी गाउपालिका भित्रका पर्यटकीय स्थलहरुको परिचय दिन, महत्व र प्रवर्धन गर्ने उपाय बताउन<br>• सराय नाच तथा कुलपूजाको प्रवर्धन गर्ने तरिका वताउन<br>• जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी) अभिनय गर्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | • घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नवालीहरु पहिचान गर्न (मकै, गहुँ, धान, जौं, कोदो, फापर)<br>• घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरु पहिचान गर्न (आलु, गोलभेंडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि) | • घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नवालीहरु परिचय दिन (मकै, गहुँ, धान, जौं, कोदो, फापर)<br>• घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरु पहिचान गर्न (आलु, गोलभेंडा काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पहिचान गर्न (मौरी पालन, बाखा पालन, कुखुरा पालन, वंगुर पालन)<br>• स्थानीयस्तरका पेशा व्यवसायहरुको पहिचान गर्न (सिलाइ कटाइ , ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट बन्ने सामग्री , काठका ठेकी आदि) | • घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहवालीहरुको प्रयोग र महत्व बताउन (मकै, गहुँ, धान, जौं, कोदो, फापर<br>• घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरुको प्रयोग र महत्व बताउन (आलु, गोलभेंडा ,काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि )<br>• स्थानीय स्तरका पशुपंक्षीसम्बन्धी व्यवसायहरुको परिचय दिन (मौरी पालन, बाखा पालन, कुखुरा पालन, वंगुर पालन)<br>• स्थानीयस्तरका पेशा व्यवसायहरुको परिचय दिन ( सिलाइ कटाइ , ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी आदि)<br>• स्थानीय परम्परागत प्रविधिको पहिचान गर्न (ढीँकी, जाँतो, पानीघटट् , पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) | • घरमा खेती गरिने अन्नवालीहरुको उत्पादनमा सहयोग गर्न (मकै, गहुँ, धान, जौं, कोदो, फापर<br>• घर तथा विद्यालयमा उत्पादन गरिने तरकारीहरुको उत्पादनमा सहयोग गर्न (आलु, गोलभेंडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको महत्व र फाइदा बताउन (मौरी पालन, बाखा पालन, कुखुरा पालन, वंगुर पालन)<br>• स्थानीयस्तरका पेशा र व्यवसायहरुको महत्व र फाइदा बताउन ( सुइटर बुनाइ, टोपी बुनाइ, झोला तथा गलवन्दी बुनाइ, सिलाइ कटाइ, ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी,चुलेसी आदि)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय दिन ढीँकी, जाँतो, पानीघट्ट, पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) | • घरमा उत्पादित अन्नहरुको भण्डारण, विक्री वितरण, खरिद र संरक्षणमा सहभागी हुन (मकै, गहुँ, धान, जौं, कोदो, फापर<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको भण्डारण, खरिदबिकी र संरक्षणमा सहभागी हुन (आलु, गोलभेंडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि<br>• स्थानीय स्तरका पशुपंक्षी व्यवसायहरुको पालनमा सहयोग र सहभागी हुन (मौरी पालन, बाखा पालन, कुखुरा पालन, वंगुर पालन)<br>• स्थानीयस्तरका व्यवसायहरुको उत्पादनमा सहयोग गर्न (सिलाइ कटाइ ,बुनाइ ब्युटीपार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी,चुलेसी आदि)<br>• स्थानीय परम्परागत प्रविधिको कार्य प्रक्रिया र उपयोगिता बताउन तथा आवश्यकताअनुसार प्रविधिको प्रयोग गर्न (ढीँकी, जाँतो, पानीघटट् , पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्थानीय व्यक्ति तथा संस्थाहरुको परिचय र योगदान | • गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान गर्न जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय,जीत बहादुर नेवार)<br>• गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान गर्न ( कृष्ण प्रसाद श्रेष्ठ के.पी. मेडिकल, कालुसिंह )<br>• गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान गर्न ( वीर बहादुर राहुं , निम नारायण नकर्मी, केशर बहादुर अधिकारी, निमप्रसाद शर्मा, खगेस्वर उपाध्याय,दुर्गा प्रसाद श्रेष्ठ) | • गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय दिन ( जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय, जीत बहादुर नेवार)<br>• गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय दिन (कृष्ण श्रेष्ठ के.पी. मेडिकल कालुसिंह)<br>• गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय दिन (वीर बहादुर राहुं , निम नारायण नकर्मी, केशर बहादुर अधिकारी , निमप्रसाद शर्मा, खगेस्वर उपाध्याय,दुर्गा प्रसाद श्रेष्ठ) ) | • गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको योगदान बताउन र सम्मान गर्न (जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार) )<br>• गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको योगदान बताउन र सम्मान गर्न (कृष्ण श्रेष्ठ के.पी. मेडिकल कालुसिंह )<br>• गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको योगदान बताउन र सम्मान गर्न (वीर बहादुर राहुं , निम नारायण नकर्मी, केशर बहादुर अधिकारी , निमप्रसाद शर्मा , खगेस्वर उपाध्याय, दुर्गा प्रसाद श्रेष्ठ) ) | • गाउपालिकाको शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने संस्थाको परिचय दिन (प्युठान क्याम्पस, महेन्द्र नमुना मा.वि.खलंगा, भानुभक्त मा.वि.बर्बोट पालिका कै जेष्ठ विद्यालय शारदा मा.वि.)<br>• गाउपालिकाको सामाजिक क्षेत्रको विकासमा योगदान पुऱ्याउने संस्थाको परिचय दिन (मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, , अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च, वन महासघं र एफ.एम.रेडियोहरु)<br>• गाउपालिकाको स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याउने संस्थाको परिचय दिन प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) | • गाउपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाको योगदान बताउन र सम्मान गर्न (पूठान क्याम्पस, महेन्द्र नमुना मा.वि.खलंगा, प्राविधिक विद्यालय भानुभक्त मा.वि.बर्बोट, पालिका कै जेष्ठ विद्यालय शारदा मा.वि.)<br>• गाउपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाको योगदान बताउन र सम्मान गर्न ( मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, , अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च, वन महासघं र एफ.एम.रेडियोहरु)<br>• गाउपालिकाको स्वास्थ्य क्षेत्रमा कार्य गर्ने संस्थाको योगदान बताउन र सम्मान गर्न (प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) |
| ६ | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय | स्थानीय स्तरमा हुने विपदहरुको पहिचान गर्न आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ) | • स्थानीय स्तरमा हुने प्राकृतिक विपदहरुको परिचय दिन (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ)<br>• स्थानीय स्तरमा हुने मानवीय विपदहरुको पहिचान गर्न (सडक दुर्घटना, आगलागी) | • प्राकृतिक विपदको कारण र असर बताउन (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ)<br>• मानवीय विपद्को परिचय दिन ( सडक दुर्घटना र आगलागी लगायत) | • प्राकृतिक विपदबाट बच्ने उपायहरु बताउन ( आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ)<br>• मानवीय विपदका कारणहरु र असरहरु बताउन | • प्राकृतिक विपदबाट् बच्न विद्यार्थी, परिवार, विद्यालय र समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ)<br>• मानवीय विपद्बाट बच्ने उपायहरु पहिचान गर्न र अवलम्बन गर्न ( सडक दुर्घटनालगायत) |

## ४. विषयवस्तुको क्षेत्र र क्रम कक्षा १(३

| क्र. स. | क्षेत्र/एकाइ /विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | मल्लरानीको परिचय | • आफू बसोबास गर्ने वडाको परिचय ( वडा नं, वडाभित्रका टोल)<br>• गाउपालिकाको नाम<br>• आफुले पढने विद्यालयको ठेगाना्<br>• वडा भित्रका विद्यालयहरुको संख्या<br>• विद्यालय तथा आफू बसोबास गर्ने वडाको भौगोलिक स्वरुप पहिचान | • टोल, विद्यालय, समुदाय रहेको ठाउँको भौगोलिक स्वरुप पहिचान<br>• गाउपालिकाका वडाहरु र ठेगाना<br>• आफनो वडाको नक्सामा विद्यालयको अवस्थिति् पहिचान<br>• वडाका पदाधिकारीहरुको नाम<br>• गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम | • आफू बसोबास गर्ने वडाको प्राकृतिक स्वरुप पहिचान<br>• आफनो वडाको सामान्य आकृति निर्माण  र महत्वपूर्ण् स्थलहरू देखाउने अभ्यास<br>• वडा अध्यक्षको काम वताउन<br>• वडा समितिका कामहरु<br>• गाउँ कार्यपालिकाको गठन प्रक्रिया<br>• गाउँपालिकाका पदाधिकारीहरुको नाम | २० |
| २ | हाम्रो वातावरण | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम<br>• घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरुको पहिचान<br>• स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी | • वडा भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको नाम<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण<br>• बगैंचाको परिचय<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहभागी<br>• बोटबिरुवाको संरक्षणमा सहयोग<br>• वडामा भएका पानीका स्रोतहरुको परिचय<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान<br>• फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) | • गाउपालिकाका वनमा पाइने वन्यजन्तु र चराहरु पहिचान<br>• स्थानीय बोटबिरुवाहरूको परिचय<br>• स्थानीय बोटविरुवाको महत्व तथा उपयोग<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व<br>• घर र विद्यालयमा बाल बगैचाको निर्माणमा सहयोग र हेरचाह<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन  कुहिने, नकुहिने र तरल) मा सहयोग<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी<br>वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी | ३० |
| | | □फोहोरमैलाको पहिचान | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | हाम्रा सम्पदाहरु | • स्थानीय गीतहरुको नाम र सामान्य गीत गाउने अभ्यास<br>• स्थानीय स्तरका प्रचलित नाचका नाम र सामान्य नाँच्ने अभ्यास<br>• स्थानीय स्तरमा बजाईने बाजाहरुको पहिचान<br>• आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको नाम<br>• आफ्नो घर तथा समुदायमा बनेका सामानको नाम<br>• पालिकामा रहेका मन्दिरहरुको पहिचान भुमे, शिवालय, गणेशथान, भगवती आदि)<br>• सराय नाच तथा कुलपूजाको पहिचान<br>• जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी) को पहिचान | • आफूलाई मन पर्ने गीत गाउने अभ्यास<br>• आफूलाई मन पर्ने नाँच नाँच्ने अभ्यास<br>• स्थानीय स्तरमा बजाईने बाजा बजाउने सामान्य अभ्यास<br>• आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको थर<br>• आफ्नो घर तथा समुदायमा बनेका सामानको प्रयोग<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धथान मल्लरानी झँक्रिस्थान, पालुका थान आदि) को नाम<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती) को परिचय<br>• सराय नाच तथा कुलपूजाको परिचय<br>• जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी) को परिचय | • आफूलाई मन पर्ने गीतलाई लयमा गाउने अभ्यास<br>• गीत र तालमा लय, भाव र तालअनुसार नाँच्ने अभ्यास<br>• स्थानीय वाजा बजाउने अभ्यास<br>• जातजातिका रितिरिवाज<br>• आफूले सिकेका गीतहरूमा लय, ताल, भाव र चाल मिलाई एकल र सामूहिक नृत्य अभ्यास<br>• घर वा समुदायमा निर्मित सामानको बनोट, विशेषता र प्रयोग<br>• आफनो वडाको्  सामाजिक रहनसहन<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी झँक्रिस्थान, पालुका थान) को परिचय<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती) को महत्व<br>• सराय नाच तथा कुलपूजाको महत्व<br>• जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी) को महत्व | ४० |
| ४ | स्थानीय पेशा , व्यवसाय र प्रविधि | • घर तथा स्थानीयतरमा खेती गरिने अन्नहरु पहिचान (मकै, गहुँ, धान, जौं, कोदो, फापर)<br>• घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरु पहिचान (आलु, गोलभेंडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि) | • घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहरु परिचय (मकै, गहुँ, धान, जौं, कोदो, फापर)<br>• घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरु परिचय (आलु, गोलभेंडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि)<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पहिचान (मौरी पालन, बाख्रा पालन, कुखुरा पालन, वंगुर पालन)<br>• स्थानीयस्तरका  व्यवसायहरुको पहिचान (सिलाइ कटाइ , ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी,चुलेसी आदि) | • घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहरुको प्रयोग र महत्व (मकै, गहुँ, धान, जौं, कोदो, फापर)<br>• घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरुको प्रयोग र महत्व (आलु, गोलभेंडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि)<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको परिचय (मौरी पालन, बाख्रा पालन, कुखुरा पालन, वंगुर पालन)<br>• स्थानीयस्तरका  व्यवसायहरुको परिचय सिलाइ कटाइ , ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी चुलेसी आदि)<br>• स्थानीय परम्परागत प्रविधिको पहिचान (ढीकी, जाँतो, पानीघटट् , पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) | ५० |
| ५ | व्यक्ति तथा संस्थाको परिचय र | ☐गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान ( जंगवीर राना, मुख्यनाथ तिवारी,जयगोपाल | ☐गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय (जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, जीत बहादुर | ☐गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको योगदान र सम्मान (जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण जीत बहादुर नेवार , | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | योगदान | श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार , कांसिनाथ उपाध्याय) | नेवार , कांसिनाथ उपाध्याय) | कांसिनाथ उपाध्याय) | |
| | | • गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान ( कृष्ण प्रसाद श्रेष्ठ के.पी. मेडिकल कालुसिंह)<br>• गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान( वीर बहादुर राहुं , निम नारायण नकर्मी, केशर बहादुर अधिकारी, निम प्रसाद शर्माखगेस्वर उपाध्याय, दुर्गा प्रसाद श्रेष्ठ) | लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार) )<br>• गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय (कृष्ण श्रेष्ठ के.पी. मेडिकल- स्वास्थ्य) कालुसिंह<br>• गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय (वीर बहादुर राहुं , निम नारायण नकर्मी, केशर बहादुर अधिकारी निम प्रसाद शर्मा खगेस्वर उपाध्याय, दुर्गा प्रसाद श्रेष्ठ)) | उपाध्याय जीत बहादुर नेवार) )<br>• गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको योगदान र सम्मान (कृष्ण श्रेष्ठ (के.पी. मेडिकल- स्वास्थ्य) कालुसिंह<br>• गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको योगदान र सम्मान (वीर बहादुर राहुं , निम नारायण नकर्मी, केशर बहादुर अधिकारी, निम प्रसाद शर्मा खगेस्वर उपाध्याय, दुर्गा प्रसाद श्रेष्ठ)) | |
| ६ | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय | स्थानीय स्तरमा हुने विपदहरुको पहिचान ( आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ) | • स्थानीय स्तरमा हुने विपदहरुको परिचय आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ)<br>• स्थानीय स्तरमा हुने मानवीय विपदहरुको पहिचान गर्न (सडक दुर्घटना.........) | • प्राकृतिक विपदको कारण र असर (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चट्याङ)<br>• मानवीय विपद्को परिचय (सडक दुर्घटनालगायत) | १० |
| जम्मा | | | | | १६० |

**कक्षा ४-५**

| क्र. स. | क्षेत्र/एकाइ/विषयवस्तु | कक्षा ४ | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| १ | मल्लरानीको परिचय | • वडा तथा पालिकाबाट हुने सेवाहरुको जानकारी<br>• गाउपालिकाको अध्यक्ष र उपाध्यक्षको काम कर्तब्य र अधिकार □गाउँ कार्यपालिकाको कामहरु<br>• गाउपालिकाको भौगोलिक स्वरूप र जनसङ्ख्या्<br>• गाउँपालिकाको नक्सा निर्माण र सङ्केतमा देखाउने अभ्यास्<br>• आफू बस्ने गाउँ/टोल र विद्यालयको भौगोलिक अवस्थिति पहिचान र नक्सा कोर्ने अभ्यास | • मल्लरानी गाउपालिकाको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवनको विशेषताहरु<br>• आफु बसोबास गरेको जिल्लाको नक्सा कोर्ने र नक्सामा गाउपालिका देखाउने अभ्यास<br>• लुम्बिनी प्रदेशको नक्सा निर्माण गर्ने र आफु बसोबास गरेको जिल्ला र गाउपालिकालाई सङ्केतमा देखाउने अभ्यास<br>• लुम्बिनी प्रदेश अन्तर्गतका पालिका र मुख्य स्थानहरुलाई नक्सामा हेर्न र पढने अभ्यास्<br>• गाउ परिषद र गाउँसभाको गठन प्रक्रिया तथा मुख्य मुख्य कामहरु<br>• न्यायिक समितिको गठन र कामहरु | १५ |
| २ | हाम्रो | □गाउपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिन र | □गाउपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग र महत्व | ३० |
| | वातावरण | महत्व<br>• वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरुको नाम<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी<br>• वातावरण र विकासको परिचय<br>• नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन, उपयोग र आवश्यकताअनुसार प्रयोग<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान फोहोरमैलाको वर्गीकरण ( ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग | • विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी<br>• गाउपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान र अवलम्बन<br>• गाउपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरु पहिचान<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय<br>• वातावरण संरक्षणको परिचय<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी गरी अवलम्बन | |
| ३ | हाम्रा सम्पदाहरु | • स्थानीयस्तरका बालगीत गाउने अभ्यास<br>• स्थानीय वा प्रचलित कुनै मातृभाषाका गीतहरु समूहमा लय मिलाई गाउने अभ्यास<br>• स्थानीय बाजाहरूमध्ये कुनै दुई बाजाहरु बजाउने अभ्यास<br>• स्थानीय गीत वा मातृभाषाका गीत वा बालगीत मध्ये कुनै एक गीतमा लय र तालमा हाउभाउसहित नृत्य गर्ने अभ्यास<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा प्रयटकीय सम्पदा रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी झँक्रिस्थान, पालुका थान आदी) को परिचय महत्व<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती) को संरक्षण र प्रवर्धन गर्ने उपायहरु र सहभागी<br>• सराय नाच तथा कुलपूजाको संरक्षणका तरिका जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाआदी)को संरक्षणका उपाय | • जिल्ला तथा प्रदेशस्तरका प्रचलित गीतहरु गाउने अभ्यास<br>• स्थानीय बाजाहरूको सामान्य परिचय र बजाउने अभ्यास<br>• कक्षामा आफूले गाउन सिकेका कुनै गीतमा बज्ने काललाई ताल वाद्य र तालीमा अभ्यास<br>• आफनो कक्षामा गाउन सिकेको स्थानिय गीत वा मातृभाषाका गीत वा बालगीतमा लय र तालमा हाउभाउसहित नृत्य अभ्यास<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा प्रयटकीय सम्पदा रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी झँक्रिस्थान, पालुका थान आदी) को संरक्षण र प्रवर्धन गर्ने उपायहरु र सहभागी<br>• मल्लरानी गाउपालिका भित्रका पर्यटक स्थलको परिचय, महत्व र प्रवर्धन गर्ने उपयाहरु<br>• सराय नाच तथा कुलपूजाको प्रवर्धनका उपाय जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाइआदी)को अभिनय | ३० |

| | | | | |
|---|---|---|---|---|
| | | • | • | |
| ४ | स्थानीय पेसा , व्यवसाय र प्रविधि | • घरमा खेती गरिने अन्नहरुको उत्पादनमा सहयोग (मकै, गहुँ, धान, जौं, कोदो, फापर)<br>• घर तथा विद्यालयमा उत्पादन गरिने तरकारीहरुको उत्पादनमा सहयोग (आलु, गोलभेडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि)<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको महत्व र फाइदा (मौरी पालन, बाख्रा पालन, कुखुरा पालन, वंगुर पालन)<br>• स्थानीयस्तरका व्यवसायहरुको महत्व र फाइदा (सिलाइ कटाइ, ब्युटी पार्लर, बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी,चुलेसी आदि)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय (ढींकी, जाँतो, पानीघट्ट, पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) | • घरमा उत्पादित अन्नहरुको भण्डारण, विक्री वितरण र संरक्षणमा सहभागी (मकै, गहुँ, धान, जौं, कोदो, फापर)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको भण्डारण, बजारीकरण र संरक्षणमा सहभागी (आलु, गोलभेडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि )<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पालनमा सहभागी (मौरी पालन, बाख्रा पालन, कुखुरा पालन, वंगुर पालन)<br>• स्थानीयस्तरका व्यवसायहरुको उत्पादनमा सहयोग (सिलाइ कटाइ , ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी,चुलेसी आदि)<br>• स्थानीय परम्परागत प्रविधिको कार्यप्रक्रिया र उपयोग तथा आवश्यकताअनुसार प्रविधिको प्रयोग (ढींकी, जाँतो, पानीघट्ट, पानी मिल,<br>• कोल, आरन काठको हलो, जुवा नारा आदि) | ३३ |
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | • गाउपालिकाको शिक्षा क्षेत्रमा योगदान पुर्‍याउने संस्थाको परिचय प्युठान क्याम्पस, महेन्द्र नमुना मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बोट)<br>• गाउपालिकाको सामाजिक क्षेत्रको विकासमा योगदान पुर्‍याउने संस्थाको परिचय ( मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, , अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च, वन महासघं र एफ.एम.रेडियोहरु)<br>• )<br>• गाउपालिकाको स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याउने संस्थाको परिचय प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) | • गाउपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाको योगदान र सम्मान (पूठान क्याम्पस, महेन्द्र नमुना मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बो)<br>• गाउपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाको योगदान र सम्मान ( मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, , अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च, वन महासघं र एफ.एम.रेडियोहरु)<br>• )<br>• गाउपालिकाको स्वास्थ्य क्षेत्रमा कार्य गर्ने संस्थाको योगदान र सम्मान प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) | १० |
| ६ | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय | • प्राकृतिक विपदबाट बच्ने उपायहरु (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ)<br>• मानवीय विपद्का कारणहरु र असरहरु | • प्राकृतिक विपदबाट बच्न विद्यार्थी, परिवार, विद्यालय र समुदायको भूमिका पहिचान र अवलम्बन (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ)<br>• मानवीय विपद्बाट बच्ने उपायहरु पहिचान र अवलम्बन (सडक दुर्घटना आदी) | १० |
| जम्मा | | | | १२८ |

विषयवस्तुको विस्तृतीकरण, सम्भावित सिकाइ क्रियाकलाप र मूल्यांकन विधि

कक्षा १

| क्र.स. | क्षेत्र/थिम | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|
| १ | मल्लरानीको परिचय | १.१ आफु वसेको वडाको परिचय | • आफू बसोबास गर्ने वडा नं. भन्न लगाउने<br>• आफू बसोबास गर्ने वडाभित्रका टोलहरुको नाम भन्न लगाउने | • वडाको नाम र वडा नं सोधेर<br>• टोलहरुको नाम सोधेर | २ |
| | | १.२ आफ्नो गाउँपालिका | □विद्यार्थीहरुलाई पालिका सहितको प्यूठान जिल्लाको नक्सा देखाएर मल्लरानी | □गाउँपालिकाको नाम सोधेर | ४ |
| | | | गाउपालिकाको नाम भन्न लगाउने<br>□नक्सा वा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी गाउपालिकामा रहेका मुख्य मुख्य स्थानहरु पहिचान गर्न लगाउने | □पालिकाको नक्सामा आफ्नो वडा वताउन लगाएर | |
| | | १.३ विद्यालय | • आफुले पढने विद्यालयको नाम भन्न लगाउने<br>• आफुले पढने विद्यालयको ठेगाना भन्न लगाउने<br>• वडा भित्रका विद्यालयहरुको संख्या भन्न लगाउने | • विद्यालयको नाम सोधेर<br>• विद्यालय रहेको ठेगाना सोधेर<br>• वडाभित्रका विद्यालयको संख्या सोधेर | ५ |
| | | १.४ वडाको भौगोलिक अवस्था | • चित्र तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरी विद्यालय तथा आफू बसोबास गर्ने वडाको भौगोलिक स्वरुप पहिचान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई वडाको भ्रमण गराइ भौगोलिक स्वरुप (अग्लो, होचो, सम्म परेको, भिरालो आदि) को अवलोकन गराई अभिव्यक्त गर्न लगाउने | □वडाको आकृति झल्कने नक्सा कोर्न लगाउने | ९ |
| २ | हाम्रो वातावरण | २.१ घरपालुवा जनावर<br>□घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू | • विद्यार्थीहरुलाई घरमा पालिएका जनावरहरुको नाम भन्न लगाउने<br>• घरमा पालिएका बाहेक अन्य स्थानीय स्तरमा पालिएका जनावहरु भन्न लगाउने<br>• स्थानीय स्तरमा (विभिन्न प्रयोजनले पालन गरिएका) पालन गरिएका जनावहरुको अवलोकन गराउने<br>• चित्रको माध्यमबाट स्थानीय स्तरमा पालन गरिएका जनावरहरुको परिचय गराउने | • घरमा पालन गरेका जनावरहरुको नाम सोधेर<br>• स्थानीय स्तरमा पालन गरिएका जनावरहरुको नाम बताउन लगाएर | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २.२ हाम्रा वरपरका बिरुवाहरु<br>• घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरुको नाम र चिनारी<br>• स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम | • घर वरपर भएका, घरको बगैँचामा भएका बिरुवाको नाम बताउन लगाउने<br>• विद्यालयको बगैँचा तथा विद्यालय वरपर भएका बिरुवाहरुको अवलोकन गराइ तिनीहरुको नाम पहिचान गर्न लगाउने<br>• घर वरपर समुदायस्तरमा भएका बिरुवाको अवलोकन गरी तिनीहरुको नाम पहिचान गर्न लगाउने<br>• शिक्षकले आफनो घर वरपर, विद्यालय वरपर भएका बिरुवाहरुको चित्र देखाइ  तिनीहरुको पहिचान गर्न लगाउने | • घरमा भएका बिरुवाहरुको नाम बताउन लगाएर<br>• विद्यालयको बगैँचा तथा विद्यालय वरपर भएका बिरुवाहरुको नाम पहिचान गर्न लगाएर<br>• आफनो घर वरपर भएका  बिरुवाहरुको नाम बताउन लगाएर | ६ |
| | | २.३ वृक्षरोपण र बोटबिरुवाको संरक्षण<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको | • घरको बँगैचा वा खेतवारीको छेउछाउमा वृक्षरोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलो सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने<br>• घरमा वृक्षरोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा बताउने र अनुभव सुनाउन लगाउने<br>• विद्यालयको खाली ठाउँमा वृक्षरोपण कार्यमा सहभागी गराउने (बेर्नहरु वृक्षरोपण गर्ने ठाउमा पुरयाउने, पानी सिँचाइ गर्ने आदि )<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाहरुको संरक्षण गर्नुपर्ने कुरा बताउने र | • वृक्षरोपण सम्बन्धी अनुभव बताउन लगाएर<br>• वृक्षरोपणमा सहयोग गरेको अवलोकन गरेर<br>• विद्यालयमा बिरुवाहरुको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर | १० |
| | | सरक्षणमा सहयोग<br>□फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह | संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने | | |
| | | २.४ पानी<br>□स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम | • आफनो घर वरपर भएका पानीका स्रोतहरु पहिचान गर्न लगाउने्<br>• चित्रको माध्यमबाट आफनो वरपर भएका पानीका स्रोतहरुको जानकारी दिने्<br>• समुदायस्तरमा भएका पानीका स्रोतहरुको अवलोकन गराई पहिचान गर्न लगाउने<br>• पानीका प्राकृतिक स्रोतहरुको समेत जानकारी गराउने (कुवाको पानी, मूलको पानी, वर्षाको पानी आदि) | □स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम बताउन लगाएर | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २.५ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइ<br>• फोहोरमैलाको पहिचान | • कक्षाकोठामा विद्यार्थीहरुलाई उभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने<br>• विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गरिने कार्यहरुको जानकारी गराउने । जस्तैः नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काटने, जुत्ता सफा गर्ने आदि ।<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गर्न सकिने केही कार्यहरुको प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई ती कार्यमा सरिक गराउने । जस्तैः साबुन पानीले हात खुटट्ा धुने, नङ काटने आदि ।<br>• स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण बताउने र छलफल गर्ने<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने<br>• कक्षाकोठाभित्र तथा कक्षाकोठा बाहिरका फाहोरमैलाहरुको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने | • व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घर, विद्यालय वरपरि हुने फोहोरमैलाहरुको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नोत्तर गरेर | १० |
| ३ | हाम्रा सम्पदाहरु | ३.१ स्थानीय गीतहरु<br>☐घर तथा स्थानीय स्तरमा प्रचलित गीतहरु | • स्थानीय स्तरमा प्रचलित भ्याउरे गीतहरु गाउने र विद्यार्थीहरुलाई गाउन लगाउने<br>• स्थानीय स्तरमा प्रचलित लोकगीतहरु गाउने र विद्यार्थीहरुलाई गाउने अभ्यास गराउने<br>• स्थानीय स्तरमा प्रचलित असारेगीतहरु गाउने र विद्यार्थीहरुलाई गाउन लगाउने<br>• स्थानीय स्तरमा प्रचलित भैलो गीतहरु गाउने र गाउन लगाउने<br>स्थानीयस्तरका लोकगीतहरु गाउने व्यक्तिलाई आमन्त्रण गरी गाउन लगाउने र विद्यार्थीहरुलाई समेत गाउने अभ्यासमा सहभागी गराउने | ☐स्थीय स्तरमा गाइने लोकगीतहरु गाएको अवलोकन गरेर | ६ |
| | | | • | | |
| | | ३.२ स्थानीय नृत्यहरु<br>☐घर तथा स्थानीय स्तरमा प्रचलित नृत्यहरु | • स्थानीय स्तरका प्रचलित सामान्य नृत्यको अभ्यास गराउने<br>• सोरठी नाचको अभ्यास गराउने<br>• मारुनी नाचका भिडियोहरु प्रस्तुत गराई पहिचान गराउने<br>• प्रचलित बाजातालको नृत्यका भिडियोहरु देखाइ परिचित गराउने<br>• नाचका नाम र सामान्य नाँच्ने अभ्यास गराउने | • भिडियो अनुसारका नृत्यका नाम भन्न लगाएर<br>• नृत्यका नामअनुसारका अनुकरण गर्न लगाएर<br>• नृत्यको अवलोकन गरेर | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३.३ स्थानीय बाजाहरु<br>□घर तथा स्थानीय स्तरमा प्रचलित बाजाहरु | • स्थानीय स्तरमा बजाईने ऐतिहाँसिक पञ्चेबाजाहरु दमाहा, झ्याम्टा, सनइ, टयाम्को र ढोलकीको चित्र प्रस्तुत गरेर पहिचान गराउने<br>• उल्लिखित बाजाहरु मध्ये कुनै बाजा बजाउने अभ्यास गराउने<br>स्थानीय स्तरमा प्रचलित बाँसुरी, मुरली, खैजडी र मादल वा यिनको चित्रहरु प्रस्तुत गरेर पहिचान गराउने<br>• उपलब्ध स्थानीय बाजा ल्याएर बजाउदै ती बाजा बजाउने सामान्य अभ्यास गराउने | • स्थानीय स्तरमा बजाइने लोकबाजाहरुको नाम सोधेर<br>• बाजा बजाएको अवलोकन गरेर | १० |
| | | ३.४ स्थानीय जातजातिहरु<br>□स्थानीय स्तरका जातजातिहरुको नाम | • कक्षामा भएका विद्यार्थीहरुलाई उनीहरुको आ-आफनो जात पहिचान गर्न लगाउने<br>• आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको नाम भन्न लगाउने<br>• समुदायमा रहेका जातजाति झल्कने चित्र प्रदर्शन गरी ती जातजातिहरु पहिचान गर्न लगाउने<br>• सबै जातजातिका व्यक्तिहरुको उदाहरण दिन लगाउने | • स्थानीय स्तरमा जातजातिको नाम सोधेर<br>• स्थानीयस्तरका जातजातिको चित्र देखाइ ती जातजातिको नाम पहिचान गर्न लगाएर | ३ |
| | | ३.५ स्थानीय स्तरका सामग्री तथा मन्दिर | • आफ्नो घर तथा समुदायमा बनेका सामानको नाम भन्न लगाउने<br>• समुदायमा वनेका र अन्यत्रबाट लिएका सामानको नामको छुटटा छुटटै तालिका वनाइ छलफल गराउने<br>• स्थानीय कच्चा पदार्थले बनेका सामग्रीको नाम भन्न लगाइ कच्चा पदार्थको नाम र पाइने स्थान भन्न लगाउने<br>• मान्द्रो, डालो, नाङलो , हलो, जुवा, ‚ ढिकी, जाँतो, ठेकी,गावु,मदानी वा यिनको चित्र देखाई नाम भन्न लगाउने<br>• पालिकामा रहेका मन्दिरहरुको फोटो देखाइ मन्दिरको नाम भन्नलगाउने ( भुमे, शिवालय, गणेशथान, भगवती )मन्दीर रहेको स्थान चिन्न लगाउने विद्यालय नजिकै रहेको कुनै मन्दिरको भ्रमण गराई अवलोकन गर्न लगाउने र मन्दिर रहेको स्थानको नाम भन्न लगाउने | • स्थानीय स्तरमा निर्माण भएका समग्रीका तस्विर अनुसार नाम भन्न लगाएर<br>• सम्भव भएजति स्थानीय स्तरमा निर्मित सामग्री देखाएर नाम भन्न लगाएर<br>• तस्विर अनुसार मन्दिरका नाम भन्न लगाएर<br>• मन्दिर भएको स्थानका नाम सोधेर | १० |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | ४.१ अन्नवाली<br>□घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहरु पहिचान ( मकै, गहुँ, धान, जौं, कोदो, फापर) | • विद्यार्थीहरुलाई आफनो घरमा खाने खानाहरुको नाम बताउन लगाउने<br>• आफ्नो घरमा भएका अन्नवालीहरुको नाम बताउन लगाउने<br>• आफनो समुदायमा लगाईने अन्नवालीहरुको नाम बताउन लगाउने्<br>• कुन अन्नबालीबाट के खाना खाइन्छ वताउन लगाउने<br>• शिक्षकले अन्न बालीका नमुना कक्षाकोठामा ल्याइतिनको  नाम भन्न लगाउने<br>• विद्यालय नजिकै रहेका अन्नबाली खेति गरिएको ठाउँमा विद्यार्थीहरुलाई भ्रमण गराउने र अन्नबालीहरु पहिचान गर्न लगाउने<br>• भ्रमणमा अवलोकन गरिएका अन्नबालीहरुको सामान्य रेखांकन गर्न लगाउने र सहयोग गर्ने<br>• घरमा भएका अन्नबालीहरु र खाने तरिका सम्बन्धमा अभिभावकसँग सोधपुछ गरेर ती अन्नबालीहरुको विवरण तयार गरी ल्याउने परियोजना कार्य दिने | • घरमा पाईने अन्नको  नाम सोधेर<br>• घर वा समुदायमा लगाईने अन्नवालीको  नाम बताउन लगाएर<br>• खानाका नाम बताउन लगाएर<br>• अन्नबालीको चित्र र नामको जोडा मिलाउन लगाएर | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४.२ तरकारी<br>घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरु पहिचान आलु, गोलभेडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि) | • घरमा खाइने तरकारीका नाम बताउन लगाउने<br>• विद्यालयको नजिक रहेको तरकारी वारीमा लगेर अवलोकन गराइ तिनीहरुको नाम पहिचान गर्न लगाउने<br>• अवलोकन गरिएका तरकारीहरुको सामान्य रेखांकन गर्न सिकाउने र अभ्यास गराउने<br>• आफनो घरमा लगाएका तरकारीका नाम बताउन लगाउने<br>• आफनो छिमेकमा लगाएका तरकारीको नाम बताउन लगाउने<br>• आफनो छिमेकमा सवभन्दा बढी तरकारी कसले लगाएको छ बताउन लगाउने्<br>• आफनो घरमा तरकार खेति कस्ले गर्छ बताउन लगाउने<br>• वजारबाट किनेर ल्याउने तरकारीहरुका नाम वताउन लगाउने<br>• घरमा के के को दाल खान्छौ भनि वताउन लगाउने<br>• आफुलाई मन पर्ने दालको नाम बताउन लगाउने<br>• घरमा खाइने तरकारीहरुको विवरण सोधेर ल्याउने परियोजना कार्य दिने<br>• कुन तरकारीबाट के के फाइदा पाइन्छ तिनको महत्व सम्बन्धमा शिक्षकले वास्तविक तरकारी वा चित्र प्रदर्शन गरी छलफल गराउने<br>• बजारबाट किनेर ल्याउने तरकारी भन्दा घरमा नै तरकारी खेती गर्न सकिन्छ भन्ने कुरा प्रष्ट पार्ने र यसको कारणसमेत बताउने | • घरमा भएका तरकारीहरुको नाम बताउन लगाएर<br>• आफुलाई मन पर्ने तरकारीको नाम वताउन लगाएर<br>• वजारबाट किन्ने तरकारीको नाम वताउन लगाएर<br>• घरमा खाने दालहरुको नाम बताउन लगाएर<br>• बजारबाट तरकारी किनेर ल्याउनु भन्दा घरमा नै तरकारी खेती गर्नुको कारण र महत्व सोधेर | ३० |
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | ५.१.गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान (जंगवीर राना, मुख्यनाथ तिवारी, | • आफनो समुदायमा योगदान पुर् याउने व्यक्तिहरु पहिचान गर्न लगाउने्<br>• चित्रको माध्यमबाट वा सम्बन्धित शिक्षाक्षेत्रमा योगदान पुराएका व्यक्तिहरुलाई आमन्त्रण गरी उनीहरुले शिक्षा क्षेत्रमा पुर्याएका व्यक्तिहरु (जंगवीर राना, मुख्यनाथ तिबारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार,कांसिनाथ उपाध्याय ) को परिचय र योगदान बताउने /बताउन लगाउने | • आफनो समुदायमा शिक्षाक्षेत्रमा् योगदान पुराएका व्यक्तिहरुको नाम वताउन लगाएर<br>• शिक्षा क्षेत्रमा पुर्याएका व्यक्तिहरुले गरेका योगदान | १० |
| | | जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार,कांसिनाथ उपाध्याय) | | बताउन लगाएर | |
| | | ५.२.गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान (कृष्ण प्रसाद श्रेष्ठ के.पी. मेडिकल, कालुसिंह ) | • आफनो समुदायमा स्वास्थ्य क्षेत्रमा योगदान पुराएका व्यक्तिहरुको चित्रद्धारा परिचय गराउने वा सम्बन्धित व्यक्ति (कृष्ण श्रेष्ठ) लाई आमन्त्रण गरी उनको परिचय र पुर्याएको योगदान बताउन लगाउने<br>• गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको अन्य व्यक्तिहरु को बारेमा चित्र सहित परिचय र योगदान बताउने | • स्वास्थ्य क्षेत्रमा योगदान पुराएका व्यक्तिहरुको नाम वताउन लगाएर<br>• आफनो बडामा स्वास्थ्य क्षेत्रमा योगदान पुराएका व्यक्तिको नाम बताउन लगाएर । | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.३.गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान (वीर बहादुर राहुं, निम नारायण नकर्मी, केशर बहादुर अधिकारी,निम प्रसाद शर्मा खगेस्वर उपाध्याय, दुर्गा प्रसाद श्रेष्ठ) | • आफनो समुदायमा विकास निर्माणमा सहयोग गर्ने व्यक्तिको नाम सोध्ने <br>• समुदायमा विकास निर्माणमा सहयाग गर्ने व्यक्तिहरुको नाम अभिभावके संग सोधेर ल्याउन लगाउने <br>• गाउपालिकाको विकास निर्माण कार्यमा योगदान पुर्याएका वीरबहादुर राहु, निम नारायण नकर्मी र केशरबहादुर अधिकारी.....को परिचय र उनको योगदान बताउने र सम्भव भए उक्त व्यक्तिहरुलाई नै आमन्त्रण गरी उनको परिचय र योगदान बताउन लगाउने | ☐गाउपालिकाको विकास निर्माण क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरुको परिचय र योगदान बताउन लगाएर | १० |
| ६ | विपद व्यवस्थापन तथा सुरक्षित विद्यालय | ६.१ आगलागी | • विभिन्न पत्रपत्रिकाहरु तथा पोष्टहरुमा प्रकाशित भएका आगलागी सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने <br>• विद्यार्थीहरुलाई आगलागि भएका फोटाको अवलोकन गराउने <br>• आगलागीसम्बन्धी भिडियो देखाउने र बच्ने उपाय बताउने <br>• आगलागीबाट बच्न (घर तथा अन्य क्षेत्रमा) गर्नुपर्ने कार्यहरुमा छलफल गराउने <br>• आगलागीबाट बच्ने उपायहरुको सिमुलेसन गराउने | • फोटोहरु देखाइ प्रकोपका नामहरु भन्न लगाएर <br>• आगलागीबाट बच्न अपनाउन सकिने सावधानहरु बताउन लगाएर | २ |
| | | ६.२ सडक दुर्घटना | • विभिन्न पत्रपत्रिकाहरु तथा पोष्टहरुमा प्रकाशित भएका सडक दुर्घटना सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने । <br>• सडक दुर्घटनासम्बन्धी भिडियो देखाउने र बच्ने उपायहरुमा छलफल गराउने <br>• सडक दुर्घटनाबाट बच्न स्वयम आफूले पालना गर्नुपर्ने नियमहरु बताउने र नमुना अभ्यास गराउने | • सडक दुर्घटनाको परिचय सोधेर <br>• सडक दुर्घटना हुनबाट बच्ने उपायहरु सोधेर | २ |
| | | ६.३ बाढी पहिरो | • विभिन्न पत्रपत्रीकाहरु तथा पोष्टहरुमा प्रकाशित भएका, बाढी पहिरो सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने । <br>• बाढी पहिरो सम्बन्धी सम्बन्धी भिडियो देखाउने र बच्ने उपाय वताउने <br>• बाढी आएको तथा पहिरो गएको क्षेत्रको अवलोकन गरी बच्ने उपाय र त्यसको लागि आफूले गर्नुपर्ने पक्षहरुमा छलफल गराउने | • बाढी र पहिरोको परिचय सोधेर <br>• बाढी पहिरोबाट बच्ने उपायहरु सोधेर | २ |
| | | ६.४ भूकम्प | ☐विभिन्न पत्रपत्रीकाहरु तथा पोष्टहरुमा प्रकाशित भएको भूकम्प सम्बन्धीका | ☐भुकम्पको परिचय सोधेर | २ |
| | | | चित्रहरु प्रर्दशन गर्ने र चिनाउने <br>• भूकम्पसम्बन्धी भिडियो देखाउने र बच्ने उपायहरुमा छलफल गराउने <br>• भुकम्प जानु भन्दा अघि, भुकम्प गइरहेको अवस्था र भूकम्प पश्चात गर्नुपर्ने सावधानीहरुमा छलफल र सिमुलेसन गराउने | ☐भुकम्पबाट बच्ने उपायहरु सोधेर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६.५ हुरीवतास र चट्याङ | • विभिन्न पत्रपत्रीकाहरु तथा पोष्टहरुमा प्रकाशित भएको हुरीवतास र चटयाङ सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने<br>• हुरीबतास र चटयाङसम्बन्धी भिडियो देखाउने र बच्ने उपाय वताउने | • हुरी बतासको परिचय सोधेर<br>• चटयाङको परिचय सोधेर<br>• हुरीबतास र चटयाङबाट बच्ने उपायहरु सोधेर | २ |

कक्षा २

| क्र.स . | क्षेत्र/थिम | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|
| १ | मल्लरानी को परिचय | १.१ आफू वसेको वडाको भौगोलिक स्वरुप | • पालिका र वडाको नक्सा देखाउने र भौगोलिक स्वरुप (पहाड, समथर, अग्लो, होचो, भिरालो आदि) पहिचान गर्न लगाउने<br>• वडाको नक्सा कोर्ने अभ्यास गराउने<br>• नक्सामा विद्यालयको अवस्थिति पहिचान गर्न लगाउने<br>• टोल, विद्यालय, समुदाय रहेको ठाउँको भौगोलिक स्वरुप पहिचान गर्न लगाउने | • पालिका तथा वडाको भौगोलिक स्वरुप बताउन लगाएर<br>• वडाको नक्सा कोरेको अवलोकन गरेर<br>• नक्सामा आफ्नो विद्यालय संकेत गर्न लगाएर | १० |
| | | १.२ आफ्नो गाउँपालिका | • गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम भन्न लगाउने<br>• गाउपालिकाका अध्यक्ष र उपाध्यक्षलाई आमन्त्रण गरी उनीहरुको परिचय दिन लगाउने | गाउँपालिका अध्यक्ष उपाध्यक्षको नाम सोधेर | ३ |
| | | १.३ आफ्नो वडाका पदाधिकारी | वडाका पदाधिकारीहरुको नाम भन्न र लेख्न लगाउने | पदाधिकारीहरुको नाम सोधेर | ३ |
| | | १.४ पालिका भित्रका वडा | • गाउपालिकाका वडाहरुको नाम, ठेगाना लेख्न र भन्न लगाउने<br>• गाउपालिकाको नक्सा प्रदर्शन गर्ने र नक्साको आधारमा वडाहरुको संख्या, नाम पहिचान गर्न लगाउने | पालिकामा रहेका वडाहरुको नाम ठेगाना सोधेर | ४ |
| २ | हाम्रो वातावरण | २..१ वन्यजन्तु र चरा<br>वडाको वनमा पाईने वन्यजन्तु र चराहरुको नाम | • विद्यार्थीहरुलाई आफूले थाहा पाएका वन्यजन्तु तथा चराहरुको नाम भन्न लगाउने<br>• वडा भित्रका वनहरुमा पाइने वन्यजन्तु तथा चराहरुको चित्र तथा श्रव्यदृश्य सामग्रीबाट पहिचान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकैको वनमा लगेर चरा तथा वन्यजन्तुहरुको पहिचान गर्न लगाउने | • विद्यार्थीहरुलाई वन्यजन्तु तथा चराहरुको नाम सोधेर<br>• स्थानीय वनमा अवलोकन गरेका चरा तथा वन्यजन्तुहरुको नाम बताउन लगाएर | ३ |
| | | २.२ बोटबिरुवा र बगैंचा | विद्यार्थीहरुलाई आफनो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको नाम_ बताउन लगाउने | घर तथा विद्यालय वरपर भएका बोटबिरुवाहरुको नाम सोधेर | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण<br>• बगैँचाको परिचय | • विद्यालय वरपर भएका बोटबिरुवाहरुको अवलोकन गराउने र तिनीहरुको सूची तयार गर्न लगाउने<br>• बोट बिरुवाहरुलाई झार, बुट्यान र रुखमा वर्गीकरण गर्न लगाउने र सहजीकरण गर्ने<br>• घर वरपर भएका बोट बिरुवाहरुको अवलोकन गरी ती बोटबिरुवाहरुलाई वर्गीकरण गर्न ल्याउने परियोजना कार्य दिने<br>• बगैँचाको चित्र तथा भिडियो प्रदर्शन गर्ने र बँगैचाको परिचय दिने<br>• विद्यालयमा बगैँचा भए त्यसको अवलोकन गराउने<br>• घर तथा विद्यालयमा बगैँचा निर्माण गर्नुपर्ने र यसको महत्व बताउने | • अवलोकन गरेका बोटबिरुवाहरुको नाम भन्न लगाएर<br>• अवलोकन गरेका बिरुवाहरुलाई झार, बुट्यान, रुखमा वर्गीकरण गर्न सके नसकेको सोधेर<br>• बगैँचाको परिचय दिन लगाएर | |
| | | २.३ वृक्षरोपण र बोटबिरुवाको संरक्षण<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहयोग र सहभागी<br>• बोटबिरुवाको संरक्षणमा सहयोग | • घरको बँगैचा वा खेतवारीको छेउछाउमा वृक्षरोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलो सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने<br>• घरमा वृक्षरोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा बताउने र अनुभव सुनाउन लगाउने<br>• विद्यालयको खाली ठाउँमा वृक्षरोपण कार्यमा सहभागी गराउने (बेर्नहरु वृक्षरोपण गर्ने ठाउमा पुरयाउने, पानी सिँचाइ गर्ने आदि)<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाहरुको संरक्षण गर्नुपर्ने कुरा बताउने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने | • वृक्षरोपण सम्बन्धी अनुभव बताउन लगाउने<br>• वृक्षरोपणमा सहयोग गरेको अवलोकन गरेर<br>• विद्यालयमा बिरुवाहरुको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर | ८ |
| | | २.४ पानी<br>□वडामा भएका पानीका स्रोतहरुको परिचय | • आफू बस्ने वडाभित्रका पानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• भिडियो वा चित्रको माध्यमबाट वडामा भएका पानीका स्रोतहरुको जानकारी दिने<br>• वडामा भएका पानीका स्रोतहरुको अवलोकन गराई पहिचान गर्न लगाउने<br>• वडामा भएका पानीका स्रोतहरुको प्रकार बताउन लगाउने र उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरुलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने | • वडामा भएका पानीका स्रोतहरुको नाम बताउन लगाएर<br>• वडामा भएका पानीको स्रोतहरुको प्रकार र उपयोगिता बताउन लगाएर | ३ |
| | | २.५ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन<br>□व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको | • व्यक्तिगत सरसफाइ गर्दा ध्यान दिनुपर्ने कुराहरुको पुनरावलोकन गराउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने र आवश्यक पृष्ठपोषण दिने<br>• स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण बताउने र छलफल गर्ने<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने<br>• विद्यालय तथा घर वरपरको वातावरण फोहोर हुने कारणहरुलाई चित्र, भिडियो, अवलोकनबाट प्रष्ट पार्ने<br>• जथाभावी फोहोरहरु फाल्नु, फोहोरहरुको व्यवस्थापन नगर्नुलगायत कारणहरुले | • व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घर, विद्यालय वरपरि हुने फोहोरमैलाहरुलाई कुहिने र नकुहिने गरी दुई छुटट् छुटटै स्थानमा राखे नराखेको अवलोकन गरेर | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरसफाइमा सहभागी<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान<br>• फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) | वरपरको वातावरण फोहोर हुने कारण बताउने र फोहोर गर्न नहुने कुराको जानकारी गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने<br>• घर तथा विद्यालयमा विभिन्न कार्यको लागि वस्तुहरु प्रयोग गर्दा निस्केका नचाहिने वस्तुहरुलाई फोहोरमैलाको रुपमा परिचय गराउने<br>• घर तथा विद्यालयबाट निस्कने यस्ता फोहोरहरुलाई कुहिने र नकुहिने वस्तुहरुमा वर्गीकरण गर्न सकिने कुराको जानकारी दिने<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने<br>• यसरी सरसफाइ गर्दा निस्केका वस्तुहरुलाई कुहिने र नकुहिने गरी दुई भागमा वर्गीकरण गर्न लगाउने र छुटट् छुटटै भाँडोमा (डस्टविन) मा राख्ने राख्न लगाउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने<br>• घरमा विभिन्न कारणले निस्केका फोहारहरुलाई समेत कुहिने र नकुहिने गरी दुई डस्टविनमा राख्ने परियोजना कार्य दिने र कुहिने वस्तुबाट मल बनाउन सकिने कुराको जानकारी दिने | | |
| ३ | हाम्रा सम्पदाहरु | ३.१ स्थानीय गीतहरु<br>☐घर तथा स्थानीय स्तरमा प्रचलित गीतहरु | • स्थानीय स्तरमा प्रचलित भ्याउरे गीतहरुको पहिचान र परिचय दिने र गाउने अभ्यास गराउने<br>• स्थानीय स्तरमा प्रचलित असारेगीतहरु लयसहित गाउने अभ्यास गराउने<br>• स्थानीय स्तरमा प्रचलित भैलोगीतहरु लयसहित गाउन लगाउने र गाउने अभ्यास गराउने | ☐स्थानीय स्तरमा गाइने लोकगीतहरु गाएको अवलोकन गरेर | ६ |
| | | ३.२ स्थानीय नृत्यहरु<br>☐घर तथा स्थानीय स्तरमा प्रचलित नृत्यहरु | • स्थानीय  स्तरका प्रचलित सामान्य नृत्यको अभ्यास गराउने<br>• सोरठी नाचको भिडियो देखाइ अनुकरणको अभ्यास गराउने<br>• मारुनी नाचका भिडियोहरु प्रस्तुत गराई अभ्यास गराउने<br>• प्रचलित बाजातालको नृत्यका भिडियोहरु देखाई अभ्यास गराउने<br>• नाचका नाम र सामान्य नाँच्ने अभ्यास गराउने | • भिडियो अनुसारका नृत्यका नाम भन्न लगाएर<br>• नृत्यका नामअनुसारका अनुकरण गर्न लगाएर | ८ |
| | | ३.३ स्थानीय बाजाहरु<br>☐घर तथा स्थानीय स्तरमा प्रचलित बाजाहरु | • स्थानीय स्तरमा बजाईने ऐतिहाँसिक पञ्चेबाजाहरु दमाहा, भ्याम्टा, सनई, टयाम्को ् र ढोलकीको चित्र प्रस्तुत गरेर बजाउन अभ्यास गराउने<br>• स्थानीय स्तरमा प्रचलित बाँसुरी,मुरली,खैजडी र मादलका चित्रहरु प्रस्तुत ् गरेर सुर ताल बाजा छुटयाउन लगाउन्<br>• उपलब्ध स्थानीय बाजा ल्याएर बजाउदै ती बाजाको पहिचान गराउने | • तस्विर अनुसारका स्थानीय बाजाका नाम सोधेर<br>• उपलब्ध स्थानीयबजाएको अवलोकन गरेर | ८ |
| | | ३.४ स्थानीय जातजातिहरु<br>☐स्थानीय स्तरका जातजातिहरुको नाम | • आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको पहिचान गर्न लगाउने<br>• ब्रहामणका थरहरु पहिचान गर्न लगाउने र छलफल गर्ने<br>• क्षेत्रीका थरहरु पहिचान गर्न लगाई छलफल गराउने | ☐स्थानीय समुदायमा बस्ने मानिसहरुको जात थर सोधेर | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीय स्तरमा भएका मगर जातका थरहरु भन्न लगाउने | | |
| | | | | | |
| | | ३.५.स्थानीय स्तरमा निमाण भएका सामग्री | • आफ्नो घर तथा समुदायमा चोयाबाट बनेका डोको, नाङ्लो, मान्द्रो, डालो आदी सामानको प्रयोग हुने कामहहरु वताउन लगाउने<br>• फलामबाट बनेका सामाग्रीहरु हसिया, कोदालो, वञ्चरो,खुकुरी, चुलेसी<br>• आफ्नो घर तथा समुदायमा काठबाट बनेका गावु, ठेकी,मदानी, ढिकी जस्ता सामानको प्रयोग हुने कामहरु वताउन लगाउने | स्थानीय स्तरमा निर्माण हुने र भएका सामग्रीको नाम र काम सोधेर | ४ |
| | | ३.६. मल्लरानीका ऐतिहाँसिक धार्मिक तथा पर्यटकिय सम्पदा | • आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धथान मल्लरानी झँक्रिस्थान, पालुका थान ,गुठ दरवार आदि) को फोटा देखाएर नाम भन्न लगाउने<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती) को परिचयपालिकामा रहेका मन्दिरहरुको फोटो देखाई मन्दिरको नाम भन्नलगाउने<br>• भुमे, शिवालय, गणेशथान, भगवती मन्दीर रहेको स्थान चिन्न लगाउने<br>• सराय नाच, कुलपुजाका झांकीहरु देखाई चिन्न लगाउने<br>• डोके जात्रा,गाई जात्रा, रोपाइँ जात्रा आदीका भिडियो देखाई चिन्न लगाउने | • स्थानीय स्तरमा निर्माण भएका समग्रीका तस्विर अनुसार नाम भन्न लगाएर<br>• सम्भव भएजति स्थानीय स्तरमा निर्मित सामग्री देखाएर नाम भन्न लगाएर<br>• तस्विर अनुसार मन्दिरका नाम भन्न लगाएर<br>• मन्दिर भएको स्थानका नाम सोधेर | १० |
| ४ | स्थानीय पेशा , व्यवसाय र प्रविधि | ४.१ घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहरु परिचय दिन ( मकै, गहुँ, धान, जौं, कोदो, फापर) | • विद्यार्थीहरुलाई आफूले थाहा पाएका अन्न वालीको नाम भन्न लगाउने<br>• आफनो घरमा भएका अन्नवालीको पहिचान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकैको वारीमा लगेर अवलोकन गराई अन्नवालीको पहिचान गर्न लगाउने ।<br>• शिक्षकले अन्नवालीका नमुना ल्याएर पहिचान गर्न लगाउने<br>• कुन अन्नवाली कुन मौसममा लागाइन्छ पहिचान गर्न लगाउने<br>• अन्नबालीको प्रयोग बताउन लगाउने<br>• घरमा भएका अन्नबालीहरु र तिनको प्रयोग कसरी गर्ने गरिएको छ ? त्यसको विवरण ल्याउने परियोजना कार्य दिने | • विद्यार्थीहरुलाई अन्नवालीको नाम सोधेर<br>• स्थानीय स्तरमा अवलोकन गरी अन्नबालीहरु पहिचान गरे नगरेको अवलोकन गरेर<br>• खेती गरिने समय सोधेर | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४.२.घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरु पहिचान परिचय दिन (आलु, गोलभेंडा काउली, बन्दागोभी, सिमी, मास, भटमास, अदुहर आदि | • विद्यार्थीहरुलाई आफनो घर तथा समुदायमा रहेका तरकारीको नाम बताउन लगाउने<br>• विद्यालय वरपर भएका तरकारीको अवलोकन गराउने र तिनीहरुको सूची तयार गर्न लगाउने<br>• तरकारीलाई वर्गीकरण गर्न लगाउने र सहजीकरण गर्ने<br>• घर वरपर भएका तरकारीका अवलोकन गरी ती तरकारीलाई वर्गीकरण गरी ल्याउने परियोजना कार्य दिने<br>• तरकारी फर्मको भिडियो प्रदर्शन गर्ने र तरकारी फर्मको परिचय दिने<br>• नजिकमा तरकारी फर्म भएमा भए त्यसको अवलोकन गराउने | • घर तथा वरपर भएका तरकारीको नाम सोधेर<br>• अवलोकन गरेका तरकारीको नाम भन्न लगाएर अवलोकन गरेका<br>• तरकारी फर्मका परिचय दिन लगाएर | १० |
| | | | • घरमा करेसावारी निर्माण गर्नुपर्ने र यसको महत्व बताउने<br>• घरका छेउछाउमा करेसावारी भए नभएको सम्बन्धमा विद्यार्थीहरुलाई सोध्ने र खालनभएमा करेसावारी निर्माण गर्नुपर्ने कुरा बताउने | | |
| | | ४.३.स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पहिचान गर्न (मौरी पालन, बाख्रा पालन, कुखुरा पालन, वंगुर पालन) | • आफनो घरमा पालिएका जीव जनावरहरुको नाम बताउन लगाउने<br>• समुदाय वा वडामा धेरै संख्यामा जनावारहरु पालेका व्यक्तिहरुको पहिचान गर्न लगाउने र पहिचान गराउने<br>• शिक्षकले वडा वा पालिकामा जनावर सम्वन्धि कुनै एक फर्मको अवलोकन गराउने<br>• आफनो वडामा सञ्चालनमा रहेका पशुफर्महरुको अवलोकन गरी विवरण तयार गर्न लगाउने<br>• जीवजनावरहरुको के का लागि पालिन्छ वताउन लगाउने | • घरमा पालिएका जनावरको नाम भन्न लगाएर<br>• पशुफर्मको अवलोकन गरेर<br>• जीवजनावरहरु पालन गर्नुपर्ने कारण बताउन लगाएर | १० |
| | | ४.४.स्थानीयस्तरका व्यवसायहरुको पहिचान (सिलाइ कटाइ , ब्युटी पार्लर, बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी,फलामका सामग्री आदि) | • आफू बस्ने वडाभित्रका बुनाइ सम्वन्धि कार्य गरेका व्यक्तिहरु पहिचान गर्न लगाउने<br>• भिडियो वा चित्रको माध्यमबाट वडामा बुनाइ सम्वन्धि कार्य गरेका व्यक्ति वा फर्मको प्रदर्शन गराउने<br>• सिलाइ कटाइ, ब्युटी पार्लर, बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी फलामका सामग्रीआदि बनाउने क्षेत्रको भ्रमण गराई अवलोकन गराउने र कसरी व्यवसाय गरिदो रहेछ विवरण टिपोट गर्न लगाउने र आवश्यक सहयोग गर्ने<br>• यी व्यवसायबाट हुने फाइदाहरु र उत्पादित सामग्रीको प्रयोग गर्ने तरिका बताउने | • बनाई सम्बन्धी अनुभव बताउन लगाएर<br>• सिलाइ कटाइ , ब्युटी पार्लर, बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकीको परिचय दिन लगाएर र उपायोग सोधेर | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | ५.१.गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय ( जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार,कासिनाथ) | • आफना विद्यालयमा शिक्षा क्षेत्रमा योगदान पुराएका ब्यक्तिहरुको नाम वताउन लगाउने<br>• गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय,जीतवहादुर नेवार) दिने<br>• गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरु (जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार) ) ले शिक्षा क्षेत्रमा पुरयाएको योगदान बताउने्<br>• गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरु( जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय,जीत बहादुर नेवार,कासिनाथ) लाई आमन्त्रण गरी आफनो परिचय र पुर्‍याएको योगदान बताउन लगाउने | • विद्यार्थीहरुलाई शिक्षामा योगदान पुराउने व्यक्तिको नाम बताउन लगाएर<br>• शिक्षा क्षेत्रमा गरेका मुख्यकाम बताउन लगाएर | ४ |
| | | ५.२.गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान | • आफनो समुदायमा स्वास्थ्य क्षेत्रमा योगदान पुराएका ब्यक्तिहरुको परिचय वताउन लगाउने<br>• आफना वडामा स्वास्थ्य क्षेत्रमा योगदान पुराएका ब्यक्तिहरुको परिचय वताउन | ☐स्वास्थ्य क्षेत्रमा योगदान पुराएका व्यक्तिहरुको परिचय गराउन लगाएर आफनो बडामा स्वास्थ्य क्षेत्रमा | २ |
| | | पुऱ्याउने व्यक्तिहरुको परिचय ( कृष्ण श्रेष्ठ के.पी. मेडिकलकालुसिंह) | लगाउने<br>• आफनो पालिकामा स्वास्थ्या क्षेत्रमा योगदान पुराएका ब्यक्तिको परिचय बताउन लगाउने<br>• शिक्षकले विद्याथीहरुलाई आफनो पालिकामा स्वास्थ्यमा विशिष्ट योगदान पुर्‍याउने कृष्ण श्रेष्ठको परिचय गराउने साथै उक्त व्यक्तित्वलाई नै आमन्त्रण गर्ने उनले कार्यगर्ने मेडिकल संस्था र गरेको योगदान तथा प्रदान गर्ने सेवाहरुको बारेमा जानकारी गराउन लगाउने | योगदान पुराएका ब्यक्तिको परिचय गराउन लगाएर<br>☐केपी मेडिकलबाट प्राप्त गर्न सकिने सेवाहरु बताउन लगाएर | |
| | | ५.३.गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय ( वीर बहादुर राहुं , निम नारायण नकर्मी, केशर बहादुर अधिकारी, निमप्रसाद शर्मा, खगेस्वर उपाध्याय, दुर्गा प्रसाद श्रेष्ठ) | • आफनो समुदायमा भएका विकास निर्माणका नाम बताउन लगाउने<br>• आफनो समुदायमा विकास निर्माणमा सहयोग गर्ने ब्यक्तिको परिचय दिन लगाउने<br>• समुदायमा विकास निर्माणमा सहयोग गर्ने ब्यक्तिहरुको काम अभिभावक संग सोधेर ल्याउन लगाउने<br>• समुदायमा विकास निर्माणमा सहयोग गर्ने ब्यक्तिहरु (वीर बहादुर राहुं , निम नारायण नकर्मी, केशर बहादुर अधिकारी निमप्रसाद शर्मा, दुर्गा प्रसाद श्रेष्ठले गरेका योगदान बताउने र सम्भव भएसम्म सम्बीन्धत व्यक्तिहरुलाई वा उहाँका परिवारका सदस्यलाई आमन्त्रित गरी उनीहरुले गरेका कार्य र पुर्‍याएको योगदान बताउन लगाउने | • सामाजिक ब्यक्तिको परिचय बताउन लगाएर<br>• तीनिहरुले गरेका काम बताउन लगाएर<br>• पालिकामा रहेमा सामाजिक ब्यक्तिले गरेका काम बताउन लगाएर | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | विपद व्यवस्थाप न तथा सुरक्षित विद्यालय | ६.१ आगलागि | • विभिन्न पत्रपत्रिकाहरु तथा पोष्टहरुमा प्रकाशित भएका आगलागी सम्बन्धीका चित्रहरु प्रदर्शन गर्ने र चिनाउने ।<br>• आगलागीले क्षति भएका संरचना आदि प्रकोप सम्बन्धी फोटा देखाई छलफल गराउने<br>• आगलागीसम्वन्धि भिडियो देखाउने र बच्ने उपाय वताउने<br>• आगलीबाट बच्न ध्यान दिनुपर्ने कुराहरु बताउने<br>• आगलागी सम्बन्धी सिमुलेसन गराउने | • आगलागीको परिचय दिन लगाएर<br>• आगलागीबाट हुने क्षतिहरु बताउन लगाएर<br>• आगलागीबाट बच्न गर्नुपर्ने कार्यहरु बताउन लगाएर | २ |
| | | ६.२ सडक दुर्घटना | • विभिन्न पत्रपत्रिकाहरु तथा पोष्टहरुमा प्रकाशित भएका सडक दुर्घटना सम्बन्धीका चित्रहरु प्रदर्शन गर्ने र चिनाउने ।<br>• सडक दुर्घटना हुँदा क्षति भएको फोटा देखाइ छलफल गराउने<br>• सडक दुर्घटना सम्बन्धी भिडियो देखाउने र बच्ने उपाय वताउने<br>• सडक दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु बताउने | • सडक दुर्घटना हुन सक्ने क्षेत्रहरु पहिचान गर्न लगाउने<br>• सडक दुर्घटनाबाट बच्ने उपाय सोध्ने | २ |
| | | ६.३ वाढी पहिरो | • विभिन्न पत्रपत्रीकाहरु तथा पोष्टहरुमा प्रकाशित भएका वाढी पहिरो सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने ।<br>• खोला किनारमा बाढी, पहिरो, सडक छेउमा जांदा अपनाउनुपर्ने होसियारीको विषयमा छलफल गराउने | • बाढी र पहिरोको परिचय दिन लगाएर<br>• वाढीपहिरोबाट बच्ने उपाय सोध्ने | २ |
| | | | • बाढीपहिरो सम्बन्धी भिडियो देखाउने र बच्ने उपाय वताउने<br>• बाढी पहिरो गएका क्षेत्रको अवलोकन गराउने र बाढी पहिरोबाट बच्ने उपायहरुमा छलफल गराउने | | |
| | | ६.४ भुकम्प | • विभिन्न पत्रपत्रीकाहरु तथा पोष्टहरुमा प्रकाशित भएको भुकम्प सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने<br>• २०७२ सालमा नेपालमा गएको भूकम्पको भिडियो प्रदर्शन गर्ने र छलफल गराउने<br>• भूकम्पबाट बच्ने उपायहरुमा छलफल गर्ने<br>• भूकम्प जानु अघि, भूकम्प गइरहेको समयमा र भूकम्पपश्चात अपनाउनुपर्ने सावधानीहरु बताउने र सिमुलेसन गराउने | • भुकम्पको परिचय दिन लगाएर<br>• भूकम्पबाट बच्न ध्यान दिनुपर्ने कुराहरु बताउन लगाएर<br>• भुकम्प सम्बन्धी सिमुलेसन गरेको अवलोकन गरेर | २ |
| | | ६.५ हुरीवतास र चटयाङ् | • विभिन्न पत्रपत्रीकाहरु तथा पोष्टहरुमा प्रकाशित भएको हुरीवतास र चटयाङ् सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने<br>• हुरीबतास तथा चट्यांगले गरेको क्षति सम्बन्धी चित्र तथा भिडियो प्रदर्शन गर्ने र छलफल गराउने<br>• हुरीबतास र चट्याङसम्बन्धी भिडियो देखाउने र बच्ने उपाय वताउने | • हुरी बतासको परिचय सोधेर<br>• चटयाङको परिचय सोधेर<br>• हुरीबतास र चट्याङबाट बच्ने उपायहरु सोधेर | २ |

कक्षा ३

| क्र.स. | क्षेत्र/एकाइ/विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | मल्लरानी को परिचय | • आफू बसोबास गर्ने वडाको प्राकृतिक स्वरुप पहिचान गर्न<br>• आफ्नो वडाको सामान्य आकृति कोर्न र महत्वपूर्ण स्थलहरू देखाउन<br>• वडा अध्यक्षका काम बताउन<br>• वडा समितिको कामहरु बताउन<br>• | १.१ आफु वसेको वडाको प्राकृतिक स्वरुप तथा वडाको नक्सा निर्माण | • गाउपालिकाको नक्सादेखाइ विद्यार्थीहरुलाई उनीहरु बसोबास गर्ने वडाको प्राकृतिक स्वरुप पहिचान गर्न<br>• वडाको प्राकृतिक स्वरुपको अवलोकन भ्रमण गराउने र स्वरुप पहिचान गर्न लगाउने<br>• नक्सा कोर्ने सामान्य अभ्यास गराउने र आफ्नो वडाको सामान्य आकृति निर्माण र महत्वपूर्ण स्थलहरू देखाउने अभ्यास गराउने<br>• वडा अध्यक्ष र वडा समितिले गर्ने काम भन्नलगाइ छलफल गर्ने | • वडाको प्राकृतिक स्वरुप बताउन लगाएर<br>• नक्सामा आफ्नो विद्यालय,समुदाय संकेत भर्न लगाएर<br>• विद्यार्थीले निर्माण गरेको वडाको नक्साको अवलोकन गरेर | १३ |
| | | | १.२ आफ्नो गाउँ कार्यपालिका, वडा समिति र पालिकाका पदाधिकारीहरु | • गाउँ कार्यपालिकाको गठन प्रक्रिया बताउने<br>• वडासमितिको गठन प्रक्रिया र सदस्यसंख्या बताउने<br>• वडा अध्यक्षका मुख्य काम वताउने र लेख्न लगाउने<br>• वडा समितिका कामहरुको चार्ट वनाउने | • कार्यपालिका गठन प्रकृया सोधेर<br>• वडा समितिको गठन प्रक्रिया बताउन लगाएर<br>• वडा समिति तथा वडा अध्यक्षको काम सोधेर | ७ |
| | | गाउँ कार्यपालिकाको गठन प्रक्रिया बताउन<br>☐गाउँपालिकाका पदाधिकारीहरुको नाम बताउन | | ☐ गाउपालिकामा रहने पदाधिकारीहरु चित्र र चार्टसहित बताउने | | |
| २ | हाम्रो वातावरण | • गाउपालिकाका वनमा पाइने वन्यजन्तु र चराहरु पहिचान गर्न<br>• स्थानीय बोटबिरुवाहरूको परिचय दिन<br>• | २.१ वन्यजन्तु र चरा<br>☐गाउपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको नाम | • आफनो वडा तथा गाउपालिका भित्रका वनहरुमा भएका वन्य जन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• उक्त क्षेत्रमा हुने वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन/चित्र/ भिडियो सामग्रीको माध्यमबाट पहिचान पहिचान गर्न लगाउने<br>• उक्त क्षेत्रमा पाइने अन्य वन्यजन्तु तथा चराहरुको बारेमा सोधखोज गरी प्रस्तुत गर्न लगाउने | ☐स्थानीय स्तरमा भएका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाएर | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय बोटविरुवाको महत्व तथा उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका | २.२ बोटबिरुवा र बगैंचा<br>• स्थानीय बोटबिरुवाहरूको परिचय<br>• स्थानीय बोटविरुवाको महत्व तथा उपयोग<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह | • विद्यार्थीहरुलाई आफनो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको परिचय दिन लगाउने (नाम, पाइने स्थान, महत्व, उपयोग, वर्गीकरण)<br>• विद्यालय वरपर भएका बोटबिरुवाहरुको अवलोकन गराउने र तिनीहरुको सूची तयार गरी परिचय दिने/दिन लगाउने<br>• विद्यालयमा बाल बगैँचा निर्माणको महत्व र आवश्यकतामा छलफल गराउने (वातावरण स्वस्थ राख्न, सौन्दर्य, अध्ययन, जडीबुटी आदि)<br>• विद्यालयमा बाल बगैँचा निर्माण गर्ने तरिकाको जानकारी दिई बगैँचा निर्माणमा सहभागी गराउने<br>• सम्भव भए सम्म घरमा बगैँचा निमाण गर्ने परियाजना कार्य दिने र घरको अभिभावकलाई समेत यसको जानकारी दिई सहयोग गर्न लगाउने | • घर तथा विद्यालय वरपर भएका बोटबिरुवाहरुको नाम सोधेर<br>• अवलोकन गरेका बोटबिरुवाहरुको नाम भन्न लगाएर<br>• विद्यालयको बगैँचा निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घरमा बगैँचा निर्माण गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर | ८ |
| | | बताउन र सदुपयोग गर्न<br>• फोहोरमैला व्यवस्थापनको परिचय दिन | २.३ पानी<br>□घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न | • आफनो घर वरपर भएका पानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• चित्रको माध्यमबाट आफनो वरपर भएका पानीका स्रोतहरुको जानकारी दिने<br>• घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरुको अवलोकन गराई तिनीहरुको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, नदी) | • स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको उपयोग बताउन लगाएर<br>• घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• पानीलाई आवश्यकताअनुसार | ६ |
| | | • विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्न | | • घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरुको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरुलाई पिउन, खाना बनाउन, सफा गर्न,सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने | घर तथा विद्यालयका विभिन्न कार्यमा प्रयोग गरे नगरेको अवलोकन गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी हुन | २.४ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल)<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान<br>• वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागिता | • व्यक्ति, घर परिवार, विद्यालय तथा वातावरण स्वस्थ राख्नको लागि गरिने कार्यहरुको रुपमा सरसफाइलाई परिचित गराउने<br>• सरसफाइ गर्दा प्रयोग गरिने व्यक्तिगत सामग्रीको हिफाजत गर्ने कुराको बारेमा छलफल गर्ने र नमुना अभ्यास गराउने<br>• घर, विद्यालयबाट निस्कने फोहोरलाई सही तरिकाले विसर्जन र व्यवस्थापन गर्न गर्ने कार्यहरु नै फोहोरमैलाको व्यवस्थापनमा पर्ने कुरा बताउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना आदिबाट निस्कने फोहोरहरु ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरहरुलाई व्यवस्थापन गर्नको लागि सही ठाउमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपायहरु अपनाउनुपर्ने कुराहरुमा छलफल गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायस्तरमा सरसफाइ गर्दा नै वातावरण स्वस्थ हुने र यस कार्यले गर्दा रोगहरु नलाग्ने जस्ता फाइदाहरु हुने कुरा बताउने र छलफल गराउने<br>• घर वरपर, विद्यालय, छरछिमेक, समुदायको वातावरण सफा राख्ने उपायहरुमा छलफल गराउने र सरसफाइमा सहभागी गराउने र आफूले पनि सरसफाइमा सहभागी हुने<br>• घरवरपर, समुदाय तथा विद्यालयमा सरसफाइ गरेको असल अभ्यासहरु श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने | • सरसफाइको परिचय दिन लगाएर<br>• व्यक्तिगत सामग्रीको हिफाजत गर्ने तरिका सोधेर<br>• फोहोरमैला व्यवस्थापन गर्दा गर्नुपर्ने कुराहरु बताउन लगाएर<br>• घर तथा विद्यालय वरपर भएका फोहोरहरुलाई ठोस (कुहिने र नकुहिने) र तरलमा वर्गीकरण गर्न लगाएर<br>• फोहोरमैलको व्यवस्थापनमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घर वरपरको वातावरण सफा गरे नगरेको अभिभावकसँग प्रतिकिया लिएर<br>• विद्यालयको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर | १२ |
| ३ | हाम्रा सम्पदाहरु | • आफूलाई मन पर्ने गीतलाई लयमा गाउन<br>• गीत र तालमा लय, भाव र | ३.१ स्थानीय गीतहरु<br>घर तथा स्थानीय स्तरमा प्रचलित गीतहरु | • विद्यार्थीहरुलाई आफूले गाउन जानेको गीत गाउन लगाउने<br>• आफूलाई मन पर्ने गीतलाई लयमा गाउने अभ्यास गराउने<br>• गीतको लय, भाव र तालअनुसार स्थानीय प्रचलित गीतहरु गाउन लगाउने | विद्यार्थीहरुले गीतको लय, भाव र तालअनुसार गीत गाएको अवलोकन गरेर | ६ |
| | | | ३.२ स्थानीय नृत्यहरु | विद्यार्थीहरुलाई उनीहरुले नाँच्न जानेको नृत्य प्रदर्शन गर्न | विद्यार्थीहरुद्धारा अभ्यास गरिएका | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तालअनुसार नाँच्ने अभ्यास गर्न<br>• स्थानीय वाजा बजाउने अभ्यास गर्न<br>• जातजातिका रितिरिवाज बताउन<br>• आफूले सिकेका गीतहरूमा लय, ताल, भाव र चाल मिलाई एकल र सामूहिक नृत्य गर्न<br>• घर वा समुदायमा निर्मित सामानका विशेषता बताउन<br>• आफ्नो वडाको सामाजिक रहनसहन बताउन<br>• आफ्नो पालिकामा रहेका ऐतिहाँसिक, धार्मिक तथा प्रयटकीय सम्पदाको परिचय दिन<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती,गसठ दरवार) को महत्व बताउन | □घर तथा स्थानीय स्तरमा प्रचलित नृत्यहरु | लगाउने र त्यसको लागि मोबाइल वा ल्यापटपबाट गीत बजाउने प्रबन्ध मिलाउने<br>• स्थानीय स्तरका प्रचलित सामान्य नृत्यमा एकल वा सामूहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• सोरठी नाचको भिडियो देखाइ अनुकरणको एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• मारुनी नाचका भिडियोहरु प्रस्तुत गराई एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• प्रचलित बाजातालको नृत्यका भिडियोहरु देखाइ एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• स्थानीय स्तरमा चाडपर्वमा प्रचलिथ नृत्यहरुमा एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने | नृत्यको अवलोकन गरेर | |
| | | | ३.३ स्थानीय बाजाहरु<br>□घर तथा स्थानीय स्तरमा प्रचलित बाजाहरु | • स्थानीय स्तरमा बजाईने ऐतिहाँसिक पञ्चेबाजाहरु दमाहा, झ्याम्टा, सनई, टयाम्को र ढोलकीको चित्र प्रस्तुत गरेर तालसहित बजाउन अभ्यास गराउने<br>• स्थानीय स्तरमा प्रचलित बाँसुरी, मुरली,खैजडी र मादलका चित्रहरु प्रस्तुत गरेर सुर ताल बाजा छुट्याउन लगाउने र पालैपालो बजाउन अभ्यास गराउने<br>• उपलब्ध स्थानीय बाजा ल्याएर तालसहित बजाउदै ती बाजाको पहिचान गराउने | • स्थानीय लोकबाजाहरु बताउन लगाएर<br>• उपलब्ध स्थानीय बाजाहरु बजाएको अवलोकन गरेर | ८ |
| | | | ३.४ स्थानीय जातजातिहरु<br>• स्थानीय स्तरका जातजातिहरुको विशेषताहरु<br>• वडाको सामाजिक रहनसहन | • आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको पहिचान गरी उनीहरुका रितिरिवाज भन्न र लेख्न लगाउने<br>• ब्रहामणका रितिरिवाज भन्न र लेख्न लगाउने<br>• क्षेत्रीकारितिरिवाज भन्न लेख्न लगाउने<br>• स्थानीय स्तरमा भएका मगर जातका रितिरिवाज भन्न र लेख्न लगाउने<br>• वडामा रहेका मानिसले गर्ने सामाजिक रहनसहन बताउन लगाउने र चित्र वा चार्ट वा भिडियो प्रदर्शन गरी सामाजिक रहनसहन बताउने | • स्थानीय समुदायमा जातजातिहरुका रितिरिवाज सोधेर<br>• जातजातिअनुसारका रितिरिवाजको तालिका वनाउन लगाएर<br>• वडाका मानिसले गर्ने सामाजिक रहनसहन बताउन लगाएर | ६ |
| | | | ३.५.स्थानीय स्तरमा निर्मित सामग्रीका विशेषताहरु | • आफ्नो घर तथा समुदायमा चोयाबाट बनेका डोको, नाङलो, मान्द्रो, डालो आदी सामानको आकार,विशेषता र प्रयोग वताउन लगाउने<br>• आफ्नो घर तथा समुदायमा काठबाट बनेका गावु, ठेकी,मदानी, | □स्थानीय सामग्रीबाट बनेका सामग्रीको बनोट,विशेषता र प्रयोग बताउन लगाएर | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ढिकी जस्ता सामानको आकार,विशेषता र प्रयोग वताउन लगाउने | | |
| | | | ३.६. मल्लरानीका ऐतिहाँसिक, धार्मिक तथा पर्यटकिय सम्पदा ( रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी झँकिस्थान, पालुका थान) | • आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धथान मल्लरानी झँकिस्थान, पालुका थान आदि) को चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराई परिचय दिने<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती) को महत्व सम्बन्धमा छलफल गराउने र महत्व प्रष्ट पार्ने | • मल्लरानीका ऐतिहाँसिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको परिचय दिन लगाएर<br>• पालिकाभित्रका मन्दिहरुको महत्व बताउन लगाएर | १० |
| | | | • सराय नाच तथा कुलपूजा<br>• जात्राहरु( डोकेजात्रा, गाईजात्रा, रोपाईआदी) | • ऐतिहासिक सरायनाच को अवलोकन गराई छलफल गराउने<br>• सराय नाचको महत्व वताउन लगाउने<br>• नेवार समुदायका विभिन्न जात्राहरुका नाम भन्न लगाउने<br>• ती जात्रा कहिले गरिन्छ वताउन लगाउने | • सराय नाचका वारेमा वताउल लगाएर<br>• जात्राहरुका वारेमा वताउन लगाएर | |
| | | | | • | • | |
| ४ | स्थानीय पसो , व्यवसाय र प्रविधि | • घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहरुको प्रयोग र महत्व बताउन<br>• घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरुको प्रयोग र महत्व बताउन<br>• स्थानीय स्तरका जनावरसम्बन्धी व्यवसायहरुको परिचय दिन | ४.१ अन्नवालीहरु<br>घर तथा स्थानीय स्तरमा खेति गरिने अन्नहरुको प्रयोग र महत्व (मकै, गहुँ, धान, जौं, कोदो, फापर) | • आफनो घरमा उत्पादन गरिने अन्नहरुको नाम बताउन लगाउने र ती अन्न के के कामका लागि प्रयोग गरिन्छन ?छलफल गराउने<br>• आफनो वडा तथा गाउपालिका भित्रमा खेति गरिने अन्नहरु के के काममा प्रयोग गरिन्छ बताउन लगाउने<br>• उक्त ठाउँमा खेति गरिने मुख्य अन्नवालीहरु मध्ये आफुले कुन वालीको प्रयोग किन गरिन्छ बताउन लगाउने<br>• शिक्षकले घर तथा स्थानीय स्तरमा उत्पादन गरिने अन्नबालीहरुको चित्र तथा वास्तविक अन्नहरु नै प्रदर्शन गरी कुन अन्नवालीको के महत्व छ बताउन लगाउने र आवश्यक पृष्ठपोषण दिने | • अन्नबालीहरुको नाम बताउन लगाएर<br>• अन्नवालीहरुको प्रयोग बताउन लगाएर<br>• अन्नवालीहरुको महत्व बताउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीयस्तरका व्यवसायहरुको परिचय दिन<br>• स्थानीय परम्परागत प्रविधिको पहिचान गर्न | ४.२ तरकारी वालीहरु<br>☐ घर तथा स्थानीय स्तरमा खेति गरिने तरकारीहरुको प्रयोग र महत्व(आलु, गोलभेडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि) | • विद्यार्थीहरुलाई घर तथा स्थानीय स्तरमा उत्पादन गरिने कुन कुन तरकारीहरु प्रयोग गरिन्छन् ? छलफल गराउने<br>• तरकारीहरु कसरी प्रयोग गरिन्छ भनि वतउन लगाउने<br>• स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरुको चित्र तथा भिडियो वा सम्बन्धित तरकारी खेती गरिएको ठाउँमा भ्रमण गराई ती तरकारी बालीहरुको परिचय, महत्व र प्रयोग गर्ने तरिकामा छलफल गराउने | • घरमा खाने तरकारीको नाम भन्न लगाएर<br>• तरकारकिो महत्व बताउन लगाएर | १० |
| | | | ४.३जनावार सम्वन्धि व्यवसाय :स्थानीय स्तरका जनावर सम्वन्धि व्यवसायको | • आफनो घरमा पालिएका जनावारहरुका वारेमा वताउन लगाउने<br>• ती जनावरहरु किन पालिएको हो भनि वताउन लगाउने<br>• आफनो घर तथा समुदा्   यमा पालिएका जनावरहरु गाई, भैसीं, | • जनावर सम्बन्धी व्यवसायको परिचय दिन लगााएर<br>• ती जनावरहरु पालनको महत्व बताउन लगाएर | १० |
| | | | परिचय(मौरी पालन, बाखा पालन, कुखुरा पालन, वंगुर पालन) | बाखा, कुखुरा, वंगुर आदि पालनको परिचय दिने र यसरी पाल्नुको कारण वताउन लगाउने<br>• मौरी पालनको चित्र वा भिडियो वा मौरी पालन गरिएको स्थानको अवलोकन गराई मौरी पालनको परिचय दिने र यसको महत्वमा छलफल गराउने<br>• जनावरहरु पाल्दा हुने फाईदा बताउन लगाउने | • जनावरहरुको पालन गर्दा ध्यान दिनुपर्ने कुराहरु बताउन लगाएर<br>• आफनो घरमा पालन गरिएको् जनावरको महत्व बताउन लगाएर | |
| | | | ४.४ बुनाइ सम्वन्धि व्यवसाय : बुनाइ सम्वन्धि व्यवसायहरु (सिलाइ कटाइ , ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी आदि) र फलाम सम्वन्धि व्यवसायहरु | • घर तथा समुदायमा के कस्ता बुनाई सञ्चालन गरिएका बुनाइ सम्वधि के कस्ता व्यवसाय छन तिनका वारेमा वताउन लगाउने<br>• बुनाई सम्वन्धि व्यवसायहरु (सिलाइ कटाइ , ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी आदि) को सम्वन्धित वास्तविक सामग्री वा व्यवसाय गरिएको ठाउमा भ्रमण गराएर  वा चित्रको माध्यमबाट उल्लिखित व्यवसायको परिचय दिने<br>• यी व्यवस्थाहरु मध्ये आफनो गाउ वा टोल र घरमा कुन कुन व्यवसायहरु संचालन गरिएको छ ?  छलफल गराउने<br>• स्थानीय स्तरमा उल्लिखित व्यवसायबाट उत्पादित सामग्रीको प्रयोग कसरी गर्ने गरिएको छ ? छलफल गराउने | • बुनाई सम्वन्धि व्यवसायका वारेमा वताउन लगाएर<br>• तीनबाट उत्पादन भएका सामग्रीको नाम वताउन लगाएर<br>• स्थानीय स्तरमा बुनाइ सम्बन्धी व्यवसायबाट उत्पादित सामग्रीको प्रयोग सोधेर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४.५ स्थानीय प्रविधि<br>☐स्थानीय परम्परागत प्रविधिको पहिचान( ढीकी, जाँतो, पानीघटट् , पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) | • आफनो घर तथा समुदायमा के कस्ता पहिलेका उपयोगी सामग्री पाईन्छन बताउन लगाउने<br>• अभिभावकसँग सोधेर पहिले पिसने, कुटन, पेलने काम केबाट गर्नुहुन्थ्यो भनी सोधेर ल्याउन लगाउने<br>• विद्यार्थीले ल्याएका नामहरुका बारेमा कक्षामा छलफल गराउने<br>• शिक्षकले सम्भव भएमा त्यस्ता प्रविधिहरुको अवलोकन गराउने<br>• शिक्षकले स्थानीय स्तरमा प्रयोग गरिने प्रविधिहरुको बारेमा भ्रमण गराई वा चित्र वा भिडियो मार्फत परिचय र महत्व बताउने | • प्राचीन उपयोगी सामग्रीको नाम बताउन लगाएर<br>• स्थानीय स्तरमा प्रचलनमा रहेका परम्परागत प्रविधिका परिचय दिन लगाएर | १० |
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | ☐गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको | ५.१ शिक्षा क्षेत्रका विशिष्ट व्यक्तित्व<br>☐शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुराउने व्यक्तिको योगदान | • आफनो विद्यालयमा कसले के योगदान पुराएको छ बताउन् लगाउने<br>• विद्यालयका प्र.अ. वा स्थानीय विषय अध्यापन गर्ने शिक्षकसँग सोधेर विद्यालयमा व्यक्तिले गरेका योगदानको जानकारी लिन लगाउने | • शिक्षा क्षेत्रमा भए गरिएका योगदानका बारेमा बताउन लगाएर<br>• सम्मान गरेको अवलोकन गरेर | ४ |
| | | योगदान बताउन र सम्मान गर्न जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार) )<br>• गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको योगदान बताउन र सम्मान गर्न (कृष्ण प्रसाद श्रेष्ठ के.पी. मेडिकल, कालुसिंह)<br>• गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको योगदान बताउन र सम्मान | ☐शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुराउने व्यक्तिको सम्मान | • पालिकामा शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय जीत बहादुर नेवार) को परिचय र योगदान बताउने<br>• सम्भव भए सम्म उल्लिखित व्यक्तिहरुलाई विद्यालयमा आमन्त्रण गरी उनीहरुले पुरयाएको योगदान बताउन लगाउने्<br>• शिक्षा क्षेत्रमा योगदान पुऱ्याएबापत उनीहरुलाई सम्मान गर्न लगाउने | | |
| | | | ५.२ स्वास्थ्य क्षेत्रका विशिष्ट व्यक्तित्व<br>• स्वास्थ्या क्षेत्रमा विशिष्ट योगदान पुराउने व्यक्तिको योगदान<br>• स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुराउने व्यक्तिको सम्मान | • घर, समुदाय र स्थानीय स्तरमा स्वास्थ्य क्षेत्रमा योगदान पुरयाएका व्यक्तिहरु पहिचान गर्न लगाउने्<br>• पालिकामा स्वास्थ्य क्षेत्रमा योगदान पुरयाएका कृष्ण प्रसादश्रेष्ठको परिचय र योगदान बताउने<br>• सम्भव भए सम्म उल्लिखित व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी उनले पुरयाएको योगदान बताउन लगाउने<br>• स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याए बापत उनीहरुलाई सम्मान गर्न लगाउने | • स्वास्थ्य क्षेत्रमा भए गरिएका योगदानका बारेमा बताउन लगाएर<br>• सम्मान गरेको अवलोकन गरेर | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्न (वीर बहादुर राहुं, निम नारायण नकर्मी, केशर बहादुर, दुर्गा प्रसाद श्रेष्ठ अधिकारी, निम प्रसाद शर्मा , खगेस्वर उपाध्याय) | ५.३ विकास निर्माण क्षेत्रका विशिष्ट व्यक्तित्व<br>• विकास निर्माण विशिष्ट योगदान पुराउने व्यक्तिको योगदान<br>• विकास निर्माणमा विशिष्ट योगदान पुराउने व्यक्तिको सम्मान | • पालिकाको विकास क्षेत्रमा कसले के योगदान पुराएको छ बताउन लगाउने<br>• पालिकामा विकास क्षेत्रमा योगदान पुरयाएका वीर बहादुर राहुं, निम नारायण नकर्मी, केशर बहादुर अधिकारी आदीलाई सम्भव भए सम्म विद्यालयमा आमन्त्रण गरी उनीहरुले पुरयाएको योगदान बताउन लगाउने<br>• विकास क्षेत्रमा योगदान पुरयाएबापत उनीहरुलाई सम्मान गर्ने गर्न लगाउने | • विकास निर्माणमा भए गरिएका योगदानका वारेमा वताउन लगाएर<br>• विद्यार्थीले सम्मान गरेको अवलोकन गरेर | ६ |
| ६ | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय | प्राकृतिक विपदको कारण र असर बताउन आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चट्याङ् | ६.१ आगलागि | • विभिन्न पत्रपत्रिकाहरु तथा पोष्टहरुमा प्रकाशित भएका आगलागी सम्बन्धीका समाचार तथा चित्रहरु प्रर्दशन गरी आगलागीको पुनरावलोकन गराउने<br>• आगलागीले क्षति भएका संरचना आदि प्रकोप सम्बन्धी फोटा वा भिडियो देखाई छलफल गराउने र आगलागिका कारणहरु र असरहरु वताउने | • आगलागिका कारणहरु सोधेर<br>• आगलागीबाट हुने असरहरु बताउन लगाएर<br>• आगलागिबाट बच्ने उपाय सोधेर | २ |
| | | मानवीय विपद्को परिचय दिन (सडक दुर्घटना लगायत) | | आगलागि सम्वन्धि भिडियो देखाउने घर, विद्यालय र बाटोमा आगलागिबाट सुरक्षित हुने उपाय वताउने | | |
| | | | ६.२ सडक दुर्घटना | • विभिन्न पत्रपत्रिकाहरु तथा पोष्टरहरुमा प्रकाशित भएका सडक दुर्घटना सम्बन्धीका चित्रहरु प्रर्दशन गर्ने र चिनाउने<br>• सडक दुर्घटनासम्वन्धी भिडियो देखाउने र बच्ने उपाय वताउने<br>• सामान्य सडक नियमको वारेमा जानकारी गराउने | • सडक दुर्घटनाका कारणहरु सोधेर<br>• सडक दुर्घटनाका असरहरु बताउन लगाएर<br>• सडक दुर्घटनाबाट बच्ने उपाय सोधेर | २ |
| | | | ६.३ वाढी पहिरो | • विभिन्न पत्रपत्रिकाहरु तथा पोष्टरहरुमा प्रकाशित भएका, वाढी पहिरो सम्बन्धीका चित्रहरु वा श्रव्यदृश्य सामग्री अवलोकन गरी बाढी पहिरोको अवधारणा बताउने<br>• बाढी पहिरो जस्ता विपद् आउनाका कारणहरु र असरहरु सामग्रीको प्रयोग गरी छलफल गराउने र प्रष्ट पार्ने<br>• बाढी पहिरो सम्बन्धी भिडियो देखाउने र बच्ने उपाय वताउने | • फोटोहरु देखाई वाढी पहिरो आउनाका कारणहरु सोधरे<br>• बाढी पहिरोबाट हुने असरहरु बताउन लगाएर<br>• वाढीपहिरोबाट बच्ने उपाय बताउन लगाएर | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ६.४ भूकम्प | • भूकम्प सम्बन्धी भिडियो अवलोकन गरी भूकम्पको परिचय र कारण तथा असरहरुमा छलफल गराउने<br>• भूकम्प जानुअघि, जाँदाको समयमा र गइसकेपश्चात गर्नुपर्ने कार्यहरुमा छलफल गराउने<br>• झटपट झोलाको परिचय दिने र यसमा राख्नुपर्ने सामग्रीहरुको नामहरु र प्रयोग गर्ने तरिका बताउने<br>• भूकम्पबाट बच्ने उपायलाई सिमुलेसन गराउने | • भूकम्प जानुको कारणहरु सोधेर<br>• भूकम्पबाट हुने असरहरु बताउन लगाएर<br>• भूकम्पबाट बच्ने उपाय बताउन लगाएर | २ |
| | | | ६.५ हुरीवतास र चट्याङ | • चित्र वा भिडियो प्रदर्शन गरी हुरीबतासको अवधारणा बताउने<br>• हुरी वतास सम्बन्धी भिडियोकोमा छलफल गरी यसका कारण र बच्ने उपाय वताउने | • हुरीबतास आउनाका कारणहरु सोधेर<br>• हुरीबतास तथा चट्यांगबाट हुने असरहरु बताउन लगाएर<br>• हुरीबतास र चटयांगबाट बच्ने उपाय बताउन लगाएर | २ |

कक्षा ४

| क्र.स . | क्षेत्र/एकाइ /थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | मल्लरानी को परिचय | • वडा तथा पालिकाबाट हुने सेवाहरु पहिचान गर्न<br>• गाउ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्षको काम कर्तब्य र अधिकार बताउन<br>• गाउँ कार्यपालिकाको कामहरु बताउन<br>• गाउपालिकाको भौगोलिक स्वरूप र जनसङख्या बताउन्<br>• गाउँपालिकाको नक्सा निर्माण गरी सङकेतमा ् देखाउन<br>• आफू बस्ने गाउँ/टोल र विद्यालयको भौगोलिक अवस्थिति पहिचान गरी नक्सा कोर्न | १.१ वडाबाट प्राप्त हुने सेवाहरु | □आफू बसोबास गर्ने वडाले दिने सेवाहरु के के होलान् ? छलफल गराउने र चार्ट वा पोष्टरबाट वडाबाट प्राप्त हुने सेवाहरुको जानकारी गराउने | □वडाले प्रदान गर्ने सेवाहरु सोधेर | ५ |
| | | | १.२ आफ्नो गाउँ कार्यपालिका | • गाउँ कार्यपालिकाले गर्ने कामहरुमा छलफल गराउने<br>• गाउ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र अधिकार बताउने<br>• गाउ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्षलाई आमन्त्रण गरी उनीहरुले गर्ने कार्यहरुबारेमा बताउन लगाउने | • गाउँपालिकाका कामहरु सोधेर<br>• गाउँ कार्यकार्यपालिकाका अध्यक्ष र उपाध्यक्षको काम सोधेर | ५ |
| | | | १.३ .पालिकाकाको भूगोल र जनसंख्या | • गाउँपालिकाको नक्सा निर्माण र सङकेतमा देखाउने ् अभ्यास गराउने<br>• आफू बस्ने गाउँ/टोल र विद्यालयको भौगोलिक अवस्थिति पहिचान र नक्सा कोर्ने अभ्यास गराउने<br>• गाउपालिकाको भौगोलिक स्वरूप र जनसङख्याको ् तथ्याङक प्रस्तुत गर्ने | • गाउँपालिकाको भौगोलिक स्वरुप बताउन लगाएर<br>• गाउँपालिकाको जनसंख्या बताउन लगाएर<br>• गाउपालिकाको नक्सा कोरेको अवलोकन गरेर | ५ |
| २ | हाम्रो वातावरण | • गाउपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरुको परिचय दिन र महत्व बताउन<br>• वडाको वनमा पाइने | • २.१ वन्यजन्तु र चरा<br>• गाउपालिका भित्रका वनमा पाइने वन्जजन्तु र | • विद्यार्थीहरुलाई स्थानीय स्तरमा देखेका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• गाउपालिका भित्रका वनमा भएका वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन, चित्र, भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने | • गाउपालिका भित्रका वनमा भएका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाएर<br>• गाउपालिका भित्रका वनमा भएका वन्यजन्तु तथा चराहरुको महत्व बताउन | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | औषधिजन्य वनस्पतिहरुको नाम बताउन<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण र विकासको परिचय दिन<br>• गाउपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन, उपयोग बताउन र आवश्यकताअनुसार प्रयोग गर्न<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको | चराहरुको परिचय र महत्व | □नगरपालिका भित्रका वनमा रहेका वन्यजन्तु तथा चराहरुको महत्व सम्बन्धमा छलफल गराउने र<br>आवश्यक पृष्ठपोषण प्रदान गर्ने | लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग गर्न | २.२ बोटबिरुवा र बगैँचा<br>• वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरुको पहिचान<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी<br>• वातावरण र विकासको परिचय | • आफू बस्ने वडाका वनहरुको पहिचान गराउने<br>• उक्त वडामा भएका वनहरुमा पाइने औषधिजन्य वनस्पतिहरुको बारेमा चित्र, भिडियो, अवलोकनद्धारा पहिचान गराउने र तिनीहरुको उपयोगमा छलफल गराउने<br>• विद्यार्थीहरुलाई विद्यालयमा बालबगैंचा निर्माणमा सहभागी गराउने<br>• विद्यालय भित्र तथा विद्यालय वरपर वृक्षरोपण्मा विद्यार्थीहरुलाई सहभगी गराउने र वृक्षरोपण गर्दा हुने फाइदाहरुको बारेमा जानकारी दिने<br>• घर तथा विद्यालय वरपर भएका वस्तुहरुको पहिचान गर्न लगाउने<br>• वरपर भएका सजीव र निर्जीव वस्तुहरुको समग्रतालाई वातावरणको रुपमा परिचय गराउने<br>• पर्यावरण सन्तुलनमा नखल्बल्याइ उपलब्ध वस्तुहरुको सही सदुपयोग, वृक्षरोपण, उपयोग, सामाजिक आर्थिक, सांस्कृतिक भौतिक, प्राविधिक विकास गर्नुपर्ने पक्षमा छलफल गराउने र वातावरण र विकासबिच अन्योन्याश्रित सम्बन्ध रहेको जानकारी दिने | • वडाका वनमा भएका औषधिजन्य वनस्पतिहरुको नाम सोधेर<br>• विद्यालयको बालबगैँचा निर्माणमा सहयोग गरे नगरको अवलोकन गरेरे<br>• विद्यालयको वृक्षरोपण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• वातावरण र विकासको परिचय दिन लगाएर | १० |
| | | | २.३ पानी<br>☐गाउपाालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय, उपयोग र आवश्यकताअनुसार प्रयोग | • गाउपालिका भित्र भएका पानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• भिडियोद्धारा पानीका स्रोतहरुको जानकारी दिने<br>• गाउपालिका भित्र भएका पानीका स्रोतहरुको अवलोकन गराई तिनीहरुको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, नदी)<br>• गाउपालिका भित्र भएका पानीका स्रोतहरुको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरुलाई पिउन, खाना बनाउन, सफा गर्न,सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• उपलब्ध पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने | • गाउपालिका भित्र भएका पानीका स्रोतहरु र उपयोग बताउन लगाएर<br>• पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• पानीलाई आवश्यकताअनुसार घर तथा विद्यालयका विभिन्न कार्यमा प्रयोग गरे नगरेको अवलोकन गरेर | ८ |
| | | | | कुराको जानकारी दिने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २.४ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग | • घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरले स्थानीय स्तरमा पारेको असर (स्वास्थ्य, वातावरण, कृषि आदि) सम्बन्धमा श्रव्यदृश्य सामग्री, अवलोकन, चित्र आदिको माध्यमबाट छलफल गराउने<br>• घर, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण आदिको कारणले स्थानीय स्तरमा देखापरेका प्रदूषण जल, जमिन, ध्वनि, हावा) को अवस्थामा छलफल गराउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने/निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरहरुलाई सामान्यतया ठोस (कुहिने र नकुहिने), तरल र ग्याँस हावा) गरी तीन समूहमा वर्गीकरण गर्न सकिने कुरा बताउने<br>• यी विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरहरुलाई उचित तरिकाले विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा बताउने र व्यवस्थापनमा सहभागी गराउने | • फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर बताउन लगाएर<br>• स्थानीय स्तरमा वातावरण प्रदूषणको अवस्था बताउन लगाएर<br>• फोहोरमैलाको वर्गीकरण गर्न सके नसकेको बताउन लगाएर<br>• फाहोरमैलाको उचित तरिकाले विसर्जन, व्यवस्थापन गरे नगरेको अवलोकन गरेर | ८ |
| ३ | हाम्रा सम्पदाहरु | • स्थानीयस्तरका बालगीत गाउन<br>• स्थानीय वा प्रचलित कुनै मातृभाषाका गीतहरु समूहमा लय मिलाई गाउन<br>• स्थानीय बाजाहरूमध्ये कुनै दुई बाजाहरु बजाउने अभ्यास गर्न<br>• स्थानीय गीत वा मातृभाषाका गीत वा बालगीत मध्ये कुनै एक गीतमा लय र तालमा हाउभाउसहित | ३.१ स्थानीय गीतहरु<br>• स्थानीय स्तरका बालगीतहरु<br>• स्थानीय स्तरमा प्रचलित गीतहरु | • बालबालिकाले जानेका स्थानीयस्तरका बालगीत गाउन लगाउने<br>• पालिका तथा जिल्लास्तरका प्रचलित गीतहरु सोरठी,भैलो, मारुनी, भजन जस्ता गीतहरु एकल तथा समूहमा गाउने अभ्यास गराउने<br>• कक्षामा विद्यार्थीले गाउन सिकेका कुनै गीतमा बज्नेताललाई ताल वाद्य र तालीमा अभ्यास गराउने<br>• आफनो कक्षामा गाउन सिकेको स्थानिय गीत वा मातृभाषाका गीत गाउन लगाउने वा बालगीतमा लय र तालमा हाउभाउसहित गाउने अभ्यास गराउने | □बालगीत तथा स्थानीयस्तरका लोकगीतहरु गाएको अवलोकन गरेर | ४ |
| | | | ३.२ स्थानीय नृत्यहरु<br>□घर तथा स्थानीय | • स्थानीय स्तरका प्रचलित सामान्य नृत्यमा एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• सोरठी नाच बाजातालको भिडियो देखाइ अनुकरणको एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने | • विभिन्न प्रकारका नृत्यहरुको अभ्यास गराएर<br>• नृत्यका नामअनुसारका अनुकरण गर्न लगाएर | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नृत्य गर्न<br>• आफ्नो पालिकामा रहेका ऐतिहाँसिक, धार्मिक तथा प्रयटकीय सम्पदा को परिचय र महत्व बताउन<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती) को संरक्षण र प्रवर्धन गर्ने उपायहरु बताउन र सहभागी हुन | स्तरमा प्रचलित नृत्यहरु | अभ्यास गराउने<br>• मारुनी नाचका भिडियोहरु प्रस्तुत गराई एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने  अभ्यास गराउने<br>• प्रचलित बाजातालको नृत्यका भिडियोहरु देखाई एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• जिल्ला र प्रदेश स्तरमा चाडपर्वमा प्रचलित नृत्यहरुमा एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने | | |
| | | | ३.३ स्थानीय बाजाहरु<br>☐घर तथा स्थानीय स्तरमा प्रचलित बाजाहरु | • स्थानीय बाजाहरूको सामान्य परिचय र बजाउने अभ्यास गराउने<br>• स्थानीय स्तरमा बजाईने ऐतिहासिक पञ्चेबाजाहरु दमाहा, झ्याम्टा, सनई, टयाम्को र ढोलकी् मध्ये कुनै एक बाजा तालसहित बजाउन अभ्यास गराउने<br>• स्थानीय स्तरमा प्रचलित बाँसुरी,मुरली, खैजडी र मादलमध्ये सुर ताल बाजा छुट्याउन लगाउने र कुनै एक लोकबाजा पालैपालो बजाउन अभ्यास गराउने<br>• उपलब्ध स्थानीय बाजा ल्याएर तालसहित बजाउदै ती बाजाको पहिचान गराउने | ☐विभिन्न प्रकारका बाजाहरुलाई बजाउन लगाएर | ६ |
| | | | ३.४. मल्लरानीका ऐतिहाँसिक धार्मिक तथा पर्यटकीय सम्पदा तथा मन्दिरहरु रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट,चौरपानी सिद्धाथान मल्लरानी झँकिस्थान, पालुका थान तथा मन्दिरहरु ( भूमे, शिवालय, गणेशस्थान, गुठ दरवार भगवती) | • आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा प्रयटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी झँकिस्थान, पालुका थान) को चित्र, भिडियो वा प्रत्यक्ष भ्रमण गराई परिचय र महत्व छलफल गराउने<br>• पालिकामा रहेका मन्दिरहरु (भुमे, शिवालय, गणेशथान, भगवती) को संरक्षण र प्रवर्धन गर्ने उपायहरुमा छलफल गराउने र उक्त कार्यमा सहभागी गराउने<br>• गुठ दरवारको भिडियो प्रदर्शन गर्ने र सम्भव भएसम्म प्रत्यक्ष अवलोकन गराउने | • आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा प्रयटकीय स्थलको परिचय र महत्व बताउन लगाएर<br>• पालिकामा रहेका मन्दिरहरुको संरक्षण र प्रवर्धन गर्ने उपायहरु बताउन लगाएर<br>• उक्त कार्यमा सहभागी भएको अवलोकन गरेर | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सराय नाच तथा विभिन्न जात्राहरु | • सराय नाचको महत्व वताउन लगाउने<br>• नेवार समुदायमा जात्राहरु किन निकालिन्छ भनि वताउन लगाउने<br>• | • सराय नाच तथा जात्राहरुको वारेका वताउन लगाएर | |
| | | | | • | • | |
| | | | | | | |
| ४ | स्थानीय पेशा , व्यवसाय र प्रविधि | • घरमा खेती गरिने अन्नहरुको उत्पादनमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा उत्पादन गरिने तरकारीहरुको उत्पादनमा सहयोग गर्न<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको महत्व र फाइदा बताउन<br>• स्थानीयस्तरका बुनाइ र निर्माणसम्बन्धी व्यवसायहरुको महत्व र फाइदा<br>• स्थानीय परम्परागत प्रविधिको परिचय दिन | ४.१ घरमा खेती गरिने अन्नहरुको उत्पादनमा सहयोग धन,मकै , गहुँ ,जौं आदी | • विद्यार्थीहरुलाई घरमा खेती गरिने अन्नको उत्पादनमा परिवारका सदस्यलाई के के सहयोग गर्छौ भनी वताउन लगाउने<br>• विद्यार्थीहरुलाई घरमा खेति गरिने अन्नको उत्पादनमा परिवारका कुन कुन सदस्यले के के काम गर्नु हुन्छ बताउन लगाउने र आफूले गरेको सहयोग बताउन लगाउने<br>• घरमा खेती गरिने अन्नहरु उत्पादनमा आफूले सकेको कार्यमा सहयोग गर्नुपर्ने कुरा बताउने | • विद्यार्थीहरुले अभिभावकलाई गरेको सहयोग वताउन लगाएर<br>• अन्न उत्पादनमा सहयोग गरेको सम्बन्धमा अभिभावकको प्रतिक्रिया लिएर | ६ |
| | | | ४.२ घर तथा विद्यालयमा उत्पादन गरिने तरकारी उत्पादनमा सहयोग (आलु, गेलभेंडा काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि) | • विद्यार्थीहरुलाई घरमा खेती गरिने तरकारी उत्पादनमा परिवारका सदस्यलाई के के सहयोग गर्छौ भनी वताउन लगाउने<br>• विद्यार्थीहरुलाई घरमा खेति गरिने तरकारी उत्पादनमा परिवारका कुन कुन सदस्यले के के काम गर्नु हुन्छ बताउन लगाउने र आफूले गरेको सहयोग बताउन लगाउने<br>• घरमा खेती गरिने तरकारी उत्पादनमा आफूले सकेको कार्यमा सहयोग गर्नुपर्ने कुरा बताउने | • विद्यार्थीहरुले अभिभावकलाई गरेको सहयोग बताउन लगाएर<br>• तरकारी उत्पादनमा सहयोग गरेको सम्बन्धमा अभिभावकको प्रतिक्रिया लिएर | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४.३ स्थानीय स्तरका पशुपंक्षी सम्वन्धि व्यवसायहरुको महत्व र फाईदा (मौरी पालन, बाख्रा पालन, कुखुरा पालन, वंगुर पालन) | • गाउपालिका भित्र भएका पशुपंक्षी सम्वन्धि व्यवसायहरुको सुची वनाउन  लगाउने<br>भिडियोद्धारा पशुफर्महरुको जानकारी दिने<br>• गाउपालिका भित्र भएका केही पशुफर्महरुको अवलोकन गराई तिनीहरुको महत्व वताउन लगाउने<br>• पशु फर्म सञ्चालन गर्दा के के फाईदा लिन सकिन्छ भनि वताउन लगाउने<br>• मौरी पालनसम्बन्धी चित्र वा भिडियो वा प्रत्यक्ष रुपमा मौरीपालन भएको ठाउँमा भ्रमण गराई मौरीपालनबाट हुने फाइदा र महत्व (स्वास्थ्य, आर्थिकलगायत) मा छलफल गराउने | • गाउपालिका भित्र भएका पशु फर्महरुको नाम वताउन लगाएर<br>• जनावर सम्वन्धि व्यवसायहरुको महत्व वताउन लगाएर<br>• जनावर सम्वन्धि व्यवसायहरुवाट हुने फाईदा वताउन लगाएर<br>• मौरीपालनबाट हुने फाइदा र महत्व बताउन लगाएर | ८ |
| | | | ४.४ स्थानीय स्तरका बुनाई र निर्माण सम्वन्धि व्यवसायहरुको महत्व र फाईदा बताउन ( सिलाइ कटाइ, ब्युटी पार्लर , बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी फलामका सामग्रीआदि) | गाउपालिका भित्र भएका बुनाइ सम्वन्धि व्यवसायहरुको सुची वनाउन  लगाउने<br>• गाउपालिका भित्र भएका केही बुनाई सम्वन्धि व्यवसायको अवलोकन गराई तिनीहरुको महत्व वताउन लगाउने लगाउने<br>• बुनाई सम्वन्धि व्यवसायहरुको वर्गिकरण गर्न लगाउने<br>• बुनाइ सम्वन्धि व्यवसाय सञ्चालन गर्दा के के फाईदा लिन सकिन्छ भनि वताउन लगाउने<br>• बुनाई सम्वन्धि व्यवसायहरुवाट उत्पादन गरिएका कुन कुन वस्तुहरु तिमिहरुले प्रयोग गरेका छौ भनि वताउन लगाउने<br>• काठवाट बनेका सामाग्री के कामका लागि प्रयो गरिन्छ भनि वताउन लगाउने<br>• फलामबाट वनेका सामग्रीहरुको प्रयोग वताउन लगाउने<br>• | गाउपालिका भित्र भएका बुनाई सम्वन्धि व्यवसायका नाम वताउन लगाएर<br>• बुनाइ सम्वन्धि व्यवसायहरुको महत्व वताउन लगाएर<br>• बुनाइ सम्वन्धि व्यवसायहरुवाट हुने फाइदा वताउन लगाएर<br>• काठबाट बनेका सामाग्रीको प्रयोग बताउन लगाएर<br>• फलामबाट वनेका सामग्रीको प्रयोग बताउन लगाएर | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४.५ स्थानीय परम्परागत प्रविधिको परिचय (ढींकी, जाँतो, पानीघटट् , पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) | • स्थानीय स्तरमा भएका परम्परागत प्रविधिहरुको नाम बताउन लगाउने<br>• विद्यार्थीहरुलाई समुदायमा लगेर परम्परागत प्रविधिहरु ( ढीकी, जाँतो, पानी घटट् ा, पानी मिल, कोल, आरन, काठको हलो, जुवा नारा) को अवलोकन गराउने र परिचय दिने<br>• परम्परागत प्रविधिहरुले गर्ने काम वताउन लगाउने<br>• परम्परागत प्रविधिले गर्ने काम र महत्व बताउने | • परम्परागत प्रविधिको परिचय दिन लगाएर<br>• परम्परागत प्रविधिले गर्ने नाम बताउन लगाएर<br>• परम्परागत प्रविधिको महत्व बताउन लगाएर | ५ |
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | • गाउपालिकाको शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने संस्थाको परिचय दिन<br>• गाउपालिकाको सामाजिक क्षेत्रको विकासमा योगदान पुऱ्याउने संस्थाको परिचय दिन<br>• गाउपालिकाको स्वास्थ्य क्षेत्रमा | ५.१ शिक्षा क्षेत्रमा योगदान पुराउने संस्थाहरुको परिचय ( प्युठान क्याम्पस, महेन्द्र नमुना मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बो) | • विद्यार्थीहरुलाई शैक्षिक संस्थाका वारेमा बताउन लगाउने<br>• पालिका भित्रका शिक्षा क्षेत्रमा योगदान पुराउने मुख्य सस्थाहरुका नाम वताउन लगाउने<br>• चित्र चार्ट वा भिडियो मार्फत शिक्षा क्षेत्रमा योगदान पुरयाउने प्युठान क्याम्पस, महेन्द्र नमुना मावि, भानुभक्त प्राविधिक माविको परिचय दिने<br>• उल्लिखित सस्थाहरु मध्ये कुनै शैक्षिक संस्थाको अवलोकन गराउने र सम्बन्धित संस्थाका व्यक्तिबाट संस्थाले गरेका कार्यहरु र संस्थाको परिचय दिन लगाउने | • शैक्षिक संस्थाको परिचय दिन लगाएर<br>• प्रमुख शैक्षिक संस्थाका नाम बताउन लगाएर<br>• शैक्षिक संस्थाले प्रदान गर्ने सेवा वताउन लगाएर | ४ |
| | | योगदान पुऱ्याउने संस्थाको परिचय दिन | • ५.२ सामाजिक संस्थाहरुको परिचय ( मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, , अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च, वन महासघं र एफ.एम.रेडियोहरु) ) | • सामाजिक संस्थाको अर्थ वताउन लगाउने<br>• □सामाजिक संस्थाहरुको सुची वनाउन लगाउने मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, , अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च, वन महासघं र एफ.एम.रेडियोहरु,सहकारी संस्थाहरु)<br>• जस्ता सामाजिक क्षेत्रमा योगदान गर्ने संस्थाको परिचय दिने र सम्बीन्धत संस्थाका व्यक्तिहरुलाई कक्षामा आमन्त्रण गरेर वा विद्यार्थीहरुलाई उक्त संस्थामा लिएर संस्थाको परिचय र उक्त संस्थाले गर्ने कार्य तथा पुरयाउने सेवाहरुको बारेमा बताउन ्लगाउने<br>• सामाजिक संस्थाले गर्ने कामका वारेमा वताउन लगाउने | • सामाजिक संस्थाका नाम वताउन लगाएर<br>• सामाजिक संस्थाले गर्ने काम वताउन लगाएर | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५.३ स्वास्थ्य संस्थाको परिचय प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) | स्वास्थ्य संस्थाका नाम वताउन लगाउने<br>चित्र वा भिडियोको माध्यम वा उक्त संस्थाका व्यक्तिलाई आमन्त्रण गरेर वा विद्यार्थीलाई नै उक्त संस्थामा भ्रमण गरी प्राथमिक स्वास्थ्य केन्द्र खलंगाको परिचय दिने वा दिन लगाउने र उक्त संस्थाबाट प्राप्त हुने सेवाहरुको बारेमा जानकारी गराउने | • स्वास्थ्य संस्थाका नाम वताउन लगाएर<br>• प्राथमिक स्वास्थ्य केन्द्र खलंगको परिचय दिन लगाएर तथा उक्त संस्थाले दिने सेवा वताउन लगाएर | २ |
| ६ | विपद् व्यवस्थाप न तथा सुरक्षित विद्यालय | • प्राकृतिक विपदबाट् बच्ने उपायहरु बताउन (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चट्याङ)<br>• मानवीय विपद्का कारणहरु र असरहरु बताउन | ६.१ आगलागि, बाढी पहिरो, भूकम्प, हुरीबतास र चटयाङ) (बच्ने उपाय) | • विभिन्न पत्रपत्रिका, चित्र, चार्ट, पोष्टर, श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्राकृतिक विपदहरु् (आगलागी, बाढी, पहिरो, भूकम्प, हुरीबतास, चटयाङ) को परिचय दिने<br>• उल्लिखित प्राकृतिक विपदबाट बच्ने उपायहरुमा छलफल गराउने र सम्बन्धीत स्थानमा भ्रमण गराई ती विपदबाट जोगिन गरिएका प्रयासहरु र अपनाउनुपर्ने सावधानीको बारेमा जानकारी दिने<br>• भूकम्प तथा आगलानीबाट बच्ने उपायहरुलाई सिमुलेसन गराइ अभ्यास गराउने | • आगलागी, बाढी, पहिरो, भूकम्प, हुरीबतास, चटयाङबाट बच्ने उपायहरु बताउन लगाएर<br>• सिमुलेनस गरेको अवलोकन गरेर | ८ |
| | | | ६.२ मानवीय विपदका कारणहरु् र असरहरु बताउन | • मानवीय विपद्का क्षेत्रहरु पहिचान गर्न लगाउने र जानकारी दिने<br>• मानवीय विपद् (सडक दुर्घटना, पहिरो, आगलागी) हुने कारणहरु पहिचान गर्न लगाउने र तिनबाट हुने असरहरुमा छलफल गराउने , विपद सम्वन्धी भिडियो देखाइ छलफल गराउने | • मानवीय विपद्का कारणहरु सोधेर<br>• मानवीय विपद्बाट सिर्जित असरहरु बताउन लगाएर | २ |

**कक्षा ५**

| क्र.स. | क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | मल्लरानीको परिचय | • मल्लरानी गाउपालिकाको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवनको विशेषता उल्लेख गर्न<br>• आफु बसोबास गरेको जिल्लाको नक्सा कोर्न र नक्सामा गाउपालिका देखाउन<br>• लुम्बिनी प्रदेशको नक्सा निर्माण गरी आफु बसोबास गरेको जिल्ला र गाउपालिकालाई सङकेतमा देखाउन्<br>• लुम्बिनी प्रदेश अन्तर्गतका पालिका र मुख्य | १.१ मल्लरानीको प्राकृतिक स्वरुप हावापानी र सामाजिक विशेषता | • चित्र वा पोष्टर वा नक्सको माध्यमबाट मल्लरानी गाउपालिकाको प्राकृतिक स्वरूपको विशेषताको बारेमा अलफल गर्ने<br>• मल्लरानी भित्र पाइने हावापानी र वनस्पतिको बारेमा जानकारी गराउने र उक्त विषयवस्तुको लागि परियोजना कार्य गराउने<br>• मल्लरानीको जनसङ्ख्या र सामाजिक जनजीवनको विशेषताहरुको चित्र, चार्ट, श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी गराउने | • मल्लरानीको प्राकृतिक स्वरुप, हावापानी र वनस्पतिको परिचय दिन लगाएर<br>• मल्लरानीको जनसंख्या र सामाजिक जनजीवनको बारेमा बताउन लगाएर | ३ |
| | | | १.२ भौगोलिक स्वरुप र नक्सा निर्माण<br>• गाउपालिकाको नक्सा निर्माण<br>• जिल्लाको नक्सामा गाउपालिका देखाउने अभ्यास<br>लुम्बिनी प्रदेशको नक्सामा जिल्लाका पालिकाहरुलाई संकेतमा देखाउने अभ्यास | • नक्सा कोर्ने र नक्सामा मुख्य मुख्य स्थान देखाउने तरिकालाई सरल विधि प्रदर्शन गर्ने<br>• आफु बसोबास गरेको जिल्लाको नक्सा कोर्ने लगाउने<br>• जिल्लाको नक्सामा मल्लरानी गाउपालिका देखाउन लगाउने<br>• लुम्बिनी प्रदेशको नक्सा निर्माण गर्ने र आफु बसोबास गरेको जिल्ला र गाउपालिकालाई सङ्केतमा देखाउने अभ्यास गराउने<br>• लुम्बिनी प्रदेशको नक्साको सहयोगमा प्रदेश अन्तर्गतका पालिका र मुख्य स्थानहरुलाई नक्सामा हेर्न र पढने ‸ अभ्यास गराउने | • पालिकाको नक्सा कोरेको अवलोकन गरेर<br>• जिल्लाको नक्सामा पालिकाको संकेत गरेको अवलोकन गरेर<br>• लुम्विनी प्रदेशको नक्सा बनाइ पालिका देखाएको अवलोकन गरेर<br>• लुम्विनी प्रदेशको नक्सामा प्युठान जिल्ला र प्युठानका ९ वटै पालिकालाई संकेत गरेको अवलोकन गरेर | ६ |
| | | | १.३.गाउँपरिषद , गाउँसभा र न्यायिक | □गाउँसभाको गठन प्रक्रिया लेखिएको चार्ट प्रस्तुत गरी कक्षामा अभ्यास गराउने गाउ परिषदको गठन प्रकृया | □गाउ परिषद, गाउँसभा र न्यायीक समिति को गठन प्रकृया सोधेर | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानहरुलाई नक्सामा हेर्न र पढन्<br>• गाउ परिषद र गाउँसभाको गठन प्रक्रिया बताउन तथा मुख्य मुख्य कामहरु बताउन<br>• न्यायिक समितिको गठन र कामहरु बताउन | समितिको गठन तथा मुख्य कामहरु | लेखिएको चार्ट प्रस्तुत गरी कक्षामा अभ्यास गराउने<br>• न्यायिक समितिको गठन प्रकृया लेखिएको चार्ट प्रस्तुत गरी कक्षामा अभ्यास गराउने गाउ परिषदको काम लेखिएको चार्ट प्रस्तुत गरी कक्षामा छलफल गराउने<br>• गाउँसभाको काम लेखिएको चार्ट प्रस्तुत गरी कक्षामा अभ्यास गराउने<br>• न्यायिक समितिको काम लेखिएको चार्ट प्रस्तुत गरी कक्षामा छलफल गराउने | गाउ परिषद, गाउँसभा र न्यायीक समितिका कामहरु बताउन लगाएर | |
| २ | हाम्रो वातावरण | • गाउपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग र महत्व वर्णन गर्न<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी हुन<br>• गाउपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>• गाउपालिका क्षेत्रमा जलस्रोतको | २.१ औषधीजन्य वनस्पति र बगैंचा<br>• गाउपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग र महत्व<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण | • गाउपालिका भित्रका वनमा पाइने औषधीजन्य वनस्पतिहरुको अवलोकन गराएर वा चित्र वा भिडियो अवलोकन गराएर परिचय गराउने<br>• ती औषधीजन्य वनस्पतिहरुको महत्व तथा उपयोग के के कामका लागि प्रयोग गरिन्छ होला ? भन्ने प्रश्नमा छलफल गराउने<br>• ती वनस्पतिहरुको प्रयोग सम्बन्धमा चित्रसहित प्रस्तुति गर्ने<br>• घर तथा विद्यालयमा ती औषधीजन्य वनस्पति तथा फलफूलको उत्पादन गर्नको लागि बगैँचा बनाउन सकिने कुरा बताउने<br>• विद्यालयको बगैँचामा औषधीजन्य वनस्पति र फलफूल रोपन गर्न विद्यार्थीहरुलाई सहभागी गराउने अभिभावकको सहयोगमा घरमा सम्भव भएसम्म औषधीजन्य वनस्पति र फलफूल बगैँचा तयार गर्न लगाउने | • औषधीजन्य वनस्पतिहरुको परिचय दिन लगाएर<br>• औषधीजन्य वनस्पतिहरुको उपयोग बताउन लगाएर<br>• घरमा औषधीजन्य वनस्पति तथा फलफूल रोपन गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर<br>• विद्यालयमा औषधीजन्य वनस्पति तथा फलफूल रोपनमा सहभागी भए नभएको अवलोकन गरेर | १० |
| | | | २.२ वातावरण संरक्षण<br>□गाउपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको | • गाउपालिका क्षेत्र भित्रका वनमा पाइने वनस्पति र जीवजन्तुको संरक्षण गर्नुको महत्व सम्बन्धमा छलफल गराउने<br>• उक्त क्षेत्रभित्रका वनस्पति र जीवजन्तुहरुको संरक्षणको लागि विद्यार्थी, समुदाय, विद्यालयको भूमिका सम्बन्धमा छलफल गराउने | • गाउपालिका क्षेत्रभित्रका वनस्पति तथा जीवजन्तुको संरक्षणको महत्व बताउन लगाएर<br>• उक्त कार्यको लागि विद्याथी, विद्यालय र समुदायको भूमिका व्यक्त गर्न लगाएर | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रदूषणका कारण र असरहरु पहिचान गर्न<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन<br>• वातावरण संरक्षणको परिचय दिन<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी गरी अवलम्बन गर्न | भूमिका □वातावरण संरक्षणको परिचय | वातावरण (सजीव र निर्जीव वस्तुहरु) को संरक्षण भनेको के होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने र वातावरण संरक्षणको उदाहरणसहित प्रष्ट पार्ने (जीवजन्तुको संरक्षण, वनस्पतिको संरक्षण, वनसम्पदान, जलसम्पदाको संरक्षण) | □वातावरण संरक्षणको परिचय बताउन लगाएर | |
| | | | २.३ प्रदूषण र फोहोरमैला व्यवस्थापन<br>• गाउपालिका क्षेत्रमा जलस्रोतको प्रदूषण : कारण र असरहरु<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरु ( कम उपयोग, पुन प्रयोग र पुनचक्रण) | • जलप्रदूषण भनेको के हो होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने ।<br>• घर, विद्यालय, नगरपालिका क्षेत्रभित्रका विभिन्न स्रोत तथा स्थानमा भएको पानी र त्यसमा देखिएको प्रदूषणको बारेमा अवलोकन, चित्र तथा भिडियोको माध्यमबाट प्रष्ट पार्ने<br>• उक्त क्षेत्र तथा विभिन्न स्थानमा जलप्रदूषण हुनुका कारणहरुमा छलफल गराउने<br>• गाउपालिका क्षेत्रभित्र देखिएको पानी प्रदूषणबाट देखिएको असरहरु (बोटबिरुवा, मानिस तथा अन्य जनावर, वातावरण आदिमा) मा छलफल गराउने<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा भएको फोहोरमैला व्यवस्थापनमा विधिहरु (कम प्रयोग गर्ने, पुनः उपयोग गर्ने र पुनः चक्रण गर्ने) मा उदाहरणसहित छलफल गराउने<br>घरपरिवार, विद्यालय तथा समुदायस्तरबाट फोहोरमैला व्यवस्थापनमा उपायहरु अवलम्बन गर्न लगाउने | • जलप्रदूषणको परिचय सोधेर<br>• जलप्रदूषण हुने कारणहरु बताउन लगाएर<br>• जलप्रदूषणबाट देखिएका असरहरु बताउन लगाएर<br>• घर तथा विद्यालयबाट निस्केका फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर | ११ |
| | | | २.४ ऊर्जा र वातावरण संरक्षण<br>घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय | • ऊर्जा वा शक्ति भनेको के हो ? प्रश्नमा छलफल गराउने<br>• घर तथा विद्यालयमा प्रयोग भइरहेका ऊर्जाहरु (विद्युत, सोलार ऊर्जा, दाउरा, जैविक इन्धन, जीवावशेष इन्धन आदि) पहिचान गर्न लगाउने<br>• उल्लिखित ऊर्जाहरुको आधारमा ती ऊर्जाको परिचय दिने<br>• ऊर्जाको प्रयोग मितव्ययी तवरले गर्नुपर्ने कुरा बताउने | • ऊर्जाको परिचय दिन लगाएर<br>• घर तथा विद्यालयमा भएका ऊर्जाका स्रोतहरु बताउन लगाएर | ३ |
| ३ | हाम्रा सम्पदाहरु | • जिल्ला तथा प्रदेशस्तरका प्रचलित गीतहरु गाउने अभ्यास गर्न<br>• स्थानीय | ३.१ लोकगीतहरु | • गाउपालिका, जिल्ला तथा प्रदेशस्तरमा गाइने लोकगीतहरु जानकारी श्रव्यदृश्यको माध्यमबाट सुनाउने र ती गीतहरु मध्ये मुख्य मुख्य गीतहरु गाउने अभ्यास गराउने<br>• गाउने विद्यार्थीहरुलाई गीतहरु गाउन लगाउने र अरुलाई | • बालबालिकाहरुले गाएको अवलोकन गरेर<br>• गायनमा सहभागी भएको अवलोकन गरेर | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बाजाहरूको सामान्य परिचय दिन र बजाउने अभ्यास गर्न | | समेत गाउने अभ्यासमा सरिक गराउने जिल्ला तथा प्रदेशस्तरका प्रचलित गीतहरु सोरठी, भैलो, मारुनी, भजन जस्ता गीत गाउने अभ्यास गराउने | | |
| | | • कक्षामा आफूले गाउन सिकेका कुनै गीतमा बज्नेताललाई ताल वाद्य र तालीमा अभ्यास गर्न<br>• आफनो कक्षामा गाउन सिकेको स्थानिय गीत वा मातृभाषाका गीत वा बालगीतमा लय र तालमा हाउभाउसहित नृत्य गर्न<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, | ३.२ स्थानीय बाजाहरु □घर तथा स्थानीय स्तरमा प्रचलित बाजाहरु | • स्थानीय स्तरमा बजाइने लोकबाजाहरु पहिचान गराउने<br>• स्थानीय बाजाहरूको सामान्य परिचय दिने र बजाउने अभ्यास गराउने<br>• स्थानीय स्तरमा बजाईने ऐतिहाँसिक पञ्चेबाजाहरु दमाहा, झ्याम्टा, सनई, टयाम्को र ढोलकी) लगायत अन्य बाजाहरु बजाउने अभ्यास गराउने र यसको लागि लोकबाजा बजाउन जान्ने स्थानीय स्रोतव्यक्तिलाई आमन्त्रण गरी बजाउन सिकाउने<br>• लोकबाजाको साथसाथै तालसहित बजाउन अभ्यास गराउने<br>• स्थानीय स्तरमा प्रचलित बाँसुरी,मुरली,खैजडी र मादल बाजा बजाउने अभ्यास गराउने<br>उपलब्ध स्थानीय बाजा ल्याएर तालसहित बजाउदै ती बाजाको पहिचान, महत्व र संरक्षणका उपायहरु बताउने | • विभिन्न प्रकारका बाजाहरुलाई बजाउन लगाएर<br>• स्थानीय बाजाहरुको महत्व तथा संरक्षणका उपायहरु सोधेर | ८ |
| | | धार्मिक तथा प्रयटकीय सम्पदा ( रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी झँकिस्थान, पालुका थान,गुठ दरवार आदी) को संरक्षण र प्रवर्धन गर्ने उपायहरु बताउन र सहभागी हुन<br>• मल्लरानी | ३.३ स्थानीय नृत्यहरु आफनो कक्षामा गाउन सिकेको स्थानिय गीत वा मातृभाषाका गीत वा बालगीतमा लय र तालमा हाउभाउसहित नृत्य अभ्यास | • स्थानीय स्तरका प्रचलित सामान्य नृत्यमा एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• आफनो कक्षामा गाउन सिकेको स्थानिय गीत वा मातृभाषाका गीत वा बालगीतमा लय र तालमा हाउभाउसहित नृत्य अभ्यास गराउने<br>• जिल्ला तथा प्रदेशस्तरका प्रचलित गीतहरु गाउने अभ्यास गराउने<br>• सोरठी नाच बाजातालको भिडियो देखाइ अनुकरणको एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• मारुनी नाचका भिडियोहरु प्रस्तुत गराई एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>• □प्रचलित बाजातालको नृत्यका भिडियोहरु देखाई एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने<br>□जिल्ला र प्रदेश स्तरमा चाडपर्वमा प्रचलिथ नृत्यहरुमा एकल वा सामुहिक ताल र भाव मिलाई नाच्ने अभ्यास गराउने | • विभिन्न प्रकारका नृत्यहरुको अभ्यास गराएर<br>• नृत्यको अवलोकन गरेर | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ३.४ आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा प्रयटकीय स्थलको संरक्षण र प्रवर्धन गर्ने उपायहरु मल्लरानीका ऐतिहाँसिक धार्मिक तथा पर्यटकिय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी, सिद्धाथान मल्लरानी, झँक्रिस्थान, पालुका थान,गसठ दरवार) | • आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी झँक्रिस्थान, पालुका थान) को संरक्षण र प्रवर्धन गर्ने उपायहरुमा छलफल गराउने<br>• मल्लरानी गाउपालिका भित्रका पर्यटक स्थलको परिचय, महत्व र संरक्षण गर्ने उपयाहरुको छलफल गर्ने<br>• मल्लरानी गाउपालिकामा रहेका उक्त स्थलहरुको संरक्षणमा विद्यार्थी, शिक्षक, विद्यालय, घरपरिवार, समुदायको भूमिकामा छलफल गराउने<br>• उक्त स्थलको संरक्षण र प्रवर्धनमा विद्यार्थीहरुको सहभागिता गराउने<br>• गाउपालिकामा रहेका पर्यटकीय स्थलहरुमा आन्तरिक पर्यटनको व्यवस्थापन गरी विद्यार्थीहरुलाई सहभागी गराउने र उक्त स्थलको महत्व र संरक्षण गर्ने उपायहरुमा छलफल गराउने | • आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाको संरक्षण र प्रवर्धन गर्ने उपायहरु बताउन लगाएर<br>• मल्लरानी गाउपालिका भित्रका पर्यटक स्थलको परिचय, महत्व र संरक्षण गर्ने उपयाहरुको बताउन लगाएर<br>उक्त स्थलहरुको संरक्षणमा विद्यार्थीको सहभागिताको अवलोकन गरेर | १० |
| ४ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | • घरमा उत्पादित अन्नहरुको भण्डारण, विक्री वितरण र संरक्षणमा सहभागी हुन<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको भण्डारण,बजारीकरण र संरक्षणमा सहभागी हुन<br>• स्थानीयस्तरका पशुपंक्षीसम्बन्धी | ४.१ घरमा खेती गरिने अन्नहरुको भण्डारण विकि वितरण र संरक्षण (मकै, गहुँ, धान, जौं, कोदो, फापर, मकै आदि) | • घरमा खेती गरिने अन्नहरु (मकै, गहुँ, धान, जौं, कोदो, फापर, मकै आदि) को भण्डारण विकि वितरण र संरक्षण गर्ने तरिकाहरु चित्र, श्रव्यदृश्य सामग्री तथा भण्डारण र संरक्षण गरिएका स्थानमा अवलोकन गराएर जानकारी गराउने<br>• उत्पादित अन्नहरुको विक्री वितरण गर्ने तरिका, स्थान तथा यसबाट हुने आर्थिक फाइदाबारेमा जानकारी गराउने | • अन्नको भण्डारण गर्ने तरिका वताउन लगाएर<br>• अन्न विकि गर्ने समय वताउन लगाएर<br>• अन्न संरक्षण गर्ने तरिका वताउन लगाएर | ६ |
| | | | ४.२ घर तथा विद्यालयमा उत्पादन गरिने तरकारीको भण्डारण,वजारीकरण र संरक्षणमा सहभागी (आलु, गोलभेंडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, | • घर तथा विद्यालयमा उत्पादन गरिने तरकारी (आलु, गोलभेंडा ,काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि) को भण्डारण, बजारीकरण र संरक्षण गर्ने तरिकाको जानकारी गराउने र छलफल गराउने<br>• विद्यार्थीहरुलाई तरकारीका भण्डारण, बजारीकरण र संरक्षण गरेको स्थानमा भ्रमण गराउने र अवलोकन गर्न लगाई आवश्यक जानकारी हासिल गराउने<br>• यी कार्यमा विद्यालयमा विद्यार्थीहरुको सहभागिता गराउने | • तरकारीको भण्डारण गर्ने तरिका वताउन लगाएर<br>• तरकारीको संरक्षण गर्ने तरिका बताउन लगाएर<br>• तरकारीको उत्पादन, भण्डारण, विक्रीवितरण र संरक्षणमा सहभागी भए नभएको अभिभावकसँग प्रतिक्रया लिएर | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | व्यवसायहरुको पालनमा सहभागी हुन<br>• स्थानीयस्तरका बुनाइसम्बन्धी तथा फलाम सम्वन्धि व्यवसायहरुको उत्पादनमा सहयोग गर्न<br>• स्थानीय परम्परागत प्रविधिको कार्यप्रक्रिया र उपयोग बताउन तथा आवश्यकताअनुसार प्रविधिको प्रयोग गर्न | अडहर आदि) | सहभागी<br>□घरमा उत्पादित तरकारीहरुको भण्डारण, विक्रीवितरण तथा संरक्षणमा विद्यार्थी सहभागी भए नभएको अभिभावकसँग प्रतिक्रिया लिने | | |
| | | | ४.३ स्थानीय स्तरका पशुपंक्षी सम्वन्धि व्यवसायहरुको पालनमा सहभागि मौरी पालन, बाख्रा पालन, कुखुरा पालन, वंगुर पालन) | • मौरीपालन, बाख्रापालन, कुखुरापालन, वंगुरपालन गर्ने तरिका सम्बन्धमा सम्बन्धित पालन गरेका व्यक्तिलाई आमन्त्रण गरी तरिका बताउन लगाउने<br>• माथि उल्लिखित पालन गरिएको स्थानमा भ्रमण गरी पालन गर्ने र पालन गर्दा ध्यान दिनुपर्ने कुराहरुको जानकारी गराउन<br>• विद्यार्थीहरुलाई माथि उल्लिखित पालन मध्ये कुनै एउटा पालनमा सहभागी हुन प्रेरित गर्ने<br>• विद्यार्थीहरुले पालन गरेको व्यवसायको अवलोकन गर्ने र आवश्यक सुझाव दिने | • मौरीपालन, बाख्रापालन, कुखुरापालन, वंगुरपालन गर्ने तरिका बताउन लगाएर<br>• पालन गरेको अवलोकन गरेर | ८ |
| | | | ४.४ स्थानीय स्तरका बुनाई सम्वन्धि व्यवसायहरुको उत्पादनमा सहभागी सिलाइ कटाइ, ब्युटी पार्लर बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी आदि)<br>स्थानीय स्तरका फलामका सामग्री | • स्थानीय स्तरका बुनाई सम्वन्धि व्यवसायहरुको परिचय सिलाइ कटाइ, ब्युटी पार्लर बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी आदि) दिने । यसरी परिचय दिदा पालिकाभित्र गरिएका व्यवसायीहरुलाई नै विद्यालयमा आमन्त्रण गरी वा विद्यार्थीहरुलाई नै व्यवसाय गरेको स्थानमा भ्रमण गराइ उक्त व्यवसाय गर्ने तरिका, ध्यान दिनुपर्ने कुराहरु र फाइदा तथा प्रयोग सम्बन्धमा जानकारी दिन लगाउने<br>• उल्लिखित व्यवसायहरु मध्ये कुनै एक व्यवस्थामा विद्यार्थीलाई सहभागी बनाउने<br>• फलाम सम्वन्धि व्यवसायहरुको अवलोकन गराइ त्यहाँबाट उत्पादन हुने सामग्रीहरुको उपयोग र महत्व वताउन लगाउने | • स्थानीय स्तरका बुनाई सम्वन्धि व्यवसायहरुको परिचय (सिलाइ कटाइ, ब्युटी पार्लर बाँसका सामग्रीहरु, ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी आदि) दिन लगाएर<br>• यी व्यवसायको महत्व बताउन लगाएर<br>• यी व्यवसाय मध्ये कुनै एक व्यवसायमा विद्यार्थी सहभागी भए नभएको अवलोकन गरेर | ८ |
| | | | ४.५ स्थानीय परम्परागत प्रविधिको कार्य प्रकृया, उपयोग तथा प्रयोग (ढीकी, जाँतो, पानीघट्ट, पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) | • श्रव्यदृश्य सामग्री, चित्र वा प्रविधि भएको स्थानमा भ्रमण गराइ तिनको कार्य प्रक्रिया, उपयोग र प्रयोग गर्ने तरिकामा छलफल गराउने (ढीकी, जाँतो, पानीघट्ट , पानी मिल, कोल, आरन काठको हलो, जुवा नारा आदि) मा छलफल गर्ने<br>• यी प्रविधिको प्रयोगमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• यी प्रविधिले गरेका कार्य र कार्यलाई सरल बनाई सम्पन्न गर्न सकिने कुरा उल्लेख गर्ने<br>• यी प्रविधि प्रयोग गर्ने कारण बताउने | • स्थानीय प्रविधिको कार्य प्रकृया वताउन लगाएर<br>• स्थानीय प्रविधिको उपयोग वताउन लगाएर<br>• स्थानीय प्रविधिको प्रयोग वताउन लगाएर | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान व्यक्ति तथा संस्थाको परिचय र योगदान | • गाउपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाको योगदान बताउन र सम्मान गर्न<br>• गाउपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाको योगदान बताउन र सम्मान गर्न<br>• गाउपालिकाको स्वास्थ्य क्षेत्रमा कार्य गर्ने संस्थाको योगदान बताउन र सम्मान गर्न | ५.१ शिक्षा क्षेत्रमा काम गर्ने संस्थाको योगदान र सम्मान पूठान क्याम्पस, महेन्द्र नमुना मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बो) | • शिक्षा क्षेत्रमा विशेष योगदान पुर्‍याएका संस्थाहरुको जानकारी गराउने<br>• शिक्षा क्षेत्रको विकासमा विशेष योगदान पुरयाउने संस्था् (प्युठान क्याम्पस, महेन्द्र नमुना मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बो) का प्रमुखलाई विद्यालयमा आमन्त्रण गरी उक्त संस्थाल गर्दै आएका कार्यहरुको बारेमा जानकारी गराउन लगाउने<br>• शिक्षक तथा विद्यार्थीहरुलाई उक्त संस्थाले गरको योगदानको लागि सम्मान गर्ने गर्न लगाउने<br>• विद्यार्थीहरुलाई उक्त संस्थाले योगदान पुरयाएका कार्यहरुको विवरणको टिपोट तयार गर्न लगाइ प्रस्तुत गर्न लगाउने | • शिक्षा क्षेत्रका प्रमुख संस्थाहरुको नाम वताउन लगाएर<br>• शैक्षिक संस्थाले गरेका योगदान वताउन लगाएर<br>• शैक्षिक संस्था र उक्त संस्थामा कार्य गर्ने व्यक्तिलाई सम्मान गरेको अवलोकन गरेर | ४ |
| | | | • ५.२ गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा काम गर्ने सस्थाको योगदान र सम्मान (( मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, , अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च, वन महासघं र एफ.एम.रेडियोहरु,सहकारी संस्थाहरु) | • पालिका भित्रका सामाजिक क्षेत्रमा योगदान पुराउने सस्थाहरुका नाम वताउन लगाउने<br>• गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा काम गर्ने संस्थाहरु ( मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, , अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च, वन महासघं र एफ.एम.रेडियोहरु सहकारी संस्थाहरु) को परिचय दिने । यसरी परिचय दिदा सम्बन्धित संस्थाको व्यक्तिलाई आमन्त्रण गरी उक्त संस्थाले गर्दै आएका कार्यहरु र योगदान बताउन लगाउने<br>• ती सामाजिक  संस्थाहरुलाई सम्मान गर्ने र गर्न लगाउने | • सामाजिक संस्थाका वारेमा बताउन लगाएर<br>• प्रमुख सामाजिक संस्थाका नाम बताउन लगाएर<br>• शसामाजिक  संस्थाले प्रदान गर्ने सेवा वताउन लगाएर | ४ |
| | | | ५.३ गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा काम गर्ने सस्थाको योगदान र सम्मान प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) | • मल्लरानी गाउँपालिकाका प्रमुख स्वास्थ्य संस्था (प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) को चार्ट वा पोष्टर जस्ता सामग्री वा भिडियो जस्ता सामग्रीको प्रयोग गरी उक्त संस्थाले पुरयाउँदै आएका सेवाहरुको जानकारी दिने ।<br>• विद्यार्थीहरुलाई उक्त संस्थामा भ्रमण गराई संस्थाले गर्दै आएका कार्यहरु, सेवाहरुको जानकारी गराउन लगाउने र विद्यार्थीहरुलाई टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | • स्वास्थ्य संस्थाले गर्ने काम वताउन लगाएर<br>• स्वास्थ्य संस्थाले गरेको योगदान वताउन लगाएर | २ |
| | | | | ☐ती स्वास्थ्य संस्थाले गरेका योगदानहरुको लागि सम्मान गर्ने र गर्न लगाउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय | □प्राकृतिक विपदबाट् बच्न विद्यार्थी, परिवार, विद्यालय र समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ) मानवीय विपद्बाट बच्ने उपायहरु पहिचान गर्न र अवलम्बन गर्न ( सडक दुर्घटनालगायत) | ६.१ आगलागि | • मानव निर्मित विपत्ति आगलागिबाट बच्न र वचाउन विद्यार्थी, परिवार, विद्यालय र समुदायको भूमिका बताउने<br>• आगलागीबाट बच्न अवलम्वन गर्नुपर्ने उपायहरु वताउने<br>• विद्यालय र बाटोमा आगलागी हुनबाट सुरक्षित हुने  उपाय विद्यार्थीको भूमिका वताउने | • आगलागिबाट बच्न विद्यार्थी, परिवार, विद्यालयमा र समुदायको भुमिका सोधेर<br>• घर,विद्यालय र बाटोमा आगलागिबाट सुरक्षित हुने  उपाय सोधेर | २ |
| | | | ६.२ सडक दुर्घटना | • मानव निर्मित विपत्ति सडक दुर्घटनाबाट बच्न र वचाउन विद्यार्थी, परिवार, विद्यालय र समुदायको भूमिका बताउने<br>• दुर्घटनाबाट  बच्न अवलम्वन गर्नुपर्ने उपाय वताउने<br>• सडकमा हिडदा पालना  गर्नुपर्ने  नियमको सडक नियमको वारेमा जानकारी गराउने र पालना गर्न लगाउने | • सडक दुर्घटनाबाट बच्न विद्यार्थी, परिवार, विद्यालयमा र समुदायको भुमिका सोधेर<br>• घर, विद्यालय वा अन्यत्र हिँडदा बाटोमा सडक दुर्घटनाबाट सुरक्षित हुने उपाय सोधेर<br>• सडकमा हिडदा पालना गर्नुपर्ने् नियमहरु सोधेर | २ |
| | | | ६.३ वाढी पहिरो | • प्राकृतिक विपत्ति वाढीपहिरोबाट बच्न र वचाउन विद्यार्थी, परिवार, विद्यालय र समुदायको भूमिका बताउने<br>• वाढीपहिरोबाट बच्न अवलम्वन गर्नुपर्ने उपाय वताउने<br>• यसको लागि बाढी पहिरोबाट बच्ने उपायसम्बन्धी तयार गरिएको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र छलफल गराउने<br>• घर तथा विद्यालयमा वाढीपहि हुन सक्ने पहिरो जानबाट सुरक्षित हुने उपायमा छलफल गर्ने र पहिरो रोकथाम गर्ने उपायहरुको प्रयोग गर्न लगाउने | • वाढीपहिरोबाट बच्न विद्यार्थी, परिवार, विद्यालयमा र समुदायको भुमिका सोधेर<br>• घर, विद्यालय र बाटोमा जान सक्ने पहिरोबाट बच्ने उपायहरुको प्रयोग गरेको अवलोकन गरेर | २ |
| | | | ६.४ भुकम्प | • प्राकृतिक विपत्ति भुकम्पबाट बच्न र वचाउन विद्यार्थी, परिवार, विद्यालय र समुदायको भूमिका बताउने<br>• भुकम्पबाट बच्न अवलम्वन गर्नुपर्ने उपाय वताउने<br>• विद्यालय र घरमा भुकम्प आउदा बाँच्न र बचाउन विद्यार्थीको भूमिका वताउने<br>• भुकम्प सम्बन्धी भिडियो देखाउने भुकम्प पूर्व र भुकम्प जादा घरमा र विद्यालयमा  बच्ने उपाय वताउने र यसको लागि सिमुलेसन गराउने | • भुकम्पबाट बच्न विद्यार्थी, परिवार, विद्यालय र समुदायको भुमिका सोधेर<br>• घर र विद्यालयमा भुकम्पबाट सुरक्षित हुने  उपाय सोधेर | २ |
| | | | | □झटपट झोलाको जानकारी गराउने र यसको उपयोग गर्ने तरिका सिकाउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ६.५ हुरीवतास र चटयाङ् | • प्राकृतिक विपत्ति हुरीवतास र चटयाङबाट बच्न र् वचाउन विद्यार्थी, परिवार, विद्यालय र समुदायको भूमिका बताउने<br>• हुरीवतास र चट्याङबाट बच्न अवलम्वन गर्नुपर्ने उपाय वताउने<br>• यसरी उपायहरु बताउने क्रममा यस सम्बन्धीश्रव्यदृश्य सामग्री देखाउने र छलफल गराउने<br>• घर,विद्यालय र बाटोमा हुरीवतास र चटयाङबाट सुरक्षित् हुने उपाय विद्यार्थीको भूमिका वताउने | • हुरीवतास र चट्याङबाट बच्न् विद्यार्थी, परिवार, विद्यालयमा र समुदायको भुमिका सोधेर<br>• घर, विद्यालय र बाटोमा हुरीवतास र चटयाङ्बाट सुरक्षित हुने उपाय् बताउन लगाएर | २ |

सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य

यहाँ उल्लेख गरिएका परियोजना तथा प्रयोगात्मक कार्यहरु नमुना हुन् । यी बाहेक अन्य परियोजना तथा प्रयोगात्मक कार्यहरु शिक्षकले गराउनुपर्ने हुन्छ । परियोजना तथा प्रयोगात्मक कार्य गराउँदा जुन विषयवस्तुसँग सम्बन्धित परियोजना तथा प्रयोगात्मक कार्य हो त्यसलाई नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्ने हुन्छ ।

कक्षा ४

१. आफ्नो वडा कार्यालयमा जानुहोस् । वडाका पदाधिकारीहरुसँग छलफल गरी वडाबाट प्राप्त हुने समग्र सेवाहरु तथा वडाले बालबालिकाको लागि वडाबाट प्रदान गर्ने सेवाहरुको विवरणहरु टिपोट गर्नुहोस् । यी सबै प्रकारका सेवाहरुको चार्ट तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस ।

२. आफ्नो गाउँपालिकाको नक्सा कोर्नुहोस् र गाउपालिकाका मुख्य मुख्य स्थानहरुलाई नक्सामा संकेतद्धारा देखाउनुहोस् ।

३. सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो गाउँपालिका भित्रका वनहरुमा पाइने वन्यजन्तु तथा चराहरुको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराहरुको महत्व तथा संरक्षण गर्ने तरिकासमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

४. घर वरपरको खाली जमीन, करेसाबारीमा उपयोगी बोटबिरुवाको वृक्षरोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब १ महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गरी प्राप्त तथ्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. घर तथा विद्यालयबाट निस्कने फोहोरहरुको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरु अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा बाथरुमबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरुलाई (आफू, आफ्नो परिवार, विद्यालय) प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? संक्षेपमा प्रतिवेदन बनाउनुहोस र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. आफूले जानेको स्थानीय लोक गीत गाउनुहोस् । आफूलाई मन पर्ने कुनै एउटा भाकाको गीतको रचना गर्नुहोस् र कक्षामा सुनाउनुहोस ।

७. स्थानीय लोकबाजाहरु मध्ये कुनै एक लोकबाजा बजाउनुहोस् ।

८. आफूलाई मन पर्ने लोकगीतमा हाउभाउसहित नृत्य प्रदर्शन गर्नुहोस् ।

९. मल्लरानीका ऐतिहाँसिक धार्मिक तथा पर्यटकीय सम्पदा तथा मन्दिरहरु (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी मन्दिर, सिद्धाथान मल्लरानी झाँकिस्थान, पालुका थान, भूमे, शिवालय, गणेशस्थान, भगवती) मध्ये आफूले भ्रमण गरेको कुनै एक सम्पदाको परिचय, अवस्था, महत्व, संरक्षण सम्बन्धी र सिकाइ भएको पक्षलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. आफनो घरमा उत्पादन हुने तरकारी, अन्नबाली वा अन्य व्यवसायहरुको विवरणको चार्ट तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

११. आफ्नो घर वा छिमेकमा भएमा स्थानीय प्रविधिहरु मध्ये कुनै एक प्रविधिको परिचय, कार्यप्रक्रिया, उपयोग गर्ने तरिकालाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२. आफ्ना वरपर वा पालिकामा भएका प्राकृतिक विपद वा मानवीय विपद्हरुमध्ये कुनै एउटाको परिचय, विपद् हुँदा भएको क्षति र विपदबाट् बच्नको लागि गरिने उपायहरुलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
कक्षा ५  परियोजना तथा प्रयोगात्मक कार्य

१. आफ्नो गाउपालिकामा जानुहोस् । पालिकाका पदाधिकारीहरुसँग छलफल गरी पालिकाबाट प्राप्त हुने समग्र सेवाहरु तथा पालिकाले बालबालिकाको लागि पालिकाबाट प्राप्त गर्ने सेवाहरुको विवरणहरु टिपोट गर्नुहोस् । यी सबै प्रकारका सेवाहरुको चार्ट तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. आफ्नो जिल्ला तथा प्रदेशको नक्सा कोर्नुहोस  र उक्त नक्सामा प्रदेश, जिल्ला तथा गाँउपालिकाका मुख्य मुख्य स्थानहरुलाईसंकेतद्धारा देखाउनुहोस् ।

३. घर वरपरको खाली जमीन, करेशाबारीमा उपयोगी औषधीजन्य वनस्पतिहरु (घिउकुमारी, अमला, तुलसी, असुरो...) को वृक्षरोपण गर्नुहोस् । ती वनस्पतिहरु हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु (पानी, मल आदि) प्रदान गर्नुहोस ् । करिब ३ महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गर्नुहोस ् । ती औषधीजन्य वनस्पतिहरु के के कामको लागि प्रयोग गरिए ? प्राप्त तथ्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस ् र कक्षामा प्रस्तुत गर्नुहोस ् ।

४. घर तथा विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरु : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. घर तथा विद्यालयमा प्रयोग भएका ऊर्जाका स्रोतहरुको पहिचान गरी के के कार्यमा प्रयोग गरिएको छ ? ऊर्जाको मितव्ययी तरिकाले प्रयोग गर्न अपनाइएका पक्षहरुलाई समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. आफूले जानेका स्थानीय लोक गीत गाउनुहोस ् । आफूलाई मन पर्ने कुनै एउटा भाकाको गीतको रचना गर्नुहोस र कक्षामा सुनाउनुहोस् ।

७. स्थानीय लोकबाजाहरु मध्ये कुनै एक लोकबाजा बजाउनुहोस ।
८. आफूलाई मन पर्ने लोकगीतमा हाउभाउसहित नृत्य प्रदर्शन गर्नुहोस् ।

९. मल्लरानीका ऐतिहाँसिक धार्मिक तथा पर्यटकीय सम्पदा तथा मन्दिरहरु (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउते कोट, चौरपानी सिद्धाथान मल्लरानी झँक्रिस्थान, पालुका थान, भूमे, शिवालय, गणेशस्थान, भगवती) मध्ये आफूले

भ्रमण गरेको कुनै एक सम्पदाको परिचय, अवस्था, महत्व, संरक्षण सम्बन्धी  र सिकाइ भएको पक्षलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. आफनो घर/विद्यालयमा उत्पादन हुने तरकारी, अन्नबाली वा अन्य व्यवसायहरुमा सहभागी हुनुहोस् । उत्पादित वस्तुको भण्डारण, संरक्षण तथा बजारीकरण गर्दा के के कार्यहरु गरियो ? प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

११. आफ्नो घर वा छिमेकमा भएका स्थानीय प्रविधिहरु मध्ये कुनै एक प्रविधिको परिचय, कार्यप्रक्रिया, उपयोग गर्ने तरिकालाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२. आफना वरपर वा पालिकामा भएका प्राकृतिक विपद वा मानवीय विपद्हरुमध्ये कुनै एउटाको परिचय, विपद् हुँदा भएको क्षति र विपदबाट  बच्नको लागि गरिने उपायहरुलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस ।

५. सिकाइ सहजीकरण विधि र प्रक्रिया

(क) कक्षा १-३ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया आधारभूत तहअन्तर्गत कक्षा १-३ को पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचामा विकास भएको छ । यस अन्तर्गत चारओटा विषयहरु पाठ्यक्रम विकास केन्द्रले विकास गरेको छ भने एउटा विषय (स्थानीय विषय वा मातृभाषा) को पाठ्यक्रम विकास गर्ने जिम्मा स्थानीय सरकारलाई छ । तसर्थ बहुविषयक ढाँचामा आधारित भई स्थानीय विषयको पाठ्यक्रम विकास गरिएकोले शिक्षण सिकाइ सहजीकरण गर्दा समेत अन्य विषयसँग मिल्दाजुल्दा विषयवस्तु र सिकाइ उपलब्धिलाई सँगसँगै सहजीकरण गर्ने र नमिल्दा विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको आधारमा सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । निश्चित विषयक्षेत्रमा आधारित बहुविषयगत एकीकरणले सिकाइलाई अन्तरसम्बन्धित र बढी सान्दर्भिक बनाउन सहयोग पुऱ्याउँछ ।

एकीकृत ढाँचामा सिकाइ सहजीकरण गर्दा सिकाइको योजना निर्माणका लागि विषयगत सक्षमताहरू र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ । बहुविषयक विषयक्षेत्रमा आधारित भई हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी र स्थानीय विषयक्षेत्रमा सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित विषयक्षेत्रको वरिपरि आआफ्नो विषयक्षेत्रगत अवधारणा तथा सिपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ । यसको लागि छनोट गरिएका विधि, प्रक्रिया तथा क्रियाकलापहरूले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ ।सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकता अनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा  समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सिपहरू; स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता वैयक्तिक सिपहरू; सञ्चार, सहकार्य, सहानुभूति जस्ता अन्तरवैयक्तिक सिपहरू; विभिन्न किसिमका बहुसाक्षरता सिपहरू र नागरिक दायित्व सम्बन्धी विभिन्न किसिमका नागरिक सिप प्राप्तिलाई सहयोग गर्नुपर्छ ।विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गरी सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ ।

विद्यार्थीको सिकाइको मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नु पर्दछ । न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता हासिल गर्न क्रमशः माथिल्लो स्तरको सिकाइ गर्न सक्ने बनाउन सहयोग गर्नुपर्छ ।यथाशक्य कक्षा शिक्षणको प्रबन्ध गर्नु पर्दछ । एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि समूहमा छलफल गरी बहुविषयक शिक्षण योजना तयार गर्ने र सोही बमोजिम सिकाइ सहजीकरण गर्ने प्रबन्ध मिलाउनुपर्छ । कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ

क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ । यसका लागि कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुनसक्ने प्रबन्ध गर्नुपर्छ । स्थानीय विषयको सिकाइ गर्दा सामान्यतया निम्न विधि र तरिकाहरु प्रयोग गर्न सकिन्छ :

(अ) कथाकथन एवम् गीत (आ) अभिनय तथा भूमिका निर्वाह (इ) छलफल र प्रश्नोत्तर (ई) खोज तथा समस्या समाधान विधि (उ) खेल विधि (ऊ) प्रयोगात्मक विधि (ऋ) स्थलगत भ्रमण (ए) प्रदर्शन विधि

(ख) कक्षा ४-५ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरुमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु बिच सक्रिय अन्तर्क्रिया गर्न विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकता अनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न अवसर प्रदान गर्नु पर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूप लगायत उपलब्ध हुन सक्ने स्रोत साधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा ४-५ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तुहरु प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनक्रमलाई बालबालिकाहरूको व्यवहार कुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने हुन्छ । स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरु स्थानीय ज्ञान, सिपको विकास गरी आवश्यकता अनुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिक भन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस विषयको सिकाइ सहजीकरण गर्दा निम्न विधि र तरिकाहरु प्रयोग गर्न सकिन्छ : शिक्षण विधिहरु

(अ) प्रयोगात्मक विधि (आ) अवलोकन विधि (इ) छलफल विधि (ई) समस्या समाधान विधि (उ) प्रदर्शन विधि

(ऊ) क्षेत्रभ्रमण विधि (ऋ) प्रश्नोत्तर विधि (ए) घटना अध्ययन विधि शिक्षण

तरिका तथा रणनीतिहरु

(अ) मस्तिष्क मन्थन (आ) ग्यालरी हिडाइ (इ) सोच्ने जोडी बनाउने अनुभव आदानप्रदान गर्ने (ई) केडब्लुएल चार्ट (उ) टी र एम चार्ट (ऊ) ग्राफिटी (ऋ) जिग्स (ए) घटना परस्पर शिक्षण

६.विद्यार्थी मूल्याङ्कन

(क) कक्षा १-३ मा विद्यार्थी मूल्यांकन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमितरुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठयक्रमले जोड दिएको छ । य् स प्रकारको मूल्यांकनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्यांकनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात ् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङकनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ् गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो ् मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्यांकन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङकनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने ् सुनिश्चितता गरी माथिल्ला सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप ै सिकाइका लागि अवसर सृजना हुने छ । (अ) मूल्याङ्कन विधि र प्रक्रिया कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (एयचतायष्यि) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कायको सही तरिकाले मूल्यांकन गर्ने साधन९त्ययकि या ब्ातजभलतष्अ तबकप०समावेश गर्नु उपयुक्त हुने छ । (आ) मूल्याङ्कनका तरिका र साधन  परीक्षण गरिने सिकाइ उपलब्धि तथा

विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङकनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङकनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्यांकन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्यांकनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

(इ)विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर ९द्यभयिध दबकष्अ० | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य९द्यबकष्अ० | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो ९एचयाष्अष्भलत० | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च ९ब्मखबलअभम० | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि पनि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।
यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयल विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफनो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ् गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

(ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छ :

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ  योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
- अभिभावकले विद्यार्थीको कार्य, सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न □विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सम्वन्ध सुधार गरी सिकाइ वातावरण निर्माण गर्न

विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कनका साधनहरु आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले ध्यान दिनु पर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गनपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिका सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखीकरण गनुपर्छ ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय खोजी गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| उपलब्धि प्रतिशत | अक्षरमास्तर उपलब्धि | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ३० भन्दा कम | [illegible] | ज्यादै कमजोर |
| ३० र सो भन्दा माथि ४५ भन्दा कम | [illegible] | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | ऋ | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | द्य | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | [illegible] | उच्च |
| ९० र सो भन्दा माथि | [illegible] | उत्कृष्ट |

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्क का आधारमा विद्यार्थीको विषयक्षेत्रगतसमग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \square १००$$

अनुसूची १स्थानीय विषयको थिमगत उपलब्धि विवरण मूल्याङ्कन अभिलेखीकरण फाराम

विद्यार्थी मूल्याङ्कन मापनका आधार : निम्नलिखित आधारमा विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी कक्षा तथा क्षेत्र र थिमअनुसार उल्लेखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपपब्धिस्तरको अङ्क (१, २, ३ वा ४) चढाउनुहोस् । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अंकन महलमा चढाउनुहोस् । फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुहोस् । यो अभिलेख फारमा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (एयचतायष्यि) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गनुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले परा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ । थिमगतरुपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा मूल्याङ्कनका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्धारा मूल्यांकन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्यांकन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । यसको लागि प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिस्तरको सही मापन गर्न रुब्रिक्स बनाउन सकिन्छ ।

कक्षा : १विषय : स्थानीय    विद्यार्थीको नाम :    रोलनम्बर :

१.मल्लरानीको परिचय

| सिकाइ उपलब्धि | मूल्यांकनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङकन | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. आफू बसोबास गर्ने वडाको परिचय दिन (नाम, वडा नं, वडाभित्रका टोल) | प्रश्नोत्तर | | | | |
| २. गाउपालिकाको नाम बताउन | प्रश्नोत्तर, लिखित | | | | |
| ३. आफुले पढने विद्यालयको ठेगाना बताउन् | प्रश्नोत्तर, लिखित | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. वडा भित्रका विद्यालयहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ५. विद्यालय तथा आफू बसोबास गर्ने वडाको भौगोलिक स्वरुप चिन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

२. हाम्रो वातावरण

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न | अवलोकन | | | | |
| ६. फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्न | अवलोकन | | | | |
| ७. स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम बताउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ८. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ९. फोहोरमैलाको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

३. हाम्रा सम्पदाहरु

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. स्थानीय गीतहरुको नाम र सामान्य गीत गाउने अभ्यास गर्न | अवलोकन | | | | |
| २. स्थानीय स्तरका प्रचलित नाचका नाम र सामान्य नाँच्ने अभ्यास गर्न | अवलोकन | | | | |
| ३. स्थानीय स्तरमा बजाईने बाजाहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफ्नो घर तथा समुदायमा बनेका सामानको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ६. पालिकामा रहेका मन्दिरहरुको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

४. स्थानीय पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहरु पहिचान गर्न (मकै, गहुँ, धान, जौं, कोदो, फापर) | अवलोकन र प्रश्नोत्तर | | | | |
| २. घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरु पहिचान गर्न (आलु, गोलभेडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि) | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

५. व्यक्ति तथा संस्थाको परिचय र योगदान

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| २. गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ३. गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

६. विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. स्थानीय स्तरमा हुने विपदहरुको पहिचान गर्न (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ) | अवलोकन, प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

कक्षा : २ विषय : स्थानीय विद्यार्थीको नाम : रोलनम्बर :

१.मल्लरानीको परिचय

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. टोल, विद्यालय, समुदाय रहेको ठाउँको भौगोलिक स्वरुप पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| २. गाउपालिकाका वडाहरुको नाम र ठेगाना बताउन | प्रश्नोत्तर | | | | |
| ३. आफनो वडाको नक्सामा विद्यालयको अवस्थिति पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. वडाका पदाधिकारीहरुको नाम बताउन | लिखित प्रश्न तथा प्रश्नोत्तर | | | | |
| ५. गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

२. हाम्रो वातावरण

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. वडा भित्रका वनमा पाईने वन्यजन्तु र चराहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण गर्न | प्रश्नोत्तर | | | | |
| ३. बगैंचाको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ४. घर र विद्यालयमा वृक्षरोपणमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. बोटबिरुवाको संरक्षणमा सहयोग गन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. वडामा भएका पानीका स्रोतहरुको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ७. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ८. वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ९. फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) बताउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

३. हाम्रा सम्पदा

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. आफूलाई मन पर्ने गीत गाउने अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफूलाई मन पर्ने नाँच नाँच्ने अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय स्तरमा बजाईने बाजा बजाउने सामान्य अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो र आफ्नो समुदायमा रहेका जात जातीको थर बताउन | प्रश्नोत्तर | | | | |
| ५. आफ्नो घर तथा समुदायमा बनेका सामानको प्रयोग बताउन र प्रयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. पालिकामा रहेका मन्दिरहरुको परिचय दिन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

४. स्थानीय पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहरुको परिचय दिन मकै, गहुँ, धान, जौं, कोदो, फापर) | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरु पहिचान गर्न (आलु, गोलभेडा, काउली, बन्दागोभी, सिमी, मास, भटमास, अडहर आदि | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय स्तरका जनावरसम्बन्धी व्यवसायहरु पहिचान गर्न मौरी पालन, बाखा पालन, कुखुरा पालन, वंगुर पालन) | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. स्थानीयस्तरका बुनाइसम्बन्धी व्यवसायहरुको पहिचान गर्न सिलाइ कटाइ, ब्युटी पार्लर, बाँसका सामग्रीहरु, ढाकाटोपी, | प्रश्नोत्तर र अवलोकन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अल्लोबाट सामग्री उत्पादन,काठका ठेकी आदि) | | | | | |
| | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |

५. व्यक्ति तथा संस्थाको परिचय र योगदान

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

६. विपद् व्यवस्थापन र सुरक्षित विद्यालय

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. स्थानीय स्तरमा हुने प्राकृतिक विपदहरुको परिचय दिन् आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ) | अवलोकन र प्रश्नोत्तर | | | | |
| २. स्थानीय स्तरमा हुने मानवीय विपदहरुको पहिचान गर्न (सडक दुर्घटना) | अवलोकन र प्रश्नोत्तर | | | | |
| | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |

मूल्याङ्कन अभिलेखीकरण
फाराम

कक्षा : ३ विषय : स्थानीय विद्यार्थीको नाम : रोलनम्बर :

१.मल्लरानीको परिचय

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. आफू बसोबास गर्ने वडाको प्राकृतिक स्वरुप पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफनो वडाको सामान्य आकृति कोर्न र महत्वपूर्ण स्थलहरू देखाउन | अवलोकन | | | | |
| ३. वडा अध्यक्षको काम कर्तब्य र अधिकार बताउन | प्रश्नोत्तर | | | | |
| ४. वडा समितिका काम् हरु बताउन | प्रश्नोत्तर | | | | |
| ५. गाउँ कार्यपालिकाको गठन प्रक्रिया बताउन | प्रश्नोत्तर | | | | |
| ६. गाउँपालिकाका पदाधिकारीहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

२. हाम्रो वातावरण

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. गाउपालिकाका वनमा पाइने वन्यजन्तु र चराहरु पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. स्थानीय बोटबिरुवाहरूको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ३. स्थानीय बोटविरुवाको महत्व तथा उपयोग बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन | प्रश्नोत्तर | | | | |
| ५. घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. फोहोरमैला व्यवस्थापनको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ८. विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९. घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन | अवलोकन | | | | |
| १०. वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

३. हाम्रा सम्पदाहरु

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. आफूलाई मन पर्ने गीतलाई लयमा गाउन | अवलोकन | | | | |
| २. गीत र तालमा लय, भाव र तालअनुसार नाँच्ने अभ्यास गर्न | अवलोकन | | | | |
| ३. स्थानीय वाजा बजाउने अभ्यास गर्न | अवलोकन | | | | |
| ४. जातजातिका विशेषता बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफूले सिकेका गीतहरूमा लय, ताल, भाव र चाल मिलाई एकल र सामूहिक नृत्य गर्न | अवलोकन | | | | |
| ६. घर वा समुदायमा निर्मित सामानका विशेषता बताउन | प्रश्नोत्तर | | | | |
| ७. आफनो वडाको सामाजिक रहनसहन बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. आफ्नो पालिकामा रहेका ऐतिहासिक,धार्मिक तथा प्रयटकीय सम्पदाको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९. पालिकामा रहेका मन्दिरहरु(भुमे, शिवालय, गणेशथान, भगवती) को महत्व बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

४. स्थानीय पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. घर तथा स्थानीय स्तरमा खेती गरिने अन्नहरुको प्रयोग र महत्व बताउन | प्रश्नोत्तर | | | | |
| २. घर तथा स्थानीय स्तरमा उत्पादन गरिने तरकारीहरुको प्रयोग र महत्व बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय स्तरका जनावरसम्बन्धी व्यवसायहरुको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. स्थानीयस्तरका बुनाइसम्बन्धी व्यवसायहरुको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ५. स्थानीय परम्परागत प्रविधिको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

५. व्यक्ति तथा संस्थाको परिचय र योगदान

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. गाउपालिकामा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने व्यक्तिहरुको योगदान बताउन र सम्मान गर्न (जंगवीर राना, मुख्यनाथ तिवारी, जयगोपाल श्रेष्ठ, लक्ष्मीनारायण उपाध्याय) | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. गाउपालिकामा स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने व्यक्तिहरुको योगदान बताउन र सम्मान गर्न (कृष्ण श्रेष्ठ के.पी. मेडिकल- स्वास्थ्य) | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. गाउपालिकाको विकास क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने व्यक्तिहरुको योगदान बताउन र सम्मान गर्न (वीर बहादुर राहुं, निम नारायण नकर्मी, केशर बहादुर अधिकारी) | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

६. विपद् व्यवस्थापन र सुरक्षित विद्यालय

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङकन् | | थप सहायतापछिको मूल्याङकन् | |
|---|---|---|---|---|---|
| | | मिति | अङकन् | मिति | अङकन् |
| १. प्राकृतिक विपदको कारण र असर बताउन् (आगलागी, बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ) | अवलोकन र प्रश्नोत्तर | | | | |
| २. मानवीय विपदको परिचय दिन् (सडक दुर्घटना लगायत) | अवलोकन र प्रश्नोत्तर | | | | |

| | | | | |
|---|---|---|---|---|
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | |
| | उपलब्धि प्रतिशत | | | |
| | उपलब्धि प्रतिशत | | | |

(ख) विद्यार्थी मूल्यांकन (कक्षा ४-५)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा कक्षा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्यांकन गर्नको लागि निर्माणात्मक मूल्यांकनको रुपमा आन्तरिक र निर्णयात्मक मूल्यांकनको लागि अन्तिम मूल्यांकनलाई लिइएको छ । यसको लागि कक्षा ४ र ५ को प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश गरिएको छ । आन्तरिक मूल्यांकनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रुपमा समायोजन गरिनेछ । विद्यार्थीको समग्र मूल्यांकन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुवै मूल्यांकनको नतिजालाई समावेश गरिनेछ । आन्तरिक मूल्यांकन र अन्तिम मूल्यांकन निम्नानुसार गर्नुपर्ने छ ।

(अ) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (एयचतायष्यि० व्यवस्थित गरी राख्नु पर्छ ।यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ स

| सि. नं. | मूल्याङकनका पक्ष् | अंक भार | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिताअन्तर्गत हाजिरी, कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यलगायतका अन्य पक्षहरु रहनेछन् । |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ | कक्षागत रुपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरु<br>समावेश गरी मूल्यांकन गर्नुपर्ने छ । |
| ४ | त्रैमासिक परीक्षाहरू | १० | पहिलो त्रैमासिकको लागि ५ अंकभार र अर्धवार्षिक परीक्षाको लागि ५ अंकभार रहनेछ । यसको लागि प्रत्येक परीक्षाको लागि ५० पूर्णांकको परीक्षा लिई प्राप्तांकलाई ५ मा परिणत गर्न सकिने छ । |
| जम्मा | | ५० | |

(आ) अन्तिम परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठयक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहाँ कक्षा ५ को विशिष्टीकरण तालिका बनाइएको छ ।यसलाई आधार मानी स्थानीय विषय अध्यापन गर्ने शिक्षकले कक्षा ४ को विशिष्टीकरण तालिका बनाई प्रयोग गर्न सकिने छ ।

विशिष्टीकरण तालिका

कक्षा ५ विषय : स्थानीय पूर्णांक : ५०

| एकाइ | क्षेत्र/एकाइ | पाठ्य घण्टा | अंक भार | प्रश्न योजना तथा अङकभार वितरण् ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङकभार् | | | जम्मा अङक् |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | मल्लरानीको परिचय | १५ | ६ | १ | | | १ | | | | | १ | | | | २ | | १ | २ | | ४ | ६ |
| २ | हाम्रो वातावरण | ३० | १२ | १ | | | | १ | | १ | १ | | | १ | १ | २ | ३ | १ | २ | ६ | ४ | १२ |
| ३ | हाम्रा सम्पदाहरु | ३० | ११ | १ | | | | १ | १ | | १ | | | १ | | १ | ३ | १ | १ | ६ | ४ | ११ |
| ४ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | ३३ | १३ | १ | १ | | | १ | | | १ | १ | | १ | | १ | ४ | १ | १ | ८ | ४ | १३ |
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | १० | ४ | १ | १ | | १ | | | | | | | | | २ | १ | | २ | २ | | ४ |
| ६ | विपद् व्यवस्थापन र सुरक्षित विद्यालय | १० | ४ | १ | | | १ | १ | | | | | | | | २ | १ | | २ | २ | | ४ |
| जम्मा | | १२८ | ५० | ६ | २ | | ३ | ४ | १ | १ | ३ | २ | | ३ | १ | १० | १२ | ४ | १० | २४ | १६ | ५० |

प्रश्न योजना

| क्र.सं. | प्रश्नका किसिम | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | जम्मा अंकभार |
|---|---|---|---|---|
| १ | अति छोटो प्रश्न | १० | १ | १० |
| २ | छोटो प्रश्न | १२ | २ | २४ |
| ३ | लामो प्रश्न | ४ | ४ | १६ |

प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहरुर सबै एकाईको पाठ्यघण्टालाईध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ ।